"समृद्ध कालिका, सुखी कालिकाबासी"

# कालिका नगरपालिका

## मध्यमकालीन खर्च संरचना (आ.व. २०८१/०८२-२०८३/८४)

## Medium-Term Expenditure Framework, FY 2024/25-2026/27


कालिका नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

रेडक्रसग्राम, चितवन,वागमती प्रदेश नेपाल



२०८१


“समृद्ध कालिका, सुखी कालिकाबासी”

# कालिका नगरपालिका

## मध्यमकालीन खर्च संरचना (आ.व. २०८१/०८२-२०८३/८४)

## Medium-Term Expenditure Framework, FY 2024/25-2026/27






मध्यमकालीन खर्च संरचना आ.व. २०८१/०८२-२०८३/०८४
प्रकाशकः कालिका नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, रेडक्रससग्राम चितवन
सर्वाधिकारः प्रकाशकमा
प्रकाशन मितिः २०८१
सम्पर्कका लागिः कालिका नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, रेडक्रससग्राम चितवन
फोनः ०५६-४१३१२७, ४१३१३४, ४१३१३५, ४१३१३६
Email: kalikanagarpalika@gmail.com
Facebook: facebook.com/kalika.municipality.1
Twitter: twitte.com/KanapaChitwan
Website: www.kalikamun.gov.np

कालिका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रेडक्रससग्राम, चितवन
बागमती प्रदेश, नेपाल

मन्तब्य

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६, अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ लगायत अन्य सङ्घीय ऐनहरुले संघ, प्रदेश र स्थानीय तहहरूले अनिवार्यरुपमा मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नुपर्ने व्यवस्था गरेसँगै कालिका नगरपालिकाले आफ्नै पहलमा यो त्रिवर्षीय मध्यमकालीन खर्च संरचना तर्जुमा गरेको छ।

जनचाहना र विद्यमान समस्याहरूलाई व्यवस्थित रुपमा संबोधन गर्न तर्जुमा गरिने आवधिक योजनालाई बार्षिक योजनासँग जोडी सर्वागीण विकासको दीर्घकालीन सोचतर्फ उन्मुख गराउने भएकाले मध्यमकालीन खर्च संरचनाको तर्जुमा गर्नु कानुनी दायित्व मात्र नभई नगरपालिका स्वयमका लागि पनि विशेष महत्व र आवश्यकताको विषयका रुपमा रहेको छ। यस नगरपालिकाले आवधिक योजना तर्जुमा गरी कार्यान्वयनमा ल्याएको हुँदा उक्त योजना नगरपालिकाका नीतिहरू, विषयगत गुरुयोजनाहरू, प्रदेश तथा संघ सरकारका सम्बन्धित नीति तथा योजनाहरूलाई मध्यनजर गरी यो मध्यमकालीन खर्च संरचना तर्जुमा गरिएको छ। यसका लागि सम्बन्धित विज्ञहरू धन्यवादका पात्र हुनुहुन्छ।

मध्यमकालीन खर्च संरचना सार्वजनिक वित्त व्यवस्थापनलाई प्रभावकारी बनाउन सफल सिद्ध भएको एउटा महत्वपूर्ण आर्थिक औजार भएको नाताले यसले दिगो विकासका लक्ष्यहरूमा प्राथमिकताका साथ लगानी बढाउन महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरेको छु, र यस दस्तावेजले नगरपालिकाबाट परिचालन हुने सार्वजनिक वित्तलाई दिगो विकास लक्ष्य तथा नगरपालिकाका समस्याहरूको सम्बोधन गर्नेतर्फ सही किसिमले अगाडि बढाउन सक्ने अपेक्षा गरेको छु।

अन्त्यमा, यो त्रिवर्षीय आर्थिक-राजनीतिक दस्तावेज मध्यमकालीन खर्च संरचना तर्जुमा गर्न सहयोग गर्नुहुने जनप्रतिनिधि ज्यूहरू, शाखा प्रमुखहरू तथा नगरपालिका परिवारलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु।

विनोद रेग्मी
नगर प्रमुख

कालिका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रेडक्रससग्राम, चितवन
बागमती प्रदेश, नेपाल

## मन्तव्य

सार्वजनिक वित्त व्यवस्थापन तर्फ विनियोजनमा दक्षता, कार्यान्वयनमा कुशलता र वित्तिय सुशासन कायम गर्न मध्यमकालीन खर्च संरचना एउटा महत्वपूर्ण औजारको रुपमा रहेको छ । सार्वजनिक वित्त व्यवस्थापनलाई चुस्त र दुरुस्त तुल्याउदै आवधिक योजनाका लक्ष्य, उदेश्य र नीतिगत प्राथमिकतालाई बार्षिक बजेट तथा कार्यक्रम मार्फत कार्यान्वयन गर्न मध्यमकालीन खर्च संरचना तयार गरिन्छ । अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ लगायत अन्य सङ्घीय ऐन समेतले संघ तथा प्रदेशसहित स्थानीय तहहरूले अनिवार्यरुपमा मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नुपर्ने व्यवस्था गरेको छ। सोही अनुरुप कालिका नगरपालिकाले यो त्रिवर्षीय मध्यमकालीन खर्च संरचना तर्जुमा गरेको छ।

मध्यमकालीन खर्च संरचनाले नगरपालिकाको दिर्घकालीन सोच, लक्ष्य र उद्देश्य प्रासिका लागि आवधिक योजनालाई वार्षिक योजनासँग जोडी सर्वाङ्गीण विकासको दीर्घकालीन सोचतर्फ उन्मुख गराउने भएकाले मध्यमकालीन खर्च संरचनाको तर्जुमा गर्न कानुनी दायित्व र नगरपालिकाको लागि आवश्यकताको विषयका रुपमा रहेको छ। मध्यमकालीन खर्च संरचनाले यस नगरपालिकाको आवधिक योजना र वार्षिक योजनाका बीचमा पुलको रुपमा कार्य गरी आवधिक योजनाका लक्ष्य उद्देश्यहरू हासिल गर्नेतर्फ नगरपालिकाको वित्त व्यवस्थापनलाई मार्गदर्शन गर्नेमा मैले विश्वास लिएको छु।

मध्यमकालीन खर्च संरचनाले दिगो विकासका लक्ष्यहरू, लैंगिक समानता तथा विपद् तथा जलवायुजन्य जोखिम तथा यसबाट सिर्जना हुन सक्ने समस्याहरू सम्बोधनका लागि यस खर्च संरचना दस्तावेजले नगरपालिकाले परिचालन गर्ने सार्वजनिक वित्तलाई दिगो विकास लक्ष्य तथा नगरपालिकाका समस्याहरूको सम्बोधन गर्नेतर्फ सही किसिमले अगाडि बढाउन सक्ने आधार तयार भएको छ।

अन्त्यमा, यो नगरपालिकाको मध्यमकालीन खर्च संरचना तर्जुमा गर्न सहयोग गर्नुहुने सम्पूर्ण कालिका नगरपालिकका कर्मचारी तथा जनप्रतिनिधिहरु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु।

..............................

विमला तमाङ्ग

नगर उप-प्रमुख

कालिका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
रेडक्रससग्राम, चितवन
बागमती प्रदेश, नेपाल

## दुई शव्द

नगरपालिकाको मार्गदर्शन दस्तावेजको रुपमा रहेको मध्यमकालीन खर्च संरचना पहिलो पटक कालिका नगरपालिकाले तर्जुमा गरी प्रकाशनमा ल्याउन पाउँदा मलाई निकै खुसीको अनुभूती भइरहेको छ। अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन वर्षमा हुने खर्चको प्रक्षेपणसहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था गरेको छ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले मध्यमकालीन खर्च संरचनामा आगामी तीन वर्षको समष्टिगत वित्त खाका, बजेट तथा कार्यक्रमको खाका र नतिजा खाका समावेश गर्नुपर्ने व्यवस्था गरेको छ। सम्बन्धित सबै कानुनी व्यवस्थाहरूलाई सम्बोधन गर्दै स्थानीय तहको मध्यमकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन, २०७८ मा आधारित रही तर्जुमा गरिएको हुनाले यस दस्तावेजले स्थानीय तहको कानुनी दायित्व निर्वाह गर्नमा टेवा पुर्याउन सहयोग गर्नुका अतिरिक्त नगरपालिकाले सञ्चालन गर्ने बहुवर्षीय आयोजना तथा कार्यक्रमहरूका लागि बजेट सुनिश्चित गर्न समेत महत्वपूर्ण योगदान गर्ने अपेक्षा गरेको छु।

विश्वव्यापीरुपमा अङगीकार गरिएको समावेशीकरण, सामाजिक न्याय, सुशासन जस्ता अवधारणा यस नगरपालिकाको शासन, विकास र सेवा प्रवाहमा आन्तरीकरण गरिएको साथै विगत दशकहरूमा विपद्का विभिन्न घटना एवम् जलवायुजन्य विषमता तथा तिनका आवृत्ति तथा सघनता निरन्तर बढ्दै गएको छ र यसको असर यस स्थानीय तहमा पनि निरन्तर बढ्दो रुपमा महशुस गरिएको छ। यस्ता घटनाहरूले दिगो विकासको आवश्यकता र महत्वलाई अझ बढी प्रगाढ बनाउँदै लगेको सन्दर्भमा दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्चसंरचना तर्जुमा गर्नु एउटा सान्दर्भिक काम हो भन्ने मलाई लागेको छ।

दिगो विकासको आवश्यकता र महत्व प्रगाढ हुँदै गएको परिप्रेक्ष्यमा स्थानीय सरकारका काम, कर्तव्य, अधिकार तथा जिम्मेवारीसँग प्रत्यक्ष सम्बन्धित विषय भएको हुनाले यस मध्यमकालीन खर्च संरचनाको तर्जुमाबाट नगरपालिकाबाट गरिने सार्वजनिक खर्चलाई लक्ष्य उन्मुख बनाउन सहयोग पुग्ने र सार्वजनिक खर्चले विकास प्रयासहरूलाई दिगो बनाउने विश्वास लिएको छु।

अन्तमा, कालिका नगरपालिकाको यस मध्यमकालीन खर्च संरचनाको तर्जुमाका लागि सहयोग प्रदान गर्ने जनप्रतिनिधि ज्यूहरू, शाखा प्रमुखहरू लगायत सम्पूर्ण कर्मचारीहरू तथा नगरपालिका परिवारलाई यो सत्कार्यका लागि हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

...................................................
चूडामणी शर्मा गौतम
प्रमुख प्रशासकीय अधिकृत

# विषयसूची


**परिच्छेदः१ परिचय** ........ १
१.१ पृष्ठभूमि........ १
१.२ मध्यमकालीन खर्च संरचनाको उद्देश्य........ १
१.३ मध्यमकालीन खर्च संरचना तर्जुमाका आधारहरु ........ २
१.४ नेपालमा मध्यमकालीन खर्च संरचनाको अभ्यास ........ २
१.५ कानूनी व्यवस्था ........ २
१.६ संस्थागत व्यवस्था........ ३
१.६.१ स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति........ ३
१.६.२ मध्यमकालीन खर्च संरचना कार्यदल ........ ३
१.६.३ विषयगत योजना तर्जुमा समितिहरू........ ३
१.६.४ वजेट तथा कार्यक्रम तर्जुमा समिति........ ३
१.७ मध्यमकालीन खर्च तर्जुमा प्रक्रिया........ ४
**परिच्छेद २ : - मध्यमकालीन खर्च संरचना** ........ ५
२.१ पृष्ठभूमि........ ५
२.२ प्रमुख समस्या तथा चुनौती........ ५
२.३ प्रमुख सम्भावना र अवसर ........ ६
२.४ सोच, उद्धेश्य तथा रणनीति........ ६
२.४.१ दीर्घकालीन सोच........ ७
२.४.२ समष्टिगत लक्ष्य........ ७
२.४.३ समष्टिगत उद्देश्य ........ ७
२.४.४ समष्टिगत रणनीति ........ ७
२.५ मध्यमकालीन आर्थिक खाका........ ८
२.६ मध्यमकालीन बजेट खाका ........ ८
२.७ मध्यमकालीन नतिजा खाका........ ९
२.८ बजेट विनियोजन तथा प्रक्षेपणको बाँटफाँट........ ११
२.८.१ कार्यक्रम तथा आयोजनाको प्राथमिकताक्रम बमोजिम तिन आर्थिक बर्षको बजेट अनुमान तथा प्रक्षेपण........ ११
२.८.२ दिगो विकास लक्ष्यको आधारमा तिन आर्थिक बर्षको बजेट अनुमान तथा प्रक्षेपण........ ११
२.८.३ लैंगिक संकेतको आधारमा तीन आर्थिक बर्षको बजेट अनुमान तथा प्रक्षेपण........ १२
२.८.४ जलवायु संकेतको आधारमा तिन आर्थिक बर्षको बजेट अनुमान तथा प्रक्षेपण........ १२
२.९ बिषय क्षेत्र/उपक्षेत्रको तीन आर्थिक बर्षको बजेट अनुमान तथा प्रक्षेपण ........ १३
२.१० नगर गौरवका आयोजना........ १३
**परिच्छेद ३ : आर्थिक क्षेत्र** ........ १४
३.१ कृषि तथा पशुपन्छी........ १४
३.१.१ पृष्ठभूमि........ १४
३.१.२ समस्या तथा चुनौती ........ १४
३.१.३ सोच ........ १४
३.१.४ उद्धेश्य ........
३.१.५ रणनीति ........ १५
३.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य........ १५
३.१.७ कृषि तथा पशु क्षेत्रको कार्यक्रमहरुको संक्षिप्त विवरण ........ १६
३.१.८ जोखिम पक्ष तथा पूर्वानुमान........ १७
३.२ सिंचाई ........ १७
३.२.१ पृष्ठभूमि........
३.२.२ समस्या तथा चुनौती ........ १७

३.२.३ सोंच ............ १८
३.२.४ उद्देश्य ............ १८
३.२.५ रणनीति ............ १८
३.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ............ १८
३.२.७ सिचाई क्षेत्रको कार्यक्रमहरुको संक्षिप्त विवरण ............ १८
३.२.८ जोखिम तथा पुर्वानुमान ............ १९
३.३ पर्यटन ............ १९
३.३.१ पृष्ठभूमि............
३.३.२ समस्या तथा चुनौती ............ १९
३.३.३ सोच ............ १९
३.३.४ उद्देश्य ............ १९
३.३.५ रणनीति ............ २०
३.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ............ २०
३.३.७ पर्यटन क्षेत्रको कार्यक्रमहरुको संक्षिप्त विवरण ............ २०
३.३.८ जोखिम पक्ष तथा पूर्वानूमान ............ २१
३.४ उद्योग, व्यापार तथा व्यवसाय ............ २१
३.४.२ समस्या तथा चुनौती ............ २१
३.४.३ सोच ............ २२
३.४.४ उद्देश्य ............ २२
३.४.५ रणनीति ............ २२
३.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ............ २२
३.४.७ उद्योग क्षेत्रको कार्यक्रमहरुको संक्षिप्त विवरण ............ २३
३.४.८ जोखिम पक्ष तथा अनुमान ............ २३
३.५ श्रम, रोजगारी र सामाजिक सुरक्षा ............ २३
३.५.१ पृष्ठभूमि ............ २३
३.५.२ समस्या तथा चुनौती ............ २४
३.५.३ सोच ............ २४
३.५.४ उद्देश्य ............ २४
३.५.५ रणनीति ............ २४
३.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ............ २४
३.५.७ श्रम, रोजगारी र सामाजिक सुरक्षा क्षेत्रको कार्यक्रमहरुको संक्षिप्त विवरण ............ २५
३.५.८ जोखिम पक्ष तथा पूर्वानूमान ............ २५
**परिच्छेदः४ सामाजिक क्षेत्र** ............ २६
४.१ जनस्वास्थ्य तथा पोषण ............ २६
४.१.१ पृष्ठभूमि ............ २६
४.१.२ समस्या तथा चुनौती ............ २६
४.१.३ सोच ............ २७
४.१.४ उद्देश्य ............ २७
४.१.५ रणनीतिहरू ............ २७
४.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ............ २७
४.१.७ जनस्वास्थ्य तथा पोषण क्षेत्रको कार्यक्रमहरुको संक्षिप्त विवरण ............ २९
४.१.८ जोखिम पक्ष तथा पूर्वानूमान ............ ३०
४.२ शिक्षा ............ ३०
४.२.१ पृष्ठभूमि ............ ३०
४.२.२ समस्या तथा चुनौती ............ ३०
४.२.३ सोंच ............ ३१
४.२.४ उद्देश्य ............ ३१

४.२.५ रणनीतिहरू ........ ३१
४.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य........ ३१
४.२.७ शिक्षा क्षेत्रको कार्यक्रमहरुको संक्षिप्त विवरण ........ ३३
४.२.८ जोखिम पक्ष तथा पूर्वानूमान........ ३३
**४.३ खानेपानी तथा सरसफाई ........ ३४**
४.३.१ पृष्ठभूमि........ ३४
४.३.२ समस्या तथा चुनौती ........ ३४
४.३.३ सोच ........ ३४
४.३.४ उद्देश्य........ ३४
४.३.५ रणनीतिहरू ........ ३४
४.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य........ ३५
४.३.७ खानेपानी तथा सरसफाई क्षेत्रको कार्यक्रमहरुको संक्षिप्त विवरण........ ३५
४.३.८ जोखिम पक्ष तथा पूर्वानूमान........ ३६
**४.४ महिला, बालबालिका तथा लक्षित वर्ग ........ ३६**
४.४.१ पृष्ठभूमि........ ३६
४.४.२ समस्या तथा चुनौती ........ ३६
४.४.३ सोच ........ ३६
४.४.४ उद्देश्य........ ३७
४.४.५ रणनीतिहरू ........ ३७
४.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य........ ३७
४.४.७ महिला, बालबालिका तथा लक्षित वर्ग क्षेत्रको कार्यक्रमहरुको संक्षिप्त विवरण ........ ३९
४.४.८ जोखिम तथा पूर्वानूमान........ ३९
**४.५ युवा, खेलकुद तथा नवप्रवर्तन ........ ३९**
४.५.१ पृष्ठभूमि........ ३९
४.५.२ समस्या तथा चुनौती ........ ४०
४.५.३ सोच ........ ४०
४.५.४ उद्देश्य........ ४०
४.५.५ रणनीतिहरू ........ ४०
४.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य........ ४१
४.५.७ युवा, खेलकुद तथा नवप्रवर्तन क्षेत्रको कार्यक्रमहरुको संक्षिप्त विवरण ........ ४२
४.५.८ जोखिम पक्ष तथा पूर्वानुमान........ ४२
**परिच्छेदः५ - पूर्वाधार क्षेत्र........ ४२**
**५.१ सडक, पुल तथा यातायात........ ४३**
५.१.१ पृष्ठभूमि........ ४३
५.१.२ समस्या तथा चुनौती ........ ४३
५.१.३ सोच ........ ४४
५.१.४ उद्देश्य........ ४४
५.१.५ रणनीतिहरू ........ ४४
५.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य........ ४४
५.१.७ सडक, पुल तथा यातायात क्षेत्रको कार्यक्रमहरुको संक्षिप्त विवरण ........ ४५
५.१.८ जोखिम तथा पूर्वानूमान........ ४६
**५.२ भवन,आवास तथा बस्ती विकास ........ ४६**
५.२.१ पृष्ठभूमि........ ४६
५.२.२ समस्या तथा चुनौती ........ ४६
५.२.३ सोच ........ ४६
५.२.४ उद्देश्य........ ४६
५.२.५ रणनीतिहरू ........ ४७

५.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ..... ४७
५.२.७ भवन,आवास तथा बस्ती विकास क्षेत्रको कार्यक्रमहरुको संक्षिप्त विवरण ..... ४८
५.२.८ जोखिम तथा पूर्वानूमान ..... ४८
५.३ जलस्रोत,विद्युत तथा स्वच्छ उर्जा ..... ४८
५.३.१ पृष्ठभूमि ..... ४८
५.३.२ समस्या तथा चुनौती ..... ४९
५.३.३ सोच ..... ४९
५.३.४ उद्देश्य ..... ४९
५.३.५ रणनीतिहरू ..... ४९
५.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ..... ४९
५.३.७ जलस्रोत,विद्युत् तथा स्वच्छ उर्जा क्षेत्रको कार्यकमहरुको संक्षिप्त विवरण ..... ५०
५.३.८ जोखिम पक्ष तथा अनुमान ..... ५०
५.४ सूचना, सञ्चार तथा प्रविधि ..... ५०
५.४.१ पृष्ठभूमि ..... ५०
५.४.२ समस्या तथा चुनौती ..... ५१
५.४.३ सोच ..... ५१
५.४.४ उद्देश्य ..... ५१
५.४.५ रणनीतिहरू ..... ५१
५.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ..... ५१
५.४.७ सुचना तथा सञ्चार प्रविधि क्षेत्रको कार्यक्रमहरुको संक्षिप्त विवरण ..... ५२
५.४.८ जोखिम पक्ष तथा पूर्वानुमान ..... ५२
**परिच्छेदः६- वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र ..... ५३**
६.१ वन, भूसंरक्षण तथा जैविक विविधता ..... ५३
६.१.१ पृष्ठभूमि ..... ५३
६.१.२ समस्या तथा चुनौती ..... ५३
६.१.३ सोच ..... ५४
६.१.४ उद्देश्य ..... ५४
६.१.५ रणनीतिहरू ..... ५४
६.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ..... ५४
६.१.७ वन, भूसंरक्षण तथा जैविक विविधता क्षेत्रको कार्यक्रमहरुको संक्षिप्त विवरण ..... ५४
६.१.८ जोखिम व्यवस्थापन तथा पूर्वानुमान ..... ५५
६.२ वातावरण तथा फोहोरमैला व्यवस्थापन ..... ५५
६.२.१ पृष्ठभूमि ..... ५५
६.२.२ समस्या तथा चुनौती ..... ५५
६.२.३ सोच ..... ५५
६.२.४ उद्देश्य ..... ५५
६.२.५ रणनीतिहरू ..... ५५
६.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ..... ५५
६.२.७ वातावरण तथा फोहोरमैला व्यवस्थापन क्षेत्रको कार्यक्रमहरुको संक्षिप्त विवरण ..... ५६
६.२.८ जोखिम पक्ष तथा पूर्वानुमान ..... ५६
६.३ विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूल ..... ५७
६.३.१ पृष्ठभूमि ..... ५७
६.३.२ समस्या तथा चुनौती ..... ५७
६.३.३ सोच ..... ५७
६.३.४ उद्देश्य ..... ५७
६.३.५ रणनीतिहरू ..... ५७
६.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ..... ५८

६.३.७ विपद व्यवस्थापन तथा जलवायू अनुकुलन क्षेत्रको कार्यक्रमहरुको संक्षिप्त विवरण ........ ५८
६.३.८ जोखिम पक्ष तथा पूर्वानुमान ........ ५९
**परिच्छेदः७-संस्थागत विकास तथा सुशासन क्षेत्र ........ ६०**
७.१ नीति, कानून, न्याय तथा सुशासन ........ ६०
७.१.१ पृष्ठभूमि ........ ६०
७.१.२ समस्या तथा चुनौती ........ ६०
७.१.३ सोच ........ ६०
७.१.४ उद्देश्य ........ ६०
७.१.५ रणनीति ........ ६०
७.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ६०
७.१.७ नीति, कानून, न्याय तथा सुशासन क्षेत्रको कार्यक्रमहरुको संक्षिप्त विवरण ........ ६१
७.१.८ जोखिम पक्ष तथा पूर्वानुमान ........ ६१
७.२ संगठन तथा क्षमता विकास, जनशक्ति व्यवस्थापन र सेवा प्रवाह ........ ६२
७.२.१ पृष्ठभूमि ........ ६२
७.२.२ समस्या तथा चुनौती ........ ६२
७.२.३ सोच ........ ६२
७.२.४ उद्देश्य ........ ६२
७.२.५ रणनीतिहरू ........ ६२
७.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ६२
७.२.७ संगठन तथा क्षमता विकास, जनशक्ति व्यवस्थापन र सेवा प्रवाह क्षेत्रको कार्यक्रमहरुको संक्षिप्त विवरण ........ ६३
७.२.८ जोखिम पक्ष तथा पूर्वानुमान ........ ६३
७.३ राजस्व तथा श्रोत परिचालन ........ ६३
७.३.१ पृष्ठभूमि ........ ६३
७.३.२ समस्या तथा चुनौती ........ ६३
७.३.३ सोच ........ ६३
७.३.४ उद्देश्य ........ ६३
७.३.५ रणनीतिहरू ........ ६४
७.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ६४
७.३.७ राजस्व तथा श्रोत परिचालन क्षेत्रको कार्यक्रमहरुको संक्षिप्त विवरण ........ ६४
७.३.८ जोखिम पक्ष तथा पूर्वानुमान ........ ६४
७.४ तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन ........ ६५
७.४.१ पृष्ठभूमि ........ ६५
७.४.२ समस्या तथा चुनौती ........ ६५
७.४.३ सोच ........ ६५
७.४.४ उद्देश्य ........ ६५
७.४.५ रणनीतिहरू ........ ६५
७.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ६५
७.४.७ तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन क्षेत्रको कार्यक्रमहरुको संक्षिप्त विवरण ........ ६६
७.४.८ जोखिम पक्ष तथा पुर्वानूमान ........ ६६

# तालिका सूचीहरू


तालिका १ मध्यमकालिन खर्च तर्जुमा प्रक्रिया ........ ४
तालिका २ मध्यमकालीन आर्थीक खाका ........ ८
तालिका ३ मध्यकालीन बजेट खाका ........ ८
तालिका ४ प्रमुख विषय क्षेत्रगत सूचक तथा मध्यमकालीन नतिजा खाका ........ ९
तालिका ५ नगरपालिकाको गौरवका आयोजना ........ १३
तालिका ६ कृषि तथा पशुपन्छी उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ १५
तालिका ७ कृषि तथा पशुपन्छी उपक्षेत्रको कार्यक्रमहरूको संक्षिप्त विवरण ........ १६
तालिका ८ सिंचाई उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ १८
तालिका ९ उपक्षेत्रको कार्यक्रमहरूको संक्षिप्त विवरण ........ १८
तालिका १० पर्यटन उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ २०
तालिका ११ पर्यटन उपक्षेत्रको कार्यक्रमहरूको संक्षिप्त विवरण ........ २०
तालिका १२ उद्योग, व्यापार तथा व्यवसाय उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ २२
तालिका १३ उद्योग, व्यापार तथा व्यवसाय उपक्षेत्रको कार्यक्रमहरूको संक्षिप्त विवरण ........ २३
तालिका १४ श्रम,रोजगार तथा सामाजिक सुरक्षा उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ २५
तालिका १५ श्रम,रोजगार तथा सामाजिक सुरक्षा उपक्षेत्रको कार्यक्रमहरूको संक्षिप्त विवरण ........ २५
तालिका १६ जनस्वास्थ्य तथा पोषण उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ २७
तालिका १७ जनस्वास्थ्य तथा पोषण उपक्षेत्रको कार्यक्रमहरूको संक्षिप्त विवरण ........ २९
तालिका १८ शिक्षा उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ३१
तालिका १९ शिक्षा उपक्षेत्रहरूको कार्यक्रमहरूको संक्षिप्त विवरण ........ ३३
तालिका २० खानेपानी तथा सरसफाई उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ३५
तालिका २१ खानेपानी तथा सरसफाई उपक्षेत्रको कार्यक्रमहरूको संक्षिप्त ........ ३५
तालिका २२ महिला बालबालिका तथा लक्षित वर्ग उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ३७
तालिका २३ महिला बालबालिका तथा लक्षित वर्ग उपक्षेत्रको कार्यक्रमहरूको संक्षिप्त विवरण ........ ३९
तालिका २४ युवा,खेलकुद तथा नवप्रर्वतक उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ४१
तालिका २५ युवा,खेलकुद तथा नवप्रर्वतक उपक्षेत्रको कार्यक्रमहरूको संक्षिप्त विवरण ........ ४२
तालिका २६ सडक, पुल तथा यातायात उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ४४
तालिका २७ सडक, पुल तथा यातायात उपक्षेत्रको कार्यक्रमहरूको संक्षिप्त विवरण ........ ४५
तालिका २८ भवन आवास तथा बस्ती विकास उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ४७
तालिका २९ भवन, आवास तथा बस्ती विकास उपक्षेत्रको कार्यक्रमहरूको संक्षिप्त विवरण ........ ४८
तालिका ३० जलस्रोत, विद्यूत तथा स्वच्छ उर्जा उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ४९
तालिका ३१ जलस्रोत, विद्यूत तथा स्वच्छ उर्जा उपक्षेत्रको कार्यक्रमहरूको संक्षिप्त विवरण ........ ५०
तालिका ३२ सूचना तथा सञ्चार प्रविधि उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ५१
तालिका ३३ सूचना तथा सञ्चार प्रविधि उपक्षेत्रको कार्यक्रमहरूको संक्षिप्त विवरण ........ ५२
तालिका ३४ वन, भुसंरक्षण तथा जैविक विविधता उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ५४
तालिका ३५ वन,भुसंरक्षण तथा जैविक विविधता उपक्षेत्रको कार्यक्रमहरूको संक्षिप्त विवरण ........ ५४
तालिका ३६ वातावरण तथा फोहोरमैला व्यवस्थापन उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ५६
तालिका ३७ वातावरण तथा फोहोरमैला व्यवस्थापन उपक्षेत्रको कार्यक्रमहरूको संक्षिप्त विवरण ........ ५६
तालिका ३८ विपद् व्यवस्थापन तथा जलवायू परिवर्तन अनुकूल उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ........ ५८
तालिका ३९ विपद् व्यवस्थापन तथा जलवायू परिवर्तन अनुकूलन उपक्षेत्रको कार्यक्र.महरूको संक्षिप्त विवरण ........ ५८

तालिका ४० नीति, कानुन, न्याय तथा सुशासन उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य....................................................... ६१
तालिका ४१ नीति, कानून, न्याय तथा सुशासन उपक्षेत्रको कार्यक्रमहरूको संक्षिप्त विवरण................................................................ ६१
तालिका ४२ संगठन तथा क्षमता विकास, जनशक्ति व्यवस्थापन र सेवा प्रवाह उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य ............... ६२
तालिका ४३ संगठन तथा क्षमता विकास, जनशक्ति व्यवस्थापन र सेवा प्रवाह उपक्षेत्रको कार्यक्रमहरूको संक्षिप्त विवरण ......................... ६३
तालिका ४४ राजस्व तथा श्रोत परिचालन उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य............................................................. ६४
तालिका ४५ राजस्व तथा श्रोत परिचालन उपक्षेत्रको कार्यक्रमहरूको संक्षिप्त विवरण....................................................................... ६४
तालिका ४६ तथ्याङ्क,योजना तथा विकास उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य............................................................. ६६
तालिका ४७ तथ्याङ्क,योजना तथा विकास उपक्षेत्रको कार्यक्रमहरूको संक्षिप्त विवरण........................................................................ ६६

# परिच्छेद:१ परिचय

## १.१ पृष्ठभूमि

नेपालको संविधानको कार्यान्वयन, समृद्ध नेपाल सुखि नेपालीको राष्टिय दिर्घकालिन लक्ष्य, पन्ध्रौ योजना र दीगो विकासको लक्ष्य तथा बागमती प्रदेशको आवधिक योजना र यसले लिएका लक्ष्य तथा तथा नगरपालिकाको आवधिक योजनाले लिएका लक्ष्यहरु हाँसिल गर्न वित्त व्यवस्थापनको महत्वपूर्ण भुमिका रहन्छ । वि.स. २०८७ सम्म मुलुकलाई मध्यम आय भएको मुलुकमा रुपान्तरण गर्न तथा वि.सं. २१०० सम्म समुन्नत मुलुकको रुपमा स्तरोन्नती गर्न नगरपालिका स्तरबाट समेत भुमिका खेल्नुपर्ने हुन्छ जसको लागि सार्वजनिक खर्चको प्रवाभकारी र मितव्यी ढंगले उपयोग गर्न आवश्यक छ । मध्यमकालीन खर्च संरचनाले स्रोत व्यवस्थापन र अपेक्षित उपलब्धिको खाका समेत प्रस्तुत गर्दछ । यसको प्रमुख उद्देश्य स्रोतको बाँडफाँट गरी खर्चको प्रभावकारिता बढाउनु हो । यसले विकास योजनाको लक्षित नतिजा हाँसिल गर्न स्रोत साधनको प्रभावकारी विनियोजन र परिचालन, पारदर्शी र मितव्ययी खर्च प्रणाली, वित्तीय सुशासन जस्ता पक्षमा सुधार ल्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहले सार्वजनिक खर्चको विवरण तयार गर्दा आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नुपर्नेछ भन्ने उल्लेख गरिएको छ । उक्त खर्च संरचनामा प्रस्तावित योजनाको उद्देश्य, प्रस्तावित योजनाको लागि सम्भाव्यता अध्ययन गर्न वा खर्च छुट्याउन आवश्यकताको पुष्ट्याई, प्रस्तावित योजना कार्यान्वयन हुन सक्ने आर्थिक वर्ष र त्यसपछिका दुई आर्थिक वर्षमा प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धी, प्रस्तावित योजना लागू गर्न आवश्यक पर्ने खर्चको विवरण, खर्च व्यहोर्ने श्रोत र खर्चको रकमवाट प्राप्त हुन सक्ने प्रतिफल र उपलब्धीको प्रक्षेपण प्रस्तावित योजनाको मध्यम अवधीको खर्चको रणनीति र त्यसको वार्षिक खर्च संगको तादात्म्यता, सञ्चालित योजना भए गत आर्थिक वर्षमा छुट्याईएको खर्च अनुसार लक्ष्य हासिल भए नभएको यथार्थ विवरण जस्ता विषय समावेश गर्नुपर्ने कुरा उल्लेख गरिएको छ । यसै पृष्ठभूमिमा रहि यस कालिका नगरपालिकाको मध्यमकालीन खर्च संरचना तर्जुमा गरिएको छ ।

## १.२ मध्यमकालीन खर्च संरचनाको उद्देश्य

मध्यमकालीन खर्च संरचना सार्वजनिक वित्त व्यवस्थापनको महत्वपूर्ण औजार हो । यसले स्रोत साधन यथार्थपरक आँकलन गरी त्यसको अधिकतम तथा उच्चतम उपयोगको लागि प्राथमिकता निर्धारण - मध्यमकालीन (त्रिवर्षीय) प्रक्षेपण गर्दछ । यस अन्तर्गत समष्टिगत बजेट तथा नतिजा खाका तयार गरिन्छ यो चक्रिय हिसावले प्रत्येक वर्ष तयार गरिन्छ । यसमा खर्च र स्रोत पहिलो वर्षको वास्तविक अनुमान गरिन्छ भने आगामी दुई वर्षको लागि प्रक्षेपण गरिएको छ । चालु वर्षको कार्यान्वयन समीक्षाका आधारमा आ.ब. २ वर्षको परिमार्जन गर्दै एक वर्ष थप्दै लगिनेछ । यसका उद्देश्य देहाय अनुसारका छन्:

- नगरपालिकाको खर्च प्रणालीमा वित्तिय अनुशासन कायम गरी नगरपालिकालाई प्राप्त हुने मध्यम अवधीको आन्तरिक र बाह्य श्रोतको वास्तविक अनमान गरी बजेट खाका तर्जुमा गर्नु,
- आवधिक योजना र बार्षिक कार्यक्रमबीच अन्तरसम्बन्ध स्थापित गर्दै विनियोजन कुशलता कायम गर्नु,
- नगरपालिका विकासका योजनाहरुको प्राथमिकता क्षेत्रमा लगानी सुनिश्चित गर्न स्रोत साधनको विनियोजन प्रक्रियाको पुनः संरचना गरी प्राथमिकता प्राप्त विषयगत क्षेत्रमा स्रोत सुनिश्चित गर्नु,
- लैङ्गिक उत्तरदायि बजेट निर्माणमा सहयोग गर्नु,
- जलवायु उत्थानशिल योजना तथा कार्यक्रम निर्माण र कार्यान्वयन गर्नु,
- बजेट अनुमानलाई यथार्थपरक बनाउनु,
- सार्वजनिक खर्चलाई प्रभावकारी र नतिजामुखी बनाउनु,
- लगानीबाट प्राप्त हुने उपलब्धी मापनमा सहजता ल्याउनु

## १.३ मध्यमकालीन खर्च संरचना तर्जुमाका आधारहरु

सार्वजनिक खर्च संरचना तर्जुमा गर्दा संविधानले व्यवस्था गरेका प्रावधानहरु एंव स्थानीय तहको अधिकार क्षेत्र भित्रका आर्थिक, सामाजिक, वातावरणीय तथा राजनीतिक पक्षसँग सम्बन्धीत विभिन्न नीति, ऐन, नियम, निर्देशिका, कार्यविधि आदिको कार्यान्वयन तथा दीर्घकालीन योजना, आवधिक योजना, विषयगत रणनीतिक योजना र दिगोविकासको लक्ष्य हासिल गर्ने पक्षलाई ध्यान दिनु आवश्यक छ । सो बमोजिम यस मध्यमकालीन खर्च संरचना तयार गर्दा देहायमा उल्लिखित लगायत अन्य पक्षलाई आधार लिइएको छः

- नेपालको संविधान
- दिगोविकासका लक्ष्यको अवस्था र मार्गचित्र (२०१५-२०३०)
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- राष्ट्रिय दीर्घकालिन सोच, २१०० तथा पन्ध्रौ राष्ट्रिय योजना (आ.व.२०७६/७७-२०८१/०८२)
- प्रदेश तथा स्थानीय तहका लागि लैंगिक उत्तरदायी बजेट नमुना निर्देशिका, २०७७
- स्थानीय तहको बजेट तथा कार्यक्रममा दिगो विकास लक्ष्यको सांकेतीकरण स्रोत पुस्तिका, २०७९
- बागमती प्रदेशको पहिलो आवधिक योजना (आ.व.२०७६/७७-२०८१/०८२।
- नेपाल सरकार तथा प्रदेश सरकारको नीति तथा कार्यक्रम
- कालिका नगरपालिकाको पञ्चवर्षीय आवधिक योजना (आ.व.२०७९/०८०-२०८४/८५।
- कालिका नगरपालिकाको अन्य विषय क्षेत्रगत नीति र योजनाहरु

## १.४ नेपालमा मध्यमकालीन खर्च संरचनाको अभ्यास

मध्यमकालीन खर्च संरचनाको सुरुवात दशौं योजना (वि.सं. २०५९ देखि ०६०) संगसँगै भएको थियो । पहिलोपटक आर्थिक वर्ष २०५९/६० मा मध्यमकालीन खर्च संरचानको तर्जुमा भएको थियो। शुरुमा शिक्षा, स्वास्थ्य, कृषि,सिंचाई, विद्युत, सडक, र जलस्रोत जस्ता मुख्य क्षेत्रमा यसको सुरुवात गरएको थियो । यसले आवधिक योजना र बार्षिक बजेटबीच तादाम्यता कायम गर्ने, विकास आयोजना तथा कार्यक्रमको प्राथमिकिकरण गर्ने, आवधिक योजनाले लिएका उद्देश्य र लक्ष्य हासिल हुनेगरी स्रोत साधनको सदुपयोग गर्ने र पहिलो प्राथमिकतामा परेका आयोजनामा स्रोतको सुनिधितता गर्ने उद्देश्य लिएको थियो । यसबाट वित्तिय अनुशासन र आर्थिक स्थायित्व कायम हुने अपेक्षा गरिएको थियो ।

## १.५ कानूनी व्यवस्था

नेपालको संविधानको धारा ५९ मा आर्थिक अधिकारको प्रयोग अन्तर्गत संघ, प्रदेश र स्थानीय तहले आफ्नो क्षेत्रभित्रका विषयमा बजेट बनाउने निर्णय गर्ने, नीति तथा योजना तयार गर्ने र कार्यान्वयन गर्ने एंव संघ, प्रदेश र स्थानीय तहको बजेट बनाउने व्यवस्था रहेको छ । यस्तै धारा ६० मा राजध स्रोतको बाँडफाँड एंव वित्तिय समानीकरण, सशर्त, समपूरक र विशेष गरी चार प्रकारका अनुदानको व्यवस्था गरिएको छ ।

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ ले नेपाल सरकार तथा प्रदेश र स्थानीय तहले मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था छ । आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २ मा कार्यलयको परिभाषा अन्तर्गत स्थानीय तहका सबै सरकारी कार्यालय भनी परिभाषित गरिएको र आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम २ मा कार्यालयले तीन वर्षको खाका, बजेट तथा कार्यक्रमको खाका र नतिजाको खाका समावेश भएको मध्यमकालीन खर्च संरचना तयार गर्नु पर्ने व्यवस्था छ ।

## १.६ संस्थागत व्यवस्था

मध्यमकालीन खर्च संरचनार आवधिक योजना र वार्षिक बजेटवीच तादाम्यता कायम गर्ने औजार भएकोले वार्षिक बजेट निर्माणमा यसको महत्वपूर्ण भुमिका रहन्छ ।यसका लागि स्थानीय तहमा देहायबमोजिमको संस्थागत व्यवस्था रहेको छ ।

### १.६.१ स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति

स्रोत अनुमान तथा बजेट सीमा निर्धारण सम्बन्धी कार्य स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिमको समितिले गर्नेछ । मध्यमकालीन खर्च संरचना तयारीका सन्दर्भमा यस समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

- मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यको समग्र निर्देशन गर्ने,
- आगामी तीन वर्षको कुल स्रोत र खर्चको प्रक्षेपण गर्ने,
- प्रक्षेपित कुल स्रोत र खर्चको आधारमा विषय क्षेत्रगत खर्चको सीमा निर्धारण गर्ने,

### १.६.२ मध्यमकालीन खर्च संरचना कार्यदल

स्थानीय तहमा मध्यमकालीन खर्च संरचना तयारीको लागि देहाय बमोजिमको एक कार्यदल रहनेछ। सो कार्यदलले प्रत्येक क्रियाकलापमा लागत आकलन, परिमार्जनका साथै शाखा अन्तर्गतका मध्यमकालीन खर्च संरचना तर्जुमासम्बन्धी कार्यमा समन्वय तथा सहजीकरण गर्ने तथा सो शाखाहरूको विषयगत रूपमा एकीकृत बजेट मस्यौदा तयार गर्नेछ

- प्रमुख प्रशासकीय अधिकृत - संयोजक
- विषयगत शाखा प्रमुखहरू – सदस्य
- योजना शाखा प्रमुख - सदस्य सचिव

### १.६.३ विषयगत योजना तर्जुमा समितिहरू

कार्यपालिकाबाट प्राप्त स्रोत सीमा तथा मार्गदर्शनभित्र रही विषयगत शाखाहरूबाट प्राथमिकता निर्धारण भई बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश भएका कार्यक्रम तथा आयोजनालाई विषयगत रूपमा छलफल, विश्लेषण र पुनःप्राथमिकता निर्धारण गरी पेश गर्ने कार्य वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा कार्यका लागि गठित विषयगत समितिहरुले गर्नुपर्नेछ । मध्यमकालीन खर्च संरचना तयारी प्रक्रियामा विषयगत समितिहरूले देहाय वमोजिमका कार्यहरू गर्नुपर्नेछः-

- कार्यदलबाट प्रस्तावित कार्यक्रम तथा आयोजनाहरूको त्रिवर्षीय खर्च प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना र आगामी आर्थिक वर्षको बजेट उपर छलफल र विश्लेषण गर्ने ।
- विषयगत रूपमा कार्यक्रम तथा आयोजनाको प्राथमिकीकरणको आधार तयार गर्ने ।
- कार्यक्रम तथा आयोजनाको विषयगत रूपमा प्राथिमकता निर्धारण गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्ने।

### १.६.४ वजेट तथा कार्यक्रम तर्जुमा समिति

विषयगत समितिवाट प्रस्ताव भएका विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचना र बजेटको एकीकृत मस्यौदा तयारी सम्बन्धी कार्य स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७ बमोजिमको बजेट तथा कार्यक्रम तर्जुमा समितिले गर्नुपर्दछ । मध्यमकालीन खर्च संरचना तयारीका सन्दर्भमा यस समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः-

- विषयगत समितिबाट पेश भएको विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदा उपर छलफल गरी स्वीकृत बजेट सीमा तथा मार्गदर्शन अनुरुप भए नभएको एकिन गर्ने,
- स्थानीय आवधिक योजनाको लक्ष्य, उद्देश्य, प्राथमिकता एवम् चालु आर्थिक वर्षको नीति तथा कार्यक्रम, दिगो विकास लक्ष्य र विषय क्षेत्रगत सन्तुलन कायम हुने गरी स्रोत विनियोजन तथा प्रक्षेपण भए नभएको एकीन गर्ने,
- विगतको उपलब्धि, आय र खर्चको समेतको विश्लेषण गरी स्थानीय आर्थिक खाका तयार गर्ने,

## १.७ मध्यमकालीन खर्च तर्जुमा प्रक्रिया

कालिका नगरपालिकाले आफ्नो प्रथम मध्यमकालीन खर्च संरचना (२०८१/०८२-२०८३/०८४) देहाएको तालिका बमोजिमको प्रक्रिया अनुसार तर्जुमा गरिएको छ भने आगामी आर्थिक बर्ष देखि तर्जुमा हुने मध्यमकालीन खर्च संरचनाको हकमा गाँउपालिकाले स्थानीय तहको मध्यमकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन, २०७८ मा भएको व्यवस्था अनुरुपको प्रक्रिया र समयसीमा अनुसरण गर्नेछ ।

**तालिका १ मध्यमकालिन खर्च तर्जुमा प्रक्रिया**

| क्रियाकलाप | जिम्मेवारी |
|---|---|
| कार्यपालिका सदस्यहरु र विषयगत शाखा प्रमुखलाई अभिमुखीकरण गर्ने | कार्यदल |
| चालु आवाधिक योजना तथा अन्य क्षेत्रगत योजना र वार्षिक विकास कार्यक्रमको समिक्षा गर्ने | कार्यपालिका |
| त्रीवर्षीय खर्चको प्रक्षेपणसहित बजेटको आकार र श्रोतको आंकलन | कार्यदल |
| मध्यमकालीन खर्च संरचनाको श्रोत अनुमान बजेट सीमा र मार्गदर्शन पारित गर्ने | स्रोत अनुमान समिति |
| क्षेत्रगत बजेट सीमा र मार्गदर्शन विषयगत समिति वडा कार्यालय र विषयगत शाखामा पठाउने | प्रमुख प्रशासकीय अधिकृत |
| विषयक्षेत्रगत रुपमा छलफल र प्राथमिकिकरणः<br>-आयोजना अन्तिम प्राथमिकताक्रम सहितको सूची तयार गर्ने, | विषयगत समिति |
| -मध्यमकालीन खर्च संरचना कार्यक्रम र बजेट प्रस्ताव गर्ने,<br>-नँया आयोजना (श्रोतको अवस्था हेरी) छलफल गर्ने,<br>-मध्यमकालीन प्रक्षेपण (बजेट स्रोत तथा खर्चको प्रक्षेपण) सहितको खाका तयार गर्ने,<br>-आयोजनाको विवरण तयारी गर्ने,<br>-नतिजा खाका तयारी गर्ने, | कार्यदल |
| मध्यमकालीन खर्च संरचना छलफल गरी कार्यपालिका पेश गर्ने, | स्रोत अनुमान समिति |
| मध्यमकालीन खर्च संरचना स्वीकृत गर्ने, | कार्यपालिका |
| मध्यमकालीन खर्च संचना अनुमोदन गर्ने, | नगरसभा |

# परिच्छेद २ : - मध्यमकालीन खर्च संरचना

## २.१ पृष्ठभूमि

नेपालको संविधानले तोकेका निर्देशक सिद्धान्त तथा नीतिहरुले निर्दिष्ट गरेका लक्ष्यहरु तथा स्थानीय तहलाई प्राप्त अधिकारको परिधि भित्र रही स्थानीय सरकारले आफ्नो कार्यक्षेत्रभित्र ऐन कानूहरु तर्जुमा गर्ने नीति बनाउने र आयोजनाहरु छनोट गर्ने बजेट तर्जुमा गरी आयोजनाहरुमा रकम विनियोजन गर्ने लगायतका अधिकारहरु प्राप्त भएका छन । उल्लेखित अधिकारहरुको अधिनमा रही नगरपालिकाले आफ्नो कार्यक्षेत्रभित्र आवधिक योजना तर्जुमा गर्ने बार्षिक बजेट तयार गर्ने तथा वार्षिक बजेट र आवधिक योजनाको तादात्म्यता मिलाउन मध्यमकालीन खर्च संचरना तयार गर्नुपर्ने हुन्छ । प्रदेश र संघका आवधिक योजनाहरुले लिएको लक्ष्यहरुलाई आत्मसाथ गर्दै तयार गरिएको नगरपालिकाको आवधिक योजनालाई बजेटसंग तादाम्यता कायम गरी यसका लक्ष्यहरु परिपूर्ति गर्न मध्यमकालीन खर्च संरचना तयार गरिन्छ । कालिका नगरपालिकाले तयार गरेको पञ्चवर्षिय योजनासंग वार्षिक बजेटलाई जोड्न यो मध्यमकालीन खर्च संरचना तयार गरिएको छ ।

नेपाल सरकारको **"समृद्ध नेपालः सुखी नेपाली"** को दीर्घकालीन सोच अनुरुप तयार चालु पन्ध्रौं योजना, बागमती प्रदेश सरकारको प्रथम आवधिक योजना तथा नगरपालिकाको प्रथम आवधिक योजनामा समावेश नीति तथा कार्यक्रमलाई यसमा आत्मसात गर्ने प्रयास गरिएको छ । नगरपालिकाले तयार पारेको आवधिक योजनाको प्राथमिकता, दिर्घकालिन सोच, लक्ष्य, उद्देश्य र रणनीतिको आधारमा नै यो मध्यमकालीन खर्च संरचनाको प्राथमिकता, दिर्घकालिन सोच, लक्ष्य, उद्देश्य र रणनीति तयार पारिएको छ ।

## २.२ प्रमुख समस्या तथा चुनौती

हिसाबले समथर तथा केही भु-भाग पहाडी क्षेत्र रहेको यस नगरपालिका सडक यातायातको पहुँचबाट नजिक रहेको छ भने तल्लो भूभाग (समथर) को हरेक टोल टोलमा बाह्रै महिना चल्न सक्ने सडक पुगेको छ भने कालोपत्रे भएका सडक पनि झण्डै ३० प्रतिशतको हाराहारीमा रहेको अनुमान गर्न सकिन्छ । खाद्यान्न

वालीको उत्पादनमा खास गरी धान, मकै, र गहुँ तथा तेलहनमा तोरी र दलहनमा मसुरो उत्पादनको लागि उर्वर मानिने यो नगरपालिका हालका दिनहरुमा यहाँका किसानहरु केरा खेती, तरकारी खेती तथा पशुपालन तर्फ पनि आकर्षित भएको देखिन्छ । पशुपालन ब्यबसायका दृष्टिले गाइपालन व्यवसायीक रुपमा नै अघि बढेको छ भने अन्य पशुपालनको पनि त्यत्तिकै सम्भावना रहेको देखिन्छ । त्यस्तै गरी नगदेवाली तर्फ मौसम अनुसार तराइ क्षेत्रमा हुने सबै प्रकारका तरकारी खेति हुने हुँदा त्यसको व्यवसायीक उत्पादन हुने गरेको छ । राजनैतिक हिसाबले जिल्लाका विर्वाचन क्षेत्र मध्ये यस नगरपालिकाका सबै वडाहरु निर्वाचन क्षेत्र नं. २ अन्तर्गत पर्दछन । सदरमुकाम भरतपुरबाट नजिकैको दुरीमा अवस्थीत यस नगरपालिका हालका दिनहरुमा व्यवसायीक केरा खेतीको लागि पनि प्रसिद्ध बन्दै गएको छ ।

**समस्या**

- पर्यटन प्रर्वधन तथा पर्यटकिय पूर्वाधारको अपेक्षित विकास गर्न नसक्नु ।
- परम्परागत जिविकोपार्जनमा आधारित कृषि प्रणालीमा सुधार गर्न नसक्नु ।
- कृषि योग्य जमिनमा पर्याप्त सिंचाईको अभाव ।
- स्थानीय उत्पादन बृद्धिका लागि पहल नभएको साथै उत्पादिन वस्तुको बजारीकारण सहज र भरपर्दो हुन गर्न नसक्नु ।
- प्राकृतिक साधन र श्रोतको उपयोग क्षमता अपेक्षित रुपमा न्यून देखिएको उपयोग ।
- गुणस्तरीय स्वास्थ्य र शिक्षाको न्यून पहुँच र सुविधा विहिनता ।
- जोखिमयुक्त बस्ती व्यवस्थापन र बस्ती विकास प्रति ध्यान दिन नसक्नु ।
- दक्ष स्वास्थ्य जनशक्तिको पलायन र दक्ष जनशक्ति टिकाउने योजनाको अभाव ।
- जनतालाई सेवा, सुविधामा सहज पहुँच पुर्याउन नसक्नु ।

### चुनौती

- अिसमित समस्या र सिमित श्रोत साधनको तालमेल गराउन कठिनाई,
- सामिजक र जातिय विभेदको जरा बढ्दै गएकोले समतामूलक समाज निर्माणमा कठिनाई,
- छरिएर रहेका बस्तीहरुमा सामाजिक, आर्थिक र भौतिक पूर्वाधार तथा पालिकाले सहज सेवा पुर्याउन कठिनाई,
- दक्ष जनसक्ति र पूर्वाधारको कमीले पर्यटन प्रवर्द्धनमा कठिनाई,
- संस्थागत क्षमता, सामाजिक सोच र परम्परागत विचारधारा, सूचनाको अभावका कारण पालिकाबाट प्रवाह हुने सेवा, सुविधा सबै जनताको पहुँचमा पुर्याउन कठिनाई,

## २.३ प्रमुख सम्भावना र अवसर

जहाँ समस्या त्यहाँ सम्भावना र अवसर पनि साथसाथै हुन्छन् । कालिकामा धेरै समस्या र चुनौतीहरु भएपनी सम्भावना र अवसरहरु पनि उतिकै रहेको छन् ।

| अवसर | सम्भावना |
|---|---|
| • कृषिजन्य र पशुजन्य व्यवसायिक उत्पादनका लागि उर्वर भूमि रहेको ।<br>• प्राकृतिक श्रोत .(वन जंगल, नदिनाला, पानीका श्रोत, ढुंगा, गिट्टी, बालुवा) आदिको उपलब्बधताबाट आर्थिक स्रोत र रोजगारी श्रृजना हुने ।<br>• पर्यापर्यटन, कृषि पर्यटन, साहसिक पर्यटनको लागि उपयुक्त स्थान रहेको ।<br>• सडक र शिक्षा लगायतका क्षेत्रमा पूर्वाधरको पर्याप्तता रहेको ।<br>• व्यवस्थित शहरीकरणका लागि एकीकृत वस्ती/आवासको लागि नक्सांकन भएको ।<br>• नदीनालाहरुबाट सिंचाई, खानेपानीको व्यवस्थापन गरी उत्पादन र आन्तरिक श्रोतलाई बढाउन सकिने ।<br>• कृषिमा आधारित उद्योगधन्दाहरुको स्थापना र विस्तार गर्न सकिने । | • पर्यटन प्रवर्द्धन गरी रोजगरी, व्यापार वृद्धि गरि आर्थिक उन्नति गर्ने ।<br>• सिंचाई सुविधा विस्तार गरी उत्पादन बृद्धि गर्न सकिने ।<br>• वनको दिगो विकास गरि वनमा आवद्द समुदायको आयश्रोत बृद्दि गर्ने ।<br>• केराखेतीका लागि सहुलियत ऋण उपलब्ध गराउन पहल गरी उत्पादन बृद्धि गर्न सकिने ।<br>• घरेलु तथा साना उद्योगहरुको स्थापना र कच्चा पदार्थको उपयोग गर्ने ।<br>• शक्तिखोर स्थित औद्योगिक क्षेत्रमा उद्योगहरु स्थापना गर्न प्रोत्साहन गरी अधिकतम उद्योग धन्दाको स्थापना गरी स्थानीय रोजगारी सृजना गर्न सकिने । |

## २.४ सोच, उद्धेश्य तथा रणनीति

राजनीतिक स्थायित्वको जगमा तीव्र आर्थिक विकास र समृद्धि दुरगामी सोच सहितको राष्ट्रिय लक्ष्यहरू निर्धारण गरिएका छन् । आय वृद्धि, गुणस्तरीय मानवपुँजी निर्माण र आर्थिक जोखिमको न्यूनीकरण गर्दै वि.सं. २०७९ सम्म अति कम विकसित देशबाट विकासशिल देशमा स्तरोन्नति गर्ने र वि.सं. २०८७ सम्म दिगो विकास लक्ष्य हासिल गर्दै उच्च मध्यम आयस्तर भएको मुलुकमा स्तरोन्नति हुने गरी राष्ट्रिय र प्रादेशिक सोच लक्षित रहेको छ । संघिय सरकारले नेपालको दीर्घकालीन सोच, २१०० तर्जुमा गरिसकेको हुँदा उक्त सोचलाई हासिल हुनेगरी नगरपालिकाको विशेषता र प्राथमिकता झल्किने गरी कालिका नगरपालिकाको दीर्घकालीन सोच निर्धारण गरिएको छ ।नेपाल सरकारको समृद्ध नेपालः सुखी नेपालीको दीर्घकालीन सोच अनुरुप तयार चालु पन्ध्रौं योजना, बागमती प्रदेश सरकारको प्रथम आवधिक योजना तथा नगरपालिकाको योजनामा समावेश नीति तथा कार्यक्रमलाई यसमा आत्मसात गर्ने प्रयास गरिएको छ ।

### २.४.१ दीर्घकालीन सोच

**"समृद्ध कालिका, सुखी कालिकाबासी"**

### २.४.२ समष्टिगत लक्ष्य

दिगो विकासको अवधारणालाई आत्मसात गर्दै स्थानीय स्रोत साधन र प्रविधिको उच्चतम प्रयोगका साथ अर्थतन्त्रमा दिगो वृद्धि हासिल गरी नगरपालिकामा समतामूलक र समावेशी वातावरण सिर्जना गर्दै पालिकाबासीको जीवनस्तरमा सुधार ल्याउने गरी लक्ष्य निर्धारण गरिएको छ।

**नगरपालिकाको समष्टिगत विकासका लागि आर्थिक, भौतिक, सामाजिक र साँस्कृतिक क्षेत्रको उच्च विकास सहित वातावरण मैत्री, समावेशी, न्यायपूर्ण तथा सुशासनयुक्त नगरपालिका निर्माण गर्ने ।**

### २.४.३ समष्टिगत उद्देश्य

- ✓ आर्थिक क्षेत्रः आत्मनिर्भर ग्रामीण अर्थतन्त्र विकासको लागि स्थानीय प्राकृतिक स्रोतको दिगो उपयोग र प्रभावकारी व्यवस्थापन मार्फत कृषि, पशु, पर्यटन क्षेत्रको उत्पादकत्व वृद्धि गर्दै उद्यमशिलता र रोजगारीका अवसरहरु सृजना गरी सामाजिक न्याय सहितको समतामूलक आर्थिक विकास गर्ने ।
- ✓ सामाजिक क्षेत्रः स्वास्थ्य र शिक्षालाई गुणस्तरीय, सर्वसुलभ र निःशुल्क बनाउँदै सबै वर्ग, समुदायको समतामूलक विकासका लागि लैङ्गिक तथा सामाजिक समावेशीकरणका आधारमा स्थानीय भाषा, धर्म, संस्कृति, कला तथा साहित्यको प्रवर्द्धन गर्दै समतामूलक समृद्ध समाज निर्माण गर्ने ।
- ✓ पूर्वाधार विकासः गुणस्तरीय सार्वजनिक पूर्वाधार निर्माण, सडक, सञ्चार, उर्जा, सिंचाई, स्वच्छ खानेपानी तथा सरसफाई, सूचना प्रविधि जस्ता आधारभूत पूर्वाधारयुक्त पालिका बनाउन जोड दिने ।
- ✓ संस्थागत विकास तथा सुशासनः उच्च संस्थागत सम्झनायुक्त पालिका संयन्त्र, प्रभावकारी संस्थागत सहकार्य र समन्वय, सार्वजनिक प्रशासन तथा सेवा प्रवाहलाई प्रविधि मार्फत नागरिकमैत्री बनाई स्थानीय सरकारलाई नतिजामुखी र प्रभावकारी बनाउँदै जवाफदेहिता, पारदर्शिता र सुशासन अभिवृद्धि गर्ने ।

### २.४.४ समष्टिगत रणनीति

- ➢ कृषि उत्पादन तथा मासुजन्य उत्पादनमा पालिकालाई आत्मनिर्भर बनाउन आधुनिकीकरण र व्यावसायिकीकरणमा जोड दिने ।
- ➢ स्थानीय सीप, प्रविधि र पूँजीको उच्चतम उपयोग एवं संरक्षण गर्दै रोजगारी सिर्जना र स्वरोजगार प्रवर्द्धनमा जोड दिने ।
- ➢ गुणस्तरीय, निःशुल्क र सर्वसुलभ शिक्षा र स्वास्थ्य सुविधा सुनिश्चित गर्दै समतामूलक समाज निर्माणमा जोड दिने ।
- ➢ लैङ्गिक समानता, सामाजिक समावेशीकरण अभिवृद्धि गर्दै स्थानीय भाषा, धर्म, संस्कति, कला तथा साहित्यको संरक्षण, प्रवर्द्धन र विकासमा जोड दिने ।
- ➢ गुणस्तरीय सडक सञ्जाल मार्फत स्थानीय उत्पादनको बजारीकरण र यातायात पहुँच बृद्दिमा जोड दिने ।
- ➢ सुरक्षित र व्यवस्थित आवासको हकलाई आत्मसात गर्दै विपद् जोखिम न्यूनिकरण हुने गरी सुरक्षित बसोबासको प्रवन्धमा जोड दिने ।
- ➢ सार्वजनिक, निजी र सहकारी क्षेत्रको समन्वयात्मक सहकार्य मार्फत सामुहिक खेती एवं उत्पादनमूलक क्षेत्रमा उद्योग र व्यवसाय प्रवर्द्धनमा जोड दिने ।
- ➢ प्रविधिमैत्री सार्वजनिक प्रशासन मार्फत जवाफदेहिता, पारदर्शिता, नमुनायोग्य र परिणाममुखी शासन व्यवस्था सञ्चालनमा जोड दिने ।

## २.५ मध्यमकालीन आर्थिक खाका

नेपाल सरकारको समृद्ध नेपालः सुखी नेपालीको दीर्घकालीन सोच अनुरुप तयार चालु पन्ध्रौं योजना, बागमती प्रदेश सरकारको सोच समृद प्रदेश र सुखी नागरिक र कालिका नगरपालिकाको "समृद्ध कालिका, सुखी कालिकाबासी" तथा नगर वासिको लक्ष्य अनुरुप आगामी तिन आर्थिक वर्षको मध्यमकालीन खर्च संरचाको प्रमुख लक्ष्य तथा नतिजा सूचक निर्धारण गरिएको छ । सो अनुसार ३ वर्षको समष्टिगत आर्थिक लक्ष्य तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका २ मध्यमकालीन आर्थिक खाका**

| क्र.स | सूचक | एकाई | २०८०/०८१ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| १ | कृषि क्षेत्र मुख्य आम्दानीको स्रोत भएको परिवार | संख्या | ६३४८ | ६००० | ५८०० | ५५०० |
| २ | गैर कृषि क्षेत्र मुख्य आम्दानीको स्रोत भएको परिवार | संख्या | २२३२ | २४०० | २६०० | ३००० |
| ३ | आधारभूत खाध सुरक्षाको स्थितिमा रहेका परिवार | प्रतिशत | ७५ | ७८ | ८० | ८२ |
| ४ | प्रतिव्यक्ति वार्षिक औषत आय | अमेरीकी डलर | २१२१ | २३२४ | २५४० | २८०२ |
| ५ | १० वर्ष र सो भन्दा माथिका आर्थिक रुपमा सक्रिय व्यक्तिको बेरोजगारी दर | प्रतिशत | ३.७ | ३.५ | ३.४ | ३.२ |
| ६ | आर्थिक रुपमा सक्रिय जनसंख्या | प्रतिशत | ६३.४ | ६५ | ६८ | ७२ |

## २.६ मध्यमकालीन बजेट खाका

नेपाल सरकारको समृद्ध नेपालः सुखी नेपालीको दीर्घकालीन सोच अनुरुप तयार चालु पन्ध्रौं योजना, बागमती प्रदेश सरकारको सोच समृद प्रदेश र सुखी नागरिक र कालिका नगरपालिकाको "समृद्ध कालिका, सुखी कालिकाबासी" तथा नगर वासिको लक्ष्य अनुरुप आगामी तिन आर्थिक वर्षको मध्यमकालीन खर्च संरचाको प्रमुख लक्ष्य तथा नतिजा सूचक निर्धारण गरिएको छ । सो अनुसार ३ वर्षको समष्टिगत बजेट खाका तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ३ मध्यकालीन बजेट खाका**

| क्र.स | विवरण | २०७९/०८० को यथार्थ | २०८०/०८१ को संशोधित अनुमान | मध्यमकालीन खर्च संरचना | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| क | राजस्व तथा अनुदान | ८४९६८९ | ७८,११,६४ | ८५५२६७ | ९३१५२३ | ९६१४६२ |
| १ | आन्तरिक आय | ५४००० | ७१५०० | ७३५०० | ७८००० | ८२५०० |
| २ | राजस्व बाँडफाँडवाट प्राप्त आय(नेपाल सरकार + प्रदेश सरकार ) | २३८०३४ | २३४५९७ | २४२४७१ | २५४२०० | २५८००० |
| ३ | रोयल्टी बाँडफाँड | १००१ | १००० | २७०० | ३५०० | ४००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | नेपाल सरकार वितिय हस्तान्तरण | ४८२७४६ | ४२८८८४ | ४५२६४६ | ४९२४२३ | ५०५००६ |
| | वितिय समानिकरण अनुदान | १५५६०० | १३४९०० | १३९२०० | १४४५०० | १५५००० |
| | सशर्त अनुदान | ३८७१४६ | २६९६०० | २७५९४६ | २८५०६० | ३०५०५६ |
| | समपुरक अनुदान | ६८९०८ | ३६०८३ | १९००० | २०००० | २३६०० |
| | विशेष अनुदान | १०००० | १५००० | १८५०० | १९४५० | २१३५० |
| ५ | प्रदेश सरकार वितिय हस्तान्तरण | ६८९०८ | ३६०८३ | ७३९५० | ९२४०० | १००४५६ |
| | वितिय समानिकरण अनुदान | १४९५४ | १४१०१ | १४०३७ | १४८२० | १५२०० |
| | सशर्त अनुदान | २३९६६ | २१९८० | २३४१३ | २५६०० | २७९०० |
| | समपुरक अनुदान | २९९८९ | - | ३०००० | ४५००० | ४९८५६ |
| | विशेष अनुदान | - | - | ६५०० | ६९८० | ७५०० |
| ६ | अन्य अनुदान | - | - | - | - | - |
| ७ | जनसहभागीता | ५००० | १,००,०० | १०००० | ११००० | ११५०० |
| ८ | ऋण | - | - | - | - | - |
| ९ | नगद तथा बैंक मौज्दात | | | | | |
| ख | कुल खर्च | **९७५१८८** | **८६,३६,२०** | ९२९७७४ | ९९८५६५ | १०५६७८० |
| | चालु खर्च | ४६९७११ | ४२,६२,२७ | ५००७७२ | ५००७६५ | ५०११८० |
| | पुजीगत खर्च | ५०५४७७ | ४३,७३९२ | ४२९००२ | ४९७८०० | ५५५६०० |
| | वितिय व्यवस्थापन | - | - | | | |
| ग | बजेट बचत तथा न्युन | **१२५४९९** | **८,२४,५६** | ७४५०७ | ६७०४२ | ९५३१८ |

## मध्यमकालीन नतिजा खाका

नेपाल सरकारको पन्ध्रौं योजना, बागमती प्रदेशको आवधिक योजना तथा कालिका नगरपालिकाको आवाधिक योजनाले लिएको समष्टिगत तथा विषयगत अपेक्षित उपदव्धि हासिल गर्न सहयोग पुग्ने गरी आगामि तीन आर्थिक वर्षको समष्टिगत नतिजा खाका निर्धारण गरिएको छ । यो खाका विगत आर्थिक वर्षहरुको उपलब्धि र चालु आ.ब २०८०/०८१ को अनुमानित उपलब्धिको आधारमा आगामी आ.व २०८१/०८२ को लक्ष्य निर्धारण गरिएको छ। नतिजा खाकाको दोश्रो र तेश्रो लक्ष्य वर्तमान आवाधिक योजना र विगत बर्षहरुको उपलब्धिको आधारमा निर्धारण गरिएको छ। मध्यमकालीन समष्टिगत नतिजा खाका तालिकामा प्रस्तुत गरिएको छ

**तालिका ४ प्रमुख विषय क्षेत्रगत सूचक तथा मध्यमकालीन नतिजा खाका**

| सूचक/लक्ष्य | एकाई | २०७९/०८० सम्मको उपलब्धि | २०८०/०८१ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| आर्थिक वृद्धिदर | प्रतिशत | ४.५ | ५.२ | ६.८ | ७.५ | ८.६ |
| कृषि क्षेत्रको योगदान | प्रतिशत | ११.९ | १२ | १३.५ | १३.८ | १३.९ |
| उद्योग क्षेत्रको योगदान | प्रतिशत | १०.५ | १०.६ | १०.९ | ११.५ | १२.५ |
| सेवा क्षेत्रको योगदान | प्रतिशत | ७७.६ | ७७.४ | ७५.६ | ७४.७ | ७३.६ |
| प्रतिव्यक्ति आय | अमेरिकी | १९१७ | २१२१ | २३२४ | २५४० | २८०२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | डलर | | | | | |
| मानव विकास सूचकांक | सूचकांक | ०.४६६ | ०.४६९ | ०.४७२ | ०.४७५ | ०.४७८ |
| औषत आयु | वर्ष | ७२.१२ | ७३ | ७३.२५ | ७३.३० | ७४ |
| साक्षरता दर | प्रतिशत | ५१.६१ | ५५ | ५८ | ६० | ७० |
| रोजगारी दर | प्रतिशत | ५६.२१ | ५७.३३ | ५८ | ६० | ६५ |
| माध्यमिक तहमा खुद भर्ना दर | प्रतिशत | ६८.४४ | ७० | ७२ | ७२.५ | ७३ |
| बाल कुपोषण दर | प्रतिशत | २ | १ | ० | ० | ० |
| सिँचाई योग्य भुमिमा सिचाई | प्रतिशत | ७० | ७५ | ८० | ८० | ८० |
| मापदण्ड अनुसारका आवास | प्रतिशत | ८५ | ९० | ९५ | ९५ | ९५ |
| खानेपानी सुविधा पुगेको जनसख्या | प्रतिशत | ९८ | ९८ | ९९ | ९९ | ९९ |
| बाह्रै महिना संञ्चालन हुने सडक | कि.मी | २६४.७६ | २७८.९८ | २९०.५ | ३०२ | ३२० |
| वन क्षेत्र | प्रतिशत | २१.३ | २२ | २४ | २४ | २५ |
| स्थानीय नीति कानुन तथा सेवा प्रवाह वाट सन्तुष्ट सेवाग्राही | प्रतिशत | ७५ | ८० | ८६ | ९० | ९५ |
| कम्प्युटर प्रणालीमा जोडीएका तथा विधुतिकरण भएका वडा | संख्या | ११ | ११ | ११ | ११ | ११ |
| पर्यटक आगमन (हजारमा) | सङ्ख्या | २५ | २६ | २८ | ३० | ३१ |
| विद्युतमा पहुँच प्राप्त परिवार | प्रतिशत | ८१.६९ | ८५ | ९० | ९८ | १०० |
| सडक निर्माण लम्बाई (पक्की/ ग्राभेल/ धुले) | कि.मी | ३७७.५८ | ४३२.५८ | ४९८ | ५४० | ५७५ |
| इन्टरनेट प्रयोगकर्ता जनसङ्ख्या | प्रतिशत | ८० | ८५ | ९० | ९० | ९५ |
| साक्षरता दर (१५ वर्ष माथि) | प्रतिशत | ६१.८९ | ६२ | ६५ | ६८ | ६९ |
| मातृ मृत्युदर (प्रति लाख जीवित जन्म) | जना | ५९ | ४३ | ३० | २० | ८ |

## २.७ बजेट विनियोजन तथा प्रक्षेपणको बाँटफाँट

अगामी तिन बर्षको बजेट अनुमान र प्रक्षेपणको विभिन्न आधारमा गरिएको तुलतात्मक विवरण देहाए बमोजिम रहेको छ।

### २.७.१ कार्यक्रम तथा आयोजनाको प्राथमिकताक्रम बमोजिम तिन आर्थिक बर्षको बजेट अनुमान तथा प्रक्षेपण

| प्राथमिकताक्रम | २०८०/०८१ को संशोधित अनुमान | | मध्यमकालीन खर्च संरचना (रु. हजारमा ) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/०८२ | | २०८२/०८३ | | २०८३/०८४ | |
| | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| पहिलो (P1) | २८८२४४ | ३६.८५ | ३१७०५३ | ३४.१० | ४०१९२२ | ४०.२५ | ४४५२२१ | ४२.१३ |
| दोश्रो (P2) | ५४५३७६ | ६३.१५ | ६१२७२१ | ६५.९० | ५९६६४३ | ५९.७५ | ६११५५९ | ५७.८७ |
| जम्मा | ८६३६२० | १०० | ९२९७७४ | १०० | ९९८५६५ | १०० | १०५६७८० | १०० |

### २.७.२ दिगो विकास लक्ष्यको आधारमा तिन आर्थिक बर्षको बजेट अनुमान तथा प्रक्षेपण

| संकेत | दिगो विकासको लक्ष्य | २०८०/०८१ को संशोधित अनुमान | | मध्यमकालीन खर्च संरचना (रु. हजारमा ) | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | | २०८२/०८३ | | २०८३/०८४ | |
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | गरिविको अन्त्य | ४४०४५ | ५.१ | ५६७१६.२१ | ६.१० | ६९९९९ | ७.०१ | ५३८९८ | ५.१० |
| २ | शुन्य भोकमरी | ६४७७२ | ७.५ | ५८११०.८८ | ६.२५ | ८९८७८ | ९. | ७६६१७ | ७.२५ |
| ३ | स्वास्थ्य जिवन | १३९९०६ | १६.२ | १३४६३१.३ | १४.४८ | १५५२७७ | १५.५५ | १६४६४६ | १५.५८ |
| ४ | गुणस्तरीय शिक्षा | १८६१९७ | २१.५६ | १८१८६३.८ | १९.५६ | २३४१६४ | २३.४५ | १९६१३८ | १८.५६ |
| ५ | लैंगिक समनाता | ७७७३ | ०.९ | २६९६३.४५ | २.९० | ४९९३ | ०.५ | १०५६८ | १.०० |
| ६ | दिगो सफापानी तथा सरसफाइ | १३२०० | १.५४ | २३६१६.२६ | २.५४ | १२४८२ | १.२५ | १६४८६ | १.५६ |
| ७ | आधुनिक उर्जामा पहुंच | ८६३६ | १. | १८५९५.४८ | २.०० | १११८४ | १.१२ | १९०२३ | १.८ |
| ८ | समावेशि आर्थक वृदि र मर्यादित काम | १७७०४ | २.०५ | ९४८३.६९५ | १.०२ | ८४८८ | ०.८५ | २११३६ | २.० |
| ९ | उधोग नविन खोज र पुरवाधार | २०५५४२ | २३.८ | २०९१९९.२ | २२.५० | २४४६४९ | २४.५ | २८११०४ | २६.६ |
| १० | असमानता न्युनीकरण | १३४७२ | १.५६ | १८७८१.४३ | २.०२ | ४९९३ | ०.५ | १५८५२ | १.५ |
| ११ | दिगो शहर र बस्तीहरु | ७६०० | ०.८८ | ९२९७.७४ | १ | ५९९१ | ०.६ | १४७९५ | १.४ |
| १२ | दिगो उत्पादन र उपभोग | ४३१८ | ०.५ | ९२९७.७४ | १ | २९९६ | ०.३ | ९५११ | ०.९ |
| १३ | जलवायू परिवर्तन | ३८८६३ | ४.५ | ५११३७.५७ | ५.५० | ४४९३६ | ४.५ | ४८२९५ | ४.५७ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | अनुकुलन | | | | | | | | |
| १४ | सामुन्द्रिक श्रोतको उपयोग | ० | ० | ० | ० | ० | ० | ० | ० |
| १५ | भू-सतहको प्रयोग | १२९५ | ०.१५ | १०६९२ | १.१५ | ८६८८ | ०.८७ | १०५६८ | १.० |
| १६ | शान्तिपुर्ण, न्यायपुर्ण र सशक्त समाज | १०३६३४ | १२ | १०६९२४ | ११.५० | ९९८५७ | १०. | १११७०२ | १०.५७ |
| १७ | दिगो विकास लक्ष्यका लागी विश्वव्यापी साझेदारी | ४३१८ | ०.५ | ५३९३ | ०.५८ | ४४९४ | ०.४५ | १००३९ | ०.९५ |

## २.७.३ लैंगिक संकेतको आधारमा तीन आर्थिक बर्षको बजेट अनुमान तथा प्रक्षेपण

| लैंगिक संकेत | २०८०/०८१ को संशोधित अनुमान | | मध्यमकालीन खर्च संरचना (रु. हजारमा) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/०८२ | | २०८२/०८३ | | २०८३/०८४ | |
| | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| **निर्दिष्ट** | ७१२४९ | ८.२५ | ८७८६४ | ९.४५ | ७३०९५ | ७.३२ | ८४५४२ | ८.० |
| **सहयोगी** | ३१४७८९ | ३६.४५ | ३९७६६४ | ४२.७७ | ४१८२९९ | ४१.८९ | ५१६३४३ | ४८.८६ |
| **तटस्थ** | ४७७५८२ | ५५.३ | ४४४२४६ | ४७.७८ | ५०७१७१ | ५०.७९ | ४५५८९५ | ४३.१४ |
| **जम्मा** | ८६३६२० | १०० | ९२९७७४ | १०० | ९९८५६५ | १०० | १०५६७८० | १०० |

## २.७.४ जलवायु संकेतको आधारमा तिन आर्थिक बर्षको बजेट अनुमान तथा प्रक्षेपण

| जलवायु संकेत | २०८०/०८१ को संशोधित अनुमान | | मध्यमकालीन खर्च संरचना | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/०८२ | | २०८२/०८३ | | २०८३/०८४ | |
| | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| अत्यन्त सान्दर्भिक | २११५० | २.४५ | १८६८८ | २.०१ | १८९७३ | १.९ | ३६४५९ | ३.४५ |
| सान्दर्भिक | ३९२९५ | ४.५५ | ५२९९८ | ५.७ | ८६८७५ | ८.७ | ६८६९१ | ६.५ |
| तटस्थ | ८०३१६७ | ९३ | ८५८०८८ | ९२.२९ | ८९२७१७ | ८९.४ | ९५१६३० | ९०.०५. |
| जम्मा | ८६३६२० | १०० | ९२९७७४ | १०० | ९९८५६५ | १०० | १०५६७८० | १०० |

## २.८ बिषय क्षेत्र/उपक्षेत्रकोतीन आर्थिक बर्षको बजेट अनुमान तथा प्रक्षेपण

| क्षेत्र | २०८०/०८१ को संशोधित अनुमान | | मध्यमकालीन खर्च संरचना | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/०८२ | | २०८२/०८३ | | २०८३/०८४ | |
| आर्थिक विकास | ९६२०५ | ११ % | ८४६०५ | ९.०९% | ९९८५७ | १०% | १२६८१४ | १२ |
| सामाजिक विकास | २९७९४९ | ३४.५ | ३३४१२० | ३५.९% | ३४९४९८ | ३५% | ३५९३०५ | ३४ |
| पूर्वाधार विकास | ३४७१७५ | ४०.२ | ३५१०९० | ३७.७६% | ३९९४२६ | ४०% | ४२२७१२ | ४० |
| वन वातावरण तथा विपद व्यवस्थापन | १३४७२ | ०.५६ | १०१०० | १.०८% | ९९८६ | १% | ४२२७१ | ४ |
| सस्थागत विकास तथा सुशासन क्षेत्र | १०८८१६ | १२.६ | १४९८५९ | १६.११% | १३९८०० | १४% | १०५६७८ | १० |
| जम्मा | ८६३६२० | १०० % | ९२९७७४ | १००% | ९९८५६५ | १००% | १०५६७८० | १००% |

आर्थिक बर्ष २०८१/०८२ को अनुमानित विनियोजन र ०८२०/८३ तथा ०८३/०८४ को प्रक्षेपण विषय क्षेत्रगत, उप क्षेत्रगत कार्यक्रम तथा आयोजनाको विवरण, उपलब्धि परिच्छेद ३ देखि ७ सम्म प्रस्तुत गरिएको छ ।

## २.९ नगर गौरवका आयोजना

कालिका नगरपालिकाले वातावरणमैत्री विकास सामाजिक आर्थिक योगदान पुर्याउने रणनीतिक महत्वका आयोजनालाई गौरवका आयोजनाको रुपमा प्रस्ताव गरेको छ । नगरपालिकाको गौरवका आयोजनाको आगामी आ.व २०८१/०८२ को खर्च अनुपात र त्यसपछिका दुई वर्षको खर्च प्रक्षेपणलाई तल तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ५ नगरपालिकाको गौरवका आयोजना**

| आयोजना तथा कार्यक्रम | मध्यमकालीन खर्च संरचना (रु हजारमा) | | |
|---|---|---|---|
| | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| थाङ-वुङखोला व्यवस्थापन | १,८५,०० | १९००० | १५००० |
| कमलचोक-गढुवाचोक, खगेरी सडक स्तरोन्नती | ६०,०० | ७००० | ६००० |
| सिन्ती झरना स्तरोन्नती | १०,०० | १५०० | १५०० |
| नगरपालिका गेट-क्लवचोक जुटपानी शक्तिखोर सडक स्तरोन्नती | ६०,०० | ६००० | ६००० |
| बाटो नं. १ स्तरोन्नती | ३०,०० | ४०,०० | ५०,०० |
| बाटो नं. ९ स्तरोन्नती | १०,०० | १५०० | १५०० |
| रिङ्गरोड-कालिका | २,००,०० | १५००० | १५००० |
| तीनदोभान-वजवाङ चोक सडक | ९०,०० | ८००० | ९००० |

# परिच्छेद ३ : आर्थिक क्षेत्र

यस मध्यमकालीन खर्च संरचना प्रयोजनका लागि कृषि, पशुपन्छी तथा मत्स्य, सहकारी, उद्यम विकास, भुमि व्यवस्था, पर्यटन, खानी खनिज, उद्योग, बैंक तथा वित्तिय क्षेत्र र गरिबि निवारण उप-क्षेत्रहरु आर्थिक क्षेत्रमा समावेश गरिएको छ । यि उप-क्षेवहरुको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा कार्यक्रमहरुलाई देहाय अनुसार प्रस्तुत गरिएको छ ।

## ३.१ कृषि तथा पशुपन्छी

### ३.१.१ पृष्ठभूमि

कृषि क्षेत्र नेपालको अर्थतन्त्रको महत्वपूर्ण अंग हो । हाल मुलुकमा कृषिको यान्त्रिकीकरण, आधुनिकीकरण र व्यवसायीकरण गर्ने उद्देश्यले १५ वर्षीय कृषि विकास रणनीति कार्यान्वयनको चरणमा छ । यसका साथै जैविक खेतीको विकासका निम्ति प्रविधि विकास, सामुदायिक तथा सहकारी संस्थाहरूको क्षमता विकासका कामहरू भइरहेका छन् ।

प्रदेश सरकारको कार्य क्षेत्रमा कृषि उत्पादन र उत्पादकत्व बढाउने कार्यक्रमहरू, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाका पकेट, ब्लक, जोन र सुपरजोन विकास कार्यक्रमस कृषिउपजको न्यूनतम समर्थन मूल्य निर्धारण र कार्यान्वयनस कृषि र पशुपन्छी बिमासम्बन्धी योजना र कार्यान्वयन, सहुलियत दरमा कृषि ऋणको व्यवस्था, कृषि फार्म केन्द्रहरूको विकास र व्यवस्थापन, कृषि तथा पशु रोगको निदान प्रयोगशाला व्यवस्थापन र नियमन, कृषिजन्य वस्तु, सेवा र प्रविधिको गुणस्तर निर्धारण र प्रमाणीकरण, सामूहिक खेती प्रणालीको विकासजस्ता विषयहरू पर्दछन् ।(स्रोत : खाद्य तथा पोषण सुरक्षा योजना २०७७/७८- २०८१/०८२) नगरपालिकाको कुल जनसंख्याको ४५.३८% जनसंख्याले मुख्य पेशाको रुपमा कृषि तथा पशुपालन अगालेको छ ।

### ३.१.२ समस्या तथा चुनौती

- परम्परागत निर्वाहमूखी खेति प्रणाली ,
- बाहै महिनामा सिंचाईको सुबिधा उपलब्ध नभएको ,
- आधुनिक एवम् उन्नत मल तथा बिउ बिजनको समयमा पर्याप्त मात्रामा उपलब्ध नहुने,
- दक्ष प्राविधिकको अभाव, आधुनिक कृषि तालिमको अभाव ,
- यान्त्रिकरणको लागि आधुनिक उपकरणको कमी, कृषि उपजको लागि बजारको चरम अभाव ,
- कृषि उत्पादनको उचित मूल्य नपाउने, कृषि उपज भण्डारणको कोल्ड स्टोरेज, चिस्यान केन्द्रको कमी,
- रोजगारीको लागि युवाको विदेश पलायन तथा भएका युवा पनि कृषि पेशामा आकर्षित नहुनु चुनौती,
- पर्याप्त मात्रामा सडक/बाटोघाटोको विकास निर्माण नहुनु, कृषि सडकको कमी,
- भौगोलिक बनोटका कारण खेतीयोग्य जमिन धेरै जसो भिरालो हुनु।

### ३.१.३ सोच

- आर्थिक समृद्धिको आधार कृषि क्षेत्रको विकास

### ३.१.४ उद्धेश्य

- खाद्यान्य तरकारी फलफुल तथा दुग्ध जन्य र मासुजन्य उत्पादनमा वृद्धि गरी आत्मनिर्भर बनाउनु ।
- व्यवसायिक र उच्च प्रतिफलमुखी उत्पादनमा केन्द्रित गर्नु ।
- नमुना कृषि क्षेत्रको रुपमा विकास गर्नु ।
- वातावरण मैत्री दिगो कृषि र कृषिमा आधारित उद्योगहरुको विकास गर्नु ।

### ३.१.५ रणनीति

- आधुनिक कृषि प्रविधि तथा उपकरणको प्रयोग गरी निर्वाहमुखी खेती अन्त्य गर्दै व्यवसायीकरण गर्ने।
- कृषि उत्पादन क्षेत्र अनुसार पकेट घोषणा गरी उपयुक्त प्रविधि, पुर्वाधार, सिचाई, बीउबिजन तथा मल, बाली बीमा एवम् क्षमता विकास तथा कृषि प्रसारका कार्यक्रम सञ्चालन गर्ने।
- न्यूनतम समर्थन मूल्य तोकी उत्पादकले उत्पादन लागत मुताबिक मूल्य पाउन नसकेमा नगरबाट भरण गर्ने ।
- उत्पादित उपजको सङ्कलन तथा भण्डारको लागि सङ्कलन केन्द्रहरूको स्थापना, चिस्यान केन्द्र तथा शीत भण्डार निर्माण र दिगो उपयोगमा सहयोग गर्ने ।
- कृषि तथा पशुपालन सहकारीको सहकार्यमा कृषि, दुध तथा माछा मासुजन्य उद्योगको स्थापना र सञ्चालन गर्ने ।
- प्रत्येक वडामा अगुवा कृषकहरुको नेतृत्वमा कृषक समूह गठन गरी कृषि विज्ञ समूहका रूपमा विकास गर्ने।
- कृषि तथा पशुपालन सहकारीसँग साझेदारी गरी प्राङ्गारिक मल तथा किटनासक उत्पादन गर्ने उद्योग स्थापना, विक्रि वितरण गर्ने ।

### ३.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

कालिका नगरपालिकाको आवाधिक योजनाले कृषि तथा पशुपन्छी उपक्षेत्रमा लिइएको समष्टिगत लक्ष्य तथा उद्धेश्यका आधारमा तयार गरिएको सूचक तथा लक्ष्य तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ६ कृषि तथा पशुपन्छी उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| सूचक/लक्ष्य | एकाई | २०७९/०८० सम्मको उपलब्धि | २०८०/०८१ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| उत्पादनमा संलग्न कृषक घरधुरी | संख्या | ८५८० | ८६०० | ८६२० | ८६६० | ८७२० |
| व्यवसायिक कृषक | संख्या | ६८६४ | ६८९० | ६९०० | ६९२० | ६९५० |
| अगुवा कृषक | संख्या | २२० | २३० | २५५ | २७८ | २९५ |
| सक्रिय व्यवसायिक कृषक समूह | संख्या | ३१ | ३१ | ३३ | ३३ | ३४ |
| स्थानीय व्यवसायिक कृषि फार्म | संख्या | ४०८ | ४२१ | ४२५ | ४३२ | ४५० |
| तरकारी उत्पादन | मे.टन | २६६०० | २६८५० | २७५०० | २८००० | २८५०० |
| फलफुल उत्पादन | मे.टन | २९६५० | ३०९२० | ३१६५० | ३२३०० | ३३४५० |
| व्यवसायिक कृषि नर्सरी | संख्या | ४ | ६ | ८ | १० | १२ |
| कृषि उपज संकलन तथा बजार प्रवद्र्धन केन्द्र | संख्या | २ | ३ | ३ | ४ | ४ |
| कोल्ड स्टोर संख्या | संख्या | ० | ० | ० | ० | १ |
| उन्नत विउ, जैविक मल र विषादी प्रयोग गर्ने, आधुनिक कृषि प्रविधि प्रयोग गर्ने | परिवार | २५१९ | २९३९ | ३३५९ | ४१९९ | ५०३९ |
| कृषि वीमा सेवावाट | संख्या | ५५ | ६० | ६५ | ७० | ७५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| लाभान्वित कृषक | | | | | | |
| संचालनमा रहेको कृषिवजार, हाटवजार तथा कृषि थोकवजार | संख्या | ५ | ५ | ७ | ७ | ८ |
| कृषि सूचना तथा वजार मूल्य जानकारीका लागि वनाइएको मोवाइल एप्स | संख्या | ० | ० | ० | १ | १ |
| एग्रोभेट | संख्या | २० | २० | २२ | २५ | २७ |
| पशु उपचार केन्द्र | संख्या | ३ | ३ | ३ | ४ | ४ |
| कृतिम गर्भाधान सेवा (प्राविधिक) | संख्या | ८ | ८ | ८ | ९ | ९ |
| उन्नत नश्लका पशुपन्छी श्रोत केन्द्र | संख्या | - | - | - | - | - |
| भेटेरिनरी प्रयोगशाला | संख्या | १ | १ | १ | १ | १ |
| दुग्ध उत्पादन सहकारी संस्था | संख्या | ७ | ७ | ८ | ८ | ८ |
| पशु तथा कृषि प्राविधिक जनशक्ति | संख्या | ७ | ७ | ८ | १० | १२ |
| दुग्ध चिस्यान तथा डेरी | संख्या | ५ | ५ | ७ | ७ | ८ |
| पशु बिमा | प्रतिशत | ४५ | ५० | ५२ | ५५ | ६० |

### ३.१.७ कृषि तथा पशु क्षेत्रको कार्यक्रमहरुको संक्षिप्त विवरण

**तालिका ७ कृषि तथा पशुपन्छी उपक्षेत्रको कार्यक्रमहरूको संक्षिप्त विवरण**

| कार्यक्रम/आयोजना | उद्धेश्य | आयोजना अवधि | लागत (हजारमा) | आगामी ३ बर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|
| कृषि तथा पशु विकास यान्त्रिकरण | कृषिमा आधुनिकीकरण तथा यान्त्रिकरण गर्नु | २०८१/०८२ देखि २०८३/०८४ | | कृषकलाई कृषिका आधुनिक यन्त्रहरुको वितरण गरि कृषि उत्पादनमा वृद्धि भएको हुनेछ । |
| कृषि तथा पशु विकास व्यवसाय प्रर्वद्धन कार्यक्रम(थोपा सिचाई, बगैचा,उन्नत बिउ तथा जात वितरण) | कृषि पेशामा आकर्षित गरि कृषि उत्पादनमा वृदि गर्नु | सालबसाली | १२५००० | कृषकको आयआर्जनमा वृद्धि भएको हुनेछ । |
| बालि विकास कार्यक्रम | रैथाने तथा उन्नत वालीहरुको संरक्षण तथा विकास | २०८१/०८२ देखि २०८३/०८४ | ६५०० | वालीहरुको संरक्षण तथा प्रवर्द्धन भएको हुनेछ |
| पकेट कार्यक्रम तथा अन्य सालबसाली कार्यक्रम | कृषि उत्पादनमा वृद्धि | २०८१/०८२ देखि | ३००० | व्यवस्थित सिचाई, गोठ तथा बगैचाहरु निर्माण भएको हुनेछ |

| | | | | |
|---|---|---|---|---|
| | | २०८३/०८४ | | |
| बाली तथा पशु संरक्षण कार्यक्रम | जैविक तथा किटनाशक विषाधिको प्रयोग गर्नु | सालबसाली | १५०० | आर्गनिक कृषि उत्पादनमा वृद्धि भएको हुनेछ |
| कृषि तथा पशु विमा कार्यक्रम | पशुपालन बृद्धि गर्नु | २०८१/०८२ देखि २०८३/०८४ | ६०० | पशुपालन गर्ने कृषकको संख्यामा वृद्धि भएको हुनेछ |
| पशु विकास कार्यक्रम | पशु जन्य उत्पादनमा वृद्धि तथा सहज बजारीकरण गर्नु | सालबसाली | २५००० | पशुपालनको व्यवसायिकरण भएको हुनेछ । |

### ३.१.८ जोखिम पक्ष तथा पूर्वानुमान

नगरपालिकामा व्यवसायिक कृषकहरुको संख्या वृद्धि भई कृषि उत्पादन तथा उदपादकत्वमा साथै बजारीकरणमा सुदृढ भएको हुनेछ । कृषि तथा पशु विकासमा उन्नत प्रविधि प्रयोग भएको हुनेछ ।आर्थिक शिथिलता, प्राकृतिक समस्या र विदेश पलायन समस्याले कृषि तथा पशु विकासमा जोखिम रहने सम्भावना देखिन्छ ।

## ३.२ सिंचाई

### ३.२.१ पृष्ठभूमि

कालिका नगरपालिका भएर बग्ने नदी तथा खोलाहरु जस्तै थाङ्गखोला, काली खोला, कयर खोला, चुहा खोला, शान्ति खोला लागयत अन्य खहरेहरु सिंचाईका प्रमुख स्रोत हुन । यस देखि बाहेक महानपुर भूमिगत सिंचाई, भिमवारी टोल तथा पिपरिया टोल डिपबोरिङ्ग, पदमपुर डिप बोरिङ्ग लयागत अन्य डिप बोरिङ्गको माध्यमबाट पनि सिंचाई सुविधा उपलब्ध गराइएको छ । जसमध्ये कयर खोलाबाट सबभन्दा बढी सिंचाई आयोजना संचालन भएका छन् । यसका बावजुद पनि पर्याप्त मात्रामा खेतीयोग्य जमिनमा सिंचाई सुविधा उपलव्ध हुन सकेको छैन र सिंचाई सुविधा नपुगेका स्थानहरुमा खेतीको लागि अन्य ओभरहेड टयांकी, स्थानीय खोलाहरूमा बाँध तथा लिफ्ट मार्फत र केही मात्रामा आकाशे पानीमा निर्भर रहनु पर्ने बाध्यता रहेको छ । यहाँका कृषकहरुले धान, गहुँ, मकै, फलफूलका साथै विभिन्न थरिका बेमौसमी तरकारी बालीको पनि उत्पादन गर्ने गरेको पाइन्छ । आवश्यकक पुर्वाधार विकासको अभावमा सबै नागरिकले यथोचित रुपमा सिंचाईको लागि पानी उपभोग गर्न सकिरहेको अवस्था छैन । मानव वस्तीको क्रमिक विकास र जलवायु परिवर्तन तथा विश्व तापमान वृद्धि साथै प्राकृतिक स्रोतको अत्यधिक दोहनका कारण पानीका स्रोतहरू सुक्ने क्रम जारी छ ।

### ३.२.२ समस्या तथा चुनौती

कृषि योग्य जमिनमा अपेक्षित मात्रामा सिंचाई सुविधा नहुनु, सिंचाई विकासमा आधुनिक प्रविधि जस्तै (थोपा सिंचाई, प्लाष्टिक पोखरी, लिफ्टिङ, बोरिङ्ग) को प्रयोगमा कमी हुनु, प्रयास सिंचाई कुलो र पोखरी गुणस्तरीय तथा पक्की नहुनु, भएका सिंचाई आयोजनाहरू पनि पूर्ण क्षमतामा प्रयोगमा आउन नसक्नु, मर्मत सम्भारको कमी हुनु, सिंचाई स्रोत मुहान सुक्दै जानु, जल उत्पन्न प्रकोपले सिंचाई आयोजनामा क्षति पुग्नु, कृषि प्रणाली र सिंचाई बीच अन्तरसम्बन्ध स्थापित गर्न नसकिनु आदि यस क्षेत्रका प्रमुख समस्याहरू रहेका छन ।

सिंचाई योजना निर्माण खर्चिलो र कठिन हुनु, कृषियोग्य जमिनमा सर्वयाम सिंचाई सुविधा उपलव्ध गराउन नसक्नु, कृषि र सिंचाई बीच अन्तरसम्बन्ध स्थापना नहुनु, सिंचाई आयोजनाहरू पूर्ण क्षमतामा उपयोग नहुनु, स्थानीय समुदायहरूद्वारा सञ्चालन भईआएका परम्परागत सिंचाई प्रणालीका कुलाहरूको संरक्षण हुन नसक्नु, सिंचाई कुलाहरूको मर्मत सम्भारमा लाभग्राही उपभोक्ता समितिहरूलाई जिम्मेवार बनाउन नसक्नु आदि कालिका नगरपालिकाको सिंचाई विकासका चुनौतीहरू हुन ।

### ३.२.३ सोंच

सबै कृषियोग्य जमीनमा सिंचाई सुविधा, खाद्यान्न र तरकारीमा आत्मनिर्भर कालिका

### ३.२.४ उद्देश्य

- कृषियोग्य जमिनमा सिंचाईको पहुँच बृद्धि गर्न दिगो सिंचाई प्रणालीको विकास तथा व्यवस्थापन गर्नु ।

### ३.२.५ रणनीति

- खेतीयोग्य जमिन भएको तर सिंचाईको पहुँच नपुगेको वा अपर्याप्त भएको क्षेत्रमा प्राथमिकताको आधारमा सिंचाईको पहुँच बृद्धि गरिनेछ ।
- दिगो सिंचाई प्रणालीको लागि संरचनाको विकास र व्यवस्थापन गर्ने ।
- जलउत्पन्न प्रकोपको क्षति नियन्त्रण गर्नु ।

### ३.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

कालिका नगरपालिकाको आवाधिक योजनाले लिइएको समष्टिगत लक्ष्य तथा उद्धेश्यका आधारमा तयार गरिएको सूचक तथा लक्ष्य तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ८ सिंचाई उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| सूचक/लक्ष्य | एकाई | २०७९/०८० सम्मको उपलब्धि | २०८०/०८१ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| बाहै महिना सिंचाई हुने कृषियोग्य भूमि | हेक्टर/ प्रतिशत | ७०% | ७५ | ८० | ८० | ८० |
| आकाशे पानीको भरमा सिंचाई हुने भुमि | हेक्टर /प्रतिशत | १२% | १० | १० | ८ | ८ |
| सिंचाईका आधुनिक पूर्वाधार निर्माणबाट सिंचाई क्षेत्र विस्तार | हेक्टर/प्रतिशत | ६०% | ६५ | ६५ | ७० | ७० |
| सिचाई बोरिङ | संख्या | | १९ (नयाँ निर्मित) | | | |

### ३.२.७ सिंचाई क्षेत्रको कार्यक्रमहरुको संक्षिप्त विवरण

**तालिका ९ उपक्षेत्रको कार्यक्रमहरूको संक्षिप्त विवरण**

| कार्यक्रम/आयोजना | उद्धेश्य | आयोजना अवधि | लागत(हजारमा) | आगामी ३ बर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|
| सिचाई संरचना निर्माण तथा मर्मत | खेतीयोग्य जमिनमा सिचाई सुविधाको विस्तार गर्ने | सालबसाली | १०५०० | सिंचाई सुविधा उपलब्ध कुल खेतीयोग्य जमिन ७० प्रतिशत भएको हुनेछ । |
| जलाधार क्षेत्रको विवरण संकलन तथा नक्सांकन | जलाधार क्षेत्रको पहिचान तथा नक्सांकन गर्नु | २०८१/०८२ देखि २०८३/०८४ | ६०० | जलाधार क्षेत्रको पहिचान भई नक्सांकन भएको हुनेछ। |

#### ३.२.८ जोखिम तथा पुर्वानुमान

सम्पूर्ण विकास साझेदारहरु संगको सहकार्यमा नगरपालिका भित्रका सबै खेतियोग्य जमिनमा सिचाईको सुविधा भएको हुनेछ । प्राकृतिक प्रकोप तथा आर्थिक समस्याको कारण अपेक्षित उपलब्धिहरु हासिल हुन जोखिम देखिन सक्छ ।

## ३.३ पर्यटन

#### ३.३.१ पृष्ठभूमि

पर्यटन उद्योगले नेपालमा, विशेष गरी देशको ग्रामीण क्षेत्रमा जीवनस्तर उकास्न महत्वपूर्ण भूमिका खेलिरहेको छ। नेपालको संविधानले पर्यटकीय स्थान र सम्पदालाई पर्यटकीय गन्तव्यका रूपमा विकास गरी राष्ट्रिय अर्थतन्त्रको प्रमुख संवाहकको रूपमा पर्यटन विकास गर्ने नीतिहरू समावेश गरेको छ। रोजगारीका अवसरहरू अभिवृद्धि, गरिबी न्यूनीकरण र जनताको जीवनस्तरमा सुधार गरी आर्थिक समृद्धिको लक्ष्य हासिल गर्न पर्यटनले महत्वपूर्ण योगदान पुर्याइरहेको हुनाले यो क्षेत्रलाई अर्थतन्त्रको प्रमुख संवाहकका रूपमा लिन सकिन्छ ।कोभिड–१९ को महामारीका बेला पर्यटकको आवतजावत ठप्प हुँदा पर्यटन उद्योगमा नराम्रो असर परेको छ । यसले पर्यटन व्यवसायीलाई ठूलो असर गर्यो र धेरै बेरोजगार भए। २०२३-२४ मा पर्यटनले गति लिएको छ र अब बिस्तारै पुनः सुरु हुँदैछ। यसले फेरि जनतालाई जीविकोपार्जन गर्ने अवसर दिएको छ ।

कालिका नगरपालिकाले प्राकृतिक तथा सांस्कृतिक सम्पदाको प्रयोग गरी आन्तरिक पर्यटनको विकास गर्ने सम्भावना रहेको छ । अहिलेको अवस्थामा पर्यटनले यस क्षेत्रका केही स्थानीयलाई फाइदा मात्रै गरेको छ । नगरपालिकाको अर्थतन्त्रमा पर्यटनले निकै कम प्रभाव पारेको छ । यदि पर्यटनको विकास गर्ने हो भने यसको गुणात्मक प्रभावले ठूलो संख्यामा मानिसहरूलाई फाइदा पुग्न सक्छ। कालिका नगरपालिकामा हाल अहिलेसम्म वार्षिक २५००० आन्तरिक पर्यटकहरू आउँछन् भने पर्यटन क्षेत्रको वार्षिक कारोबार रू २,५०,००० रहेको छ। यहाँ विभिन्न धार्मिक पर्यटन स्थल तथा पार्कहरू रहेका छन् जस्ले आन्तरिक पर्यटकहरूलाई लोभ्याएको छ। यस नगरपालिकामा धार्मिक पर्यटन सम्भावना भएतापनि विभिन्न कारणले पर्यटकको संख्या भने त्यति धेरै भने छैन।
(श्रोत:स्थलगत अध्ययन,२०७९)

#### ३.३.२ समस्या तथा चुनौती

- पर्यटन उत्पादन र गतिविधिहरूको कमजोर विकास र विविधीकरण
- राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा अपेक्षित रूपमा पर्यटन प्रवर्द्धन गर्न असमर्थ
- अविकसित पर्यटन पूर्वाधार
- धार्मिक तथा साँस्कृतिक सम्पदाको संरक्षण र संरक्षणका साथै पर्यटन विकासमा निजी क्षेत्रको पर्याप्त संलग्नता हुन नसक्नु
- उद्यमशीलता विकासलाई पर्यटन विकाससँग जोड्न नसक्नु
- पर्यटनबाट प्राप्त लाभहरूको न्यायोचित वितरण सुनिश्चित गर्न असफल
- पर्यटन गतिविधिलाई प्रविधिमैत्री बनाउन नसक्नु

#### ३.३.३ सोच

आफ्नो काम आफ्नो रोजगार ,कृषी र पर्यटन हाम्रो आधार" सर्वसुलभ, गुणस्तरीय स्वास्थ्य सेवामा सहज पहुँच

#### ३.३.४ उद्देश्य

- कालिका नगरपालिकालाई सुरक्षित, पर्यटन मैत्री, गुणस्तरीय बनाउँदै आकर्षक पर्यटकीय गन्तव्यको रुपमा विकास गर्नु
- पर्यटनको गन्तव्य र उत्पादनहरूको विविधीकरण गरी अर्थतन्त्रमा पर्यटनको योगदान बढाउनु ।
- पर्यटनका फाइदाहरू समानरूपमा वितरण भएको सुनिश्चित गर्नु ।

### ३.३.५ रणनीति

- अन्तर्राष्ट्रिय क्षेत्रमा र प्रमुख पर्यटन बजारहरूकमा कालिका नगरपालिकाको पर्यटन प्रवर्द्धन र प्रचार प्रसार गर्ने ।
- स्वदेशी तथा विदेशी लगानी प्रोत्साहित गर्दै सार्वजनिक-निजी-सहकारी साझेदारीको अवधारणा अनुरूप आधुनिक पर्यटन पूर्वाधारको विकास, बजारीकरण र प्रर्वद्धन गर्ने ।
- पर्यटन क्षेत्रलाई अर्थतन्त्रको संवाहकको रूपमा विकास गरिनेछ।
- पर्यटकीय उपजलाई मूल्य शृंखला आबद्ध गरी स्थानीय स्तरसम्म यस क्षेत्रको लाभ वितरण गर्ने ।

### ३.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

कालिका नगरपालिकाको आवाधिक योजनाले लिइएको समष्टिगत लक्ष्य तथा उद्धेश्यका आधारमा तयार गरिएको सूचक तथा लक्ष्य तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका १० पर्यटन उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| सूचक/लक्ष्य | एकाई | २०७९/०८० सम्मको उपलब्धि | २०८०/०८१ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| नगरपालिकाको राजश्व संकलनमा पर्यटन क्षेत्रको योगदान | प्रतिशत | २ | ५ | ८ | ८ | ९ |
| पर्यटन क्षेत्रको आयको वृद्धिदर | प्रतिशत | १.५ | १.८ | १.९ | २.१ | २.२ |
| पर्यटन क्षेत्रमा रोजगारी सिर्जना | संख्या | ५०० | ६५० | ७०० | १००० | १५०० |
| पर्यटकको सङ्ख्या | संख्या | २५००० | २५५०० | २६००० | २८००० | ३२००० |
| पर्यटकीय गन्तव्य | संख्या | ६ | ६ | ७ | ७ | ८ |
| पर्यटन सूचना केन्द्र | संख्या | १ | १ | १ | २ | २ |
| पदमार्ग | संख्या | २ | २ | २ | ३ | ३ |
| हेलिप्याड | संख्या | ० | १ | १ | १ | १ |
| होमस्टे (सामुदायिक) | संख्या | १ | १ | २ | ३ | ४ |
| कोशेली घर | संख्या | ० | ० | १ | १ | १ |

### ३.३.७ पर्यटन क्षेत्रको कार्यक्रमहरुको संक्षिप्त विवरण

**तालिका ११ पर्यटन उपक्षेत्रको कार्यक्रमहरूको संक्षिप्त विवरण**

| कार्यक्रम/आयोजना | उद्धेश्य | आयोजना अवधि | लागत(हजारमा) | आगामी ३ बर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|
| पर्यटक प्रवर्द्धन कार्यक्रम | पर्यटकीय सेवा सुविधाको विकास र विस्तार गर्नु | सालबसाली | ७५०० | पर्यटकीय सेवा सुविधाको विकास भई प्रयटक आगमन बार्षिक २० प्रतिशतले वृद्दि हुनेछ |
| विभिन्न स्थानमा पार्क तथा पर्यटकीय संरचनाहरु निर्माण | पर्यटक आकर्षण गर्नु | २०८१/०८२-२०८३/०८४ | ५६०० | प्रयटकीय संरचनाहरु निर्माण भएको हुनेछे । |

| | | | | |
|---|---|---|---|---|
| संस्कृति प्रवर्द्धन कार्यक्रम | धर्म संस्कृतिको संरक्षण तथा संम्बर्द्धन गर्नु | सालबसाली | ४५५० | धार्मिक संरचनाहरु निर्माण भएको हुनेछे |

### ३.३.८ जोखिम पक्ष तथा पूर्वानूमान

पर्यटन विकासमा अन्तर सरकार साझेदारी र सहकार्यको विस्तार भएको हुनेछ । नगरपालिकामा धार्मिक पर्यटन पूर्वाधार विकास पर्यटन प्रवर्द्धन तथा सेवा सुविधाको विकास र विस्तार हुनेछ ।विश्वव्यापी आर्थिक शिथिलताले पर्यटन क्षेत्रमा अपेक्षित नतिजा हासिल नहुने जोखिम रहन सक्छ ।

## ३.४ उद्योग, व्यापार तथा व्यवसाय

### ३.४.१ पृष्ठभूमि

उद्योग क्षेत्रलाई राष्ट्र विकासको प्रमुख आधार स्तम्भको रुपमा लिन सकिन्छ । उद्योग क्षेत्रको विकास बिना यथेस्ट मात्रमा देशमा रोजगारीका अवसहरु सिर्जना र आर्थिक विकास गर्न सम्भव प्रायः रहदैन। नेपालको कुल उद्योग मध्य दुई तिहाइ ५०९८ (६७.७१%) उद्योग यस बागमती प्रदेशमा रहेका छन् । नेपालमा रहेका ११ औद्योगिक क्षेत्रहरु मध्ये चार वटा यस प्रदेशमा रहेका छन् । रोजगारी सृजनाका साथै वस्तु तथा सेवा उत्पादनमा पनि उद्योगको महत्वपूर्ण योगदान रहन्छ ।

औद्योगिकीकरणको क्षेत्रमा कालिका नगरपालिका हालसम्म धेरै अगाढी बढ्न सकेको छैन । पालिकामा हालसम्म कुनै ठुला उद्योगको स्थापना भएको छैन । निर्माण ईटा तथा टायल उद्योग (वडा ५ ) पालिकामा रहेको सबै भन्दा ठुलो उद्योग हो । त्यसैगरी कालिका नगरपालिकामा पाँच वटा डेरी सम्बन्धी, एक वटा खाद्य सम्बन्धी, एक वटा निर्माण सामग्री सम्बन्धी, बाह्र वटा कुटानी पिसानी र दश वटा फर्निचर गरी जम्मा तीस वटा उद्योगहरु रहेका छन् यस नगरपालिकामा पनि किराना पसलको संख्या सबै भन्दा त्यस पछि दोस्रोमा होटल र तेस्रोमा मासु,फलफूल/तरकारी र कपडा पसल रहेको देखिन्छ । नगरपालिकाले पनि सकेको जति सामान नगर स्तरवाट उत्पादन गर्ने गरेको देखिन्छ र अन्य उत्पादन गर्न नसक्ने र हाललाई उत्पादन गर्न सम्भव नहुने सामान । अन्य सबै सामनाको आपूर्ति प्रायः हुँदै आएको भएता पनि खेतीपातीको समयमा मलको आपूर्ति नहुँदा मलको हाहाकारको अवस्था अझैसम्म पनि व्यवस्थित हुन् सकेको देखिंदैन ।

### ३.४.२ समस्या तथा चुनौती

**समस्या**

- उद्योग स्थापनाको लागि हालसम्म निश्चित स्थान नतोकिएको
- उद्योग ग्रामको अभाव
- नगरपालिकामा सम्भाब्य उद्योगहरुबारे हालसम्म कुनै सम्भाव्यता अध्ययन नभएको
- नगरपालिकामा उपलब्ध कच्चा पदार्थ बारे र तीनको परिमाण बारे कुनै तथ्यांक नभएको
- ठूला उद्योग स्थापाना गर्न निजी क्षेत्रलाई आकर्षित गर्न नसकेको
- सामानको मूल्यमा एकरुपता नहुनु र गुण स्तरीय सामान प्रायः उपलब्ध नहुनु।
- विद्दमान बजार अव्यवस्थित र छरिएर रहनु।

**चुनौती**

- पर्याप्त मात्रामा कच्चा पदार्थ उपलब्ध नभएको ।
- युवा जनशक्ति विदेश पलायन हुने ।
- उद्योग को लागि आवश्यक दक्ष जनशक्तिको अभाव ।
- विद्यमान अव्यवस्थित बजारलाई व्यवस्थित गर्न नसक्नु।

### ३.४.३ सोच

आर्थिक विकास र उन्नतिको सपना, उद्योगको स्थापना

### ३.४.४ उद्देश्य

- स्थानीय स्तरमा उपलब्ध कच्चा पदार्थको अधिकतम प्रयोग गर्नु, ।
- औद्योगिकीरणबाट रोजगारीका अवसरहरु सिर्जना गर्नु, ।
- विशेष गरी ठूलो लगानीको लागि निजी क्षेत्रलाई आकर्षित गर्नु, ।
- व्यापार व्यवसायमा स्वस्थ प्रतिष्पर्धाका माध्यमबाट गुणस्तरीय उपभोग्य वस्तुको सहज आपूर्ति गर्नु ।

### ३.४.५ रणनीति

- स्थानीय स्तरमा उपलब्ध कच्चा पदार्थमा आधारित उद्योगको स्थापना गर्ने ।
- स्थानीय कच्चा पदार्थमा आधारित उद्योग स्थापनमा लागि प्रोत्साहन गर्ने ।
- स्वरोजगार प्रवर्द्धनको तथा रोजगारमूलक उद्यमलाई प्रवर्द्धन गर्ने ।
- उद्योग स्थापनाका लागि आवश्यक पूर्वाधारको विकास गर्ने ।
- उद्योग क्षेत्रमा लगानी भित्र्याउन प्रोत्साहन गर्ने ।
- पालिकामा स्थापना हुने सबै प्रकारका व्यवसाय अनिवार्य दर्ता गर्नुपर्ने व्यवस्था गर्ने ।
- नगरपालिकामा आवश्यक विभिन्न वस्तुको सहज र नियमित आपूर्तिका विभिन्न सरोकावालासंग सहकार्य गर्ने ।
- सामग्रीको मूल्यमा एकरुपता र गुणस्तर सुनिश्चित गर्ने ।

### ३.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

कालिका नगरपालिकाको आवाधिक योजनाले लिइएको समष्टिगत लक्ष्य तथा उद्धेश्यका आधारमा तयार गरिएको सूचक तथा लक्ष्य तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका १२ उद्योग, व्यापार तथा व्यवसाय उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| सूचक/लक्ष्य | एकाई | २०७९/०८० सम्मको उपलब्धि | २०८०/०८१ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| उद्योग दर्ता | | | | | | |
| मझौला उद्योग (रु. १५ करोड सम्मको ) | संख्या | १ | १ | २ | २ | ३ |
| घरेलु तथा साना उद्योग (रु. १ करोड सम्मको ) | संख्या | २ | ४ | ४ | ६ | १० |
| साना उद्योग | संख्या | २९ | ४० | ४५ | ५० | ५५ |
| स्थानीय सिप शैलीमा आधारित उद्योग | संख्या | १० | १५ | १५ | १८ | २० |
| बाँसमा आधारित उद्योग | संख्या | ० | ० | १ | ३ | ४ |
| उद्योगबाट रोजगारी सिर्जना | संख्या | १५० | २०० | २५० | ३०० | ३५० |
| औद्योगिक ग्राम स्थापना | संख्या | ० | ० | ० | ० | १ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| र संचालन | | | | | | |
| कुल दर्ता भएका पसल | संख्या | | | | | |
| सुचारु व्यापार व्यवसाय | संख्या | १२१ | १५० | २०० | २५० | ३०० |
| सुपथ मूल्यका पसल रहेका वडा | संख्या | - | - | - | ११ | ११ |
| बजार अनुगमन | पटक | २ | ५ | ५ | ५ | ५ |

### ३.४.७ उद्योग क्षेत्रको कार्यक्रमहरुको संक्षिप्त विवरण

*तालिका १३ उद्योग, व्यापार तथा व्यवसाय उपक्षेत्रको कार्यक्रमहरूको संक्षिप्त विवरण*

| कार्यक्रम/आयोजना | उद्धेश्य | आयोजना अवधि | लागत(हजारमा) | आगामी ३ बर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|
| उधमशिलता विकास तथा लघु घरेलु र साना उघोग प्रबर्द्धन कार्यक्रम | औधोगीक उत्पादनमा वृद्धि गर्नु | सालबसाली | ४२०० | उद्योग स्थापना र सञ्चालनमा २० प्रतिशतले वृद्दि हुनेछ |
| एक वडा एक कृषिमा आधारित उद्योग स्थापना | कृषिमा आधारित उद्योग स्थापना गर्नु | सालबसाली | ४८९५८ | एक वडा एक उधोग स्थापना भएको हुनुपर्नेछ |
| हाट बजार पूर्वाधार निर्माण | हाट बजार संञ्चालन गर्नु | २०८१/०८२-२०८३/०८४ | ३४०० | नगरपालिका भित्र हरेक वडामा हाटबजार स्थापना भएको हुनेछ |
| व्यापार व्यवसाय प्रवर्द्धन कार्यक्रम | व्यवसायीको संख्यामा वृद्धि गर्नु | सालबसाली | ४५०० | व्यापार व्यवसायको संख्यामा १० प्रतिशतले वृद्धि हुनेछ । |

### ३.४.८ जोखिम पक्ष तथा अनुमान

आर्थिक सिथिलताको प्रभाव निस्तेज भएको हुनेछ । नगरपालिकाको पहलमा उद्योग ब्यापार प्रवर्द्धनका लागि पुर्वाधार सिफ तथा प्रविधिको विकास हुनेछ । उत्पादनमुखी लगानी र बजार मूल्यमा कडा प्रतिस्पर्धाका कारण स्थानीय उद्योग तथा ब्यवसायीहरु पलायन हुन सक्ने जोखिम रहन सक्छ।

## ३.५ श्रम, रोजगारी र सामाजिक सुरक्षा

### ३.५.१ पृष्ठभूमि

नेपालको संबिधानले रोजगारी र श्रमको हकलाई मौलिक हकको रुपमा स्थापित गरेको छ । साथै दक्ष र व्यावसायिक श्रमशक्तिको विकास गर्ने, श्रमिक र उद्यमबीच सुसम्बन्ध कायम गर्ने, वैदेशिक रोजगारीबाट आर्जित सीप, पुंजी, प्रविधि आदि देश भित्रै सदुपयोग गर्ने नीति लिएको छ । हाल नेपालमा श्रम शक्तिको ३६.५ प्रतिशत औपचारिक क्षेत्रमा संलग्न रहेको र बेरोजगार दर ११.४ प्रतिशत रहेको छ ।

कालिका नगरपालिकाको मुख्य पेशा कृषि हो । दुई तिहाई भन्दा बढी नागरिकले कृषिलाई आफ्नो प्रमुख पेशाको रुपमा अंगालेका छन् । सामान्यतया कृषि मुख्य वा प्रमुख पेशा भए पछि परिवारको कुल आम्दानीमा कृषि आम्दानीको हिस्सा पनि सबै भन्दा बढी हुनु पर्दछ। तर यसो नहुन पनि सक्दछ र कुल आम्दानीमा कृषि भन्दा अन्य क्षेत्रको आम्दानीको हिस्सा बढी पनि नहोला भन्न सकिन्न। किनभने कृषि पछि यहाँका बासिन्दा ब्यापार व्यवसाय, उद्योग ,सेवा (निजामती, प्रहरी, जंगी, शिक्षण ) आदिमा संलग्न रहेका छन् र केही हदसम्म यहाँका युवाहरु वैदेशिक रोजगारीमा पनि गएका छन्। सामाजिक सुरक्षा कार्यक्रम संघीय सरकार मार्फत संचालन हुने भएता पनि सेवाग्राहीहरुको विवरण सामाजिक सुरक्षा प्राप्त गर्ने व्यक्तिहरुको विवरण नगरपालिकाले अनलाइन प्रणालीमा अध्यावधिक गर्दै आइराखेको छ र यसलाई निरन्तरता दिने आशा गर्न सकिन्छ। साथै नगरपालिकाले समयमा नै रकम प्राप्त गर्ने गराउने व्यवस्था मिलाउँदै सार्वजनिक स्थानहरुमा सूचना टाँस गरी सो को जानकारी सर्वसाधारण नागरिक सम्म पुर्याउने कार्य गम्भीरयताकासाथ गर्दै आइराखेको छ जुन सराहनीय छ।

### ३.५.२ समस्या तथा चुनौती

- उपलब्ध युवा श्रमशक्तिलाई उत्पादनशील क्षेत्रमा संलग्न गराउन नसक्नु ।
- श्रम शक्तिको रुपमा रहेको युवा जनशक्ति विदेश पलायन हुनु तथा नगरपालिकाबाट बाहिरिनु ,।
- स्थानीय स्तरमा श्रम शक्तिको माग र आपूर्ति बिचको असन्तुल, ।
- बढ्दो बेरोजगारीका कारणले आपराधिक क्रियाकलापमा वृद्धि, ।
- नगरपालिकाका युवा श्रमशक्तिलाई उत्पादनशील क्षेत्रमा संलग्न गराउनु नै ठूलो चुनौतीको रुपमा रहेको छ ।

### ३.५.३ सोच

स्थानीय श्रमशक्तिको उपयोगरी नगरपालिकाको संमृद्धि हाँसिल गर्नु

### ३.५.४ उद्देश्य

- स्थानीय स्तरमानै रोजगारीका अवसर सिर्जना गर्नु ।
- सीपयुक्त दक्ष जनशक्तिको विकास गर्नु ।
- श्रमिकको हक हितको सुरक्षा गर्नु ।

### ३.५.५ रणनीति

- रोजगार तथा बेरोजगार श्रम शक्तिको लगत तयार गर्ने ।
- स्थानीय स्तरमानै लगानी गरि उद्यमशिलाता प्रवर्द्धन गर्ने ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी ढंगले अगाडि बढाउने ।
- रोजगारमूलक तालिम संचालन गर्ने ।
- स्थानीय स्तरमा संचालन गरेका तालिमहरुको प्रमाणीकरणको गर्ने ।
- पालिका क्षेत्रमा कार्यरत मजदुरको न्युनतम हक अधिकार सुरक्षित गर्ने ।
- बैदेशिक रोजगारलाई सुरक्षित र मर्यादित बनाउन पहल गर्ने ।

### ३.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

कालिका नगरपालिकाको आवाधिक योजनाले लिइएको समष्टिगत लक्ष्य तथा उद्धेश्यका आधारमा तयार गरिएको सूचक तथा लक्ष्य तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका १४ श्रम,रोजगार तथा सामाजिक सुरक्षा उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक/लक्ष्य | एकाई | २०७९/०८० सम्मको उपलब्धि | २०८०/०८१ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| रोजगारीको सिर्जनामा वृद्धि भएको हुने | प्रतिशत | - | ३ | ५ | ७ | १० |
| रोजगारीको लागि सूचना केन्द्र | संख्या | १ | १ | २ | ५ | ७ |
| बेरोजगारहरुको अध्यावधिक लागत तयार हुने | संख्या | ० | ० | १ | १ | १ |
| सिपमुलक तालिम सहित रोजगारीमा जानेको | संख्या/ प्रतिशत | २०% | ३०% | ३५% | ४०% | ४५% |
| तालिम प्रदान गर्ने संस्था | संख्या | - | २ | ४ | ७ | १० |
| वैदेशिक रोजगारीबाट फर्केर व्यवसाय गर्नेको संख्या | संख्या/ प्रतिशत | ५% | १०% | १३% | १५% | २०% |
| बाल श्रम मुक्त नगरपालिका हुनको लागी | वडा संख्या | - | ७ | ९ | ११ | ११ |

## ३.५.७ श्रम, रोजगारी र सामाजिक सुरक्षा क्षेत्रको कार्यक्रमहरुको संक्षिप्त विवरण

तालिका १५ श्रम,रोजगार तथा सामाजिक सुरक्षा उपक्षेत्रको कार्यक्रमहरूको संक्षिप्त विवरण

| कार्यक्रम/आयोजना | उद्धेश्य | आयोजना अवधि | लागत(हजारमा) | आगामी ३ बर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|
| प्रधानमन्त्री रोजगार प्रवर्द्धन कार्यक्रम | स्थानीय रोजगार वृद्धि गर्नु | सालबसाली | २५००० | बार्षिक ३०० जना स्वरोजगार भएका हुनेछन । |
| श्रम, रोजगारी प्रवर्द्धन कार्यक्रम | सिप विकास गरि रोजगारका अवसर वृद्धि गर्नु | सालबसाली | ४५०० | न्युन आय भएका ३०० जना स्थानीय युवाले रोजगार प्राप्त गर्नेछन |

## ३.५.८ जोखिम पक्ष तथा पूर्वानूमान

रोजगारीसँग सम्बन्धीत कार्यक्रको प्रभावकारीतामा वृद्धि भएको हुनेछ । अनौपचारिक क्षेत्रको रोजगारको स्वरुप परिवर्तव हुदै जाने भएकाले तयार भएका जनशक्तिले श्रम बजार नपाउने जोखिम रहन सक्छ । गरिबी निबारण सम्बन्धी व्यवहारिक नीति तथा कार्यक्रम तर्जुमा भई कार्यान्वयन हुनेछ ।

# परिच्छेदः४ सामाजिक क्षेत्र

यस आवधिक योजना प्रयोजनको लागि शिक्षा, विज्ञान तथा प्रविधि स्वास्थ्य खेलकुद लैङ्गिक समानता समावेशीकरण साँस्कृतिक भाषा कला तथा साहित्य आदिलाई सामाजिक क्षेत्रको उपक्षेत्र अन्तर्गत गरिएको छ ।

## ४.१ जनस्वास्थ्य तथा पोषण

### ४.१.१ पृष्ठभूमि

स्वस्थ्य जनशक्ति समृद्ध मुलुक निर्माणको महत्वपूर्ण आधार हो । नेपालको संविधानले स्वास्थ्यलाई नागरिकको मौलिक हकका रूपमा प्रत्याभूत गरेको छ । संविधानमा पनि प्रत्येक नेपालीले आधारभूत स्वास्थ्य सेवा र सुविधा निःशुल्क पाउने व्यवस्था गरेको छ । संविधानको व्यवस्थाअनुसार सरकारले आफ्ना स्वास्थ्य चौकी र स्वास्थ्य केन्द्रमा आधारभूत स्वास्थ्य सेवा र सुविधा निःशुल्क गरेको छ ।

पोषणयुक्त खानपान, स्वच्छ खानेपानी एवं सरसफाइ स्वस्थ जीवनको लागि अपरिहार्य छ । स्वस्थ जीवनको लागि पोषणयुक्त खाद्यवस्तुको उपलब्धता हुनु आवश्यक हुन्छ । नगरपालिकामा उत्पादित कृषि उपजले सबै घरधुरीलाई वर्षभर खान पुग्ने अवस्था छैन । रासयनिक मलको प्रयोगले पनि स्वास्थ्यवर्द्धक खाद्य पदार्थको उत्पादनमा चुनौती सिर्जना गरेको छ । यद्यपि नगरपालिकाका स्वास्थ्य सूचकहरु सुधारका क्रममा रहेका छन् । अधिकांश महिलाले स्वास्थ्य सेवासुविधाको उपभोग गरेका छन् ।

कालिका नगरपालिकामा एउटा नगर अस्पताल, ४ वटा स्वास्थ्य चौकी, ५ वटा आधारभूत स्वास्थ्य केन्द्र र १ वटा नागरिक आरोग्य केन्द्र रहेको छ । यस  देखि बाहेक बजार क्षेत्रमा  निजी औषधी पसल संचालित  छन जसबाट पनि स्थानीयले आधारभूत स्वास्थ्य सेवा लिईरहेका छन् । यी स्वास्थ्य सेवा केन्द्रहरूले स्थानीयलाई विरामी जांच, पोषण सेवा, प्रसुती सेवा, गर्भवती जाँच, औषधी वितरण, ल्याब सेवा, खोप सेवा, परिवार नियोजन सेवा, भिटामिन ए खुवाउने तथा अन्य उपचारात्मक सेवाहरू प्रदान गर्दै आएका छन्। गम्भीर प्रकृतिका बिरामीहरूलाई भरतपुर तथा काठमाडौं लैजाने गर्छन् । यस नगरपालिकामा विभिन्न पदमा रहेर करिब ५५ जना जना स्वास्थ्यकर्मीले स्वास्थ्य सेवा प्रदान गर्दै आइरहेका छन् ।

### ४.१.२ समस्या तथा चुनौती

**समस्याहरु**

- सामान्य उपचार बाहेक जटिल स्वास्थ्य समस्याहरूमा उपचार सुविधा उपलब्ध हुन नसकेको ।
- रोगको निदान गर्नकोलागि न्युनतम उपकरण र सुविधाहरू उपलब्ध गराउन नसक्नु ।
- औषधीहरूको आपूर्ति बढाउन नसक्नु, ।
- भौगोलिक विकटताले अपाङ्ग, बृद्ध, बृद्धालाई सहज पहुँच पुर्‍याउन नसक्नु ।
- पर्याप्त दक्ष जनशक्तीको व्यवस्था हुन नसकेको ।
- स्थानीयमा स्वास्थ्य सम्बन्धी चेतनाको कमी ।
- आकस्मिक स्वास्थ्य समस्या हुँदा एम्बुलेन्स तथा बाटोको समस्या ।
- स्वास्थ्य संस्थाका भौतिक संरचना अपर्याप्त तथा भएका संरचना मापदण्ड अनुसार नभएका ।

**चुनौती**

- स्वास्थ्यका सबै क्षेत्रमा नागरिकको समतामूलक पहुँच स्थापित गर्नु, ।
- निःशुल्क गुणस्तरीय आधारभूत स्वास्थ्य सेवालाई सबै स्थानीय तहबाट सर्वसुलभ रूपमा उपलब्ध गराउनु, ।
- अति विपन्न र जोखिममा परेका नागरिकलाई उच्च प्राथमिकतामा राख्दै स्वास्थ्य सेवा उपलब्ध गराउनु, ।
- संघीय प्रणाली अनुरूप स्वास्थ्य संस्थाको व्यवस्थापन गर्नु, ।
- स्वास्थ्य बिमालाई प्रभावकारी रूपमा कार्यान्वयन गराउनु, ।

### ४.१.३ सोच

गुणस्तरीय स्वास्थ्य सेवामा सबै नगरबासीको पहुँच सुनिश्चित गर्ने ।

### ४.१.४ उद्देश्य

- सबै नागरिकहरूको आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सेवामा समतामूलक पहुँच अभिवृद्धि गराउनु।
- स्वस्थ जनशक्ति तयार गर्न तथा रोग प्रतिरोधात्मक क्षमता बढाउन गुणस्तरीय र पोषणयुक्त खाद्य सामग्रीमा पहुँच बढाउनु ।
- स्वास्थ्य सेवामा आवश्यक पूर्वाधारहरूको निर्माण तथा स्तरोन्नती गर्न थप लगानी वातावरण सिर्जना गरी स्वास्थ्य सेवा सुधारकालागि स्वास्थ्य सेवालाई प्रवर्द्धन गर्नु।
- स्वास्थ्य सेवालाई सूचना मुलक तथा प्रविधि मैत्री बनाउनु ।
- नगरपालिकालाई कुपोषण मुक्त बनाउनु ।

### ४.१.५ रणनीतिहरू

- गुणस्तरीय स्वास्थ्य सेवामा सबैको सहज पहुँच हुने गरी प्रभावकारी रूपमा सेवा उपलब्ध गर्ने ।
- नगरपालिका मातहतका स्वास्थ्य संस्थाहरूमा तोकिएका सङ्ख्यामा स्वीकृत जनशक्ति व्यवस्थापन गरी सेवा प्रवाहको क्षमता र पहुँच विस्तार गर्ने ।
- पोषणयुक्त खानेकुराको बारेमा चेतना बढाउँदै यस सम्बन्धी सेवाको पहुँच सबै बस्तीसम्म पुर्‍याउने ।
- स्वास्थ्य क्षेत्रमा निजी, सहकारी तथा गैरसरकारी क्षेत्रको संलग्नता वृद्धि गरी ती क्षेत्रहरूबाट हुनेलगानीलाई व्यवस्थित गर्ने ।
- नगरपालिका क्षेत्रमा उपलब्ध जडीबुटीको व्यवस्थापन र उपयोग गर्दै आयुर्वेद चिकित्सा प्रणालीको विकास विकास गर्ने ।
- स्थानीय स्तरमा नै गुणस्तरीय सेवा उपलब्ध गराउन आवश्यक उपकरणहरू व्यवस्थापन तथा सञ्चालन गर्नु।
- नगरपालिका बासीलाई पोषणयुक्त खानेकुरा खान पाउने सुनिश्चितता गर्ने ।

### ४.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

कालिका नगरपालिकाको आवाधिक योजनाले लिइएको समष्टिगत लक्ष्य तथा उद्धेश्यका आधारमा तयार गरिएको सूचक तथा लक्ष्य तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका १६ जनस्वास्थ्य तथा पोषण उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| सूचक/लक्ष्य | एकाई | २०७९/०८० सम्मको उपलब्धि | २०८०/०८१ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| अपेक्षित आयु (जन्म हुँदाको) | वर्ष | ७२.१५ | ७२.२५ | ७३ | ७४ | ७४ |
| मातृमुत्यु दर (प्रत्येक १ लाख जीवित जन्ममा) | संख्या | ० | ० | ० | ० | ० |
| ५ वर्ष मुनीको वाल मृत्युदर (प्रति हजार जीवित जन्ममा) | संख्या | १ | ० | ० | ० | ० |
| आधा घण्टाको दुरीमा | संख्या | १०५०० | १०५०० | १०५०० | १०५०० | १०५०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| आधारभूत स्वास्थ्य सेवामा पहुँच भएका घरधुरी | | | | | | |
| सबै प्रकारका खोप लिएका बालबालिका | प्रतिशत | १०० | १०० | १०० | १०० | १०० |
| २५०० ग्रामभन्दा कम जन्मतौल भएका शिशु | ३ | ६ | २ | १ | ० | |
| कुपोषणका कारण ५ वर्ष मुनीका वालवालिकाहरुको पुड्कोपन र उचाई अनुसारको कम तौल भएकाहरु | संख्या | ५९ | ४३ | ३० | २० | ८ |
| स्वास्थ्य संस्थामा प्रसुति गराउने गर्भवती महिला (गापा भित्र) | संख्या | २४१ | १२८ | २५० | २८० | ३५० |
| प्रसुति पूर्व प्रसूति सेवा ४ पटक प्राप्त गर्ने महिला | संख्या | ७९ | ५६ | ६० | ८० | ९० |
| प्रसुति सेवा उपलव्ध भएका स्वास्थ्य संस्थाहरु | ३ | ३ | ३ | ४ | ४ | ४ |
| स्वाशप्रश्वासको संक्रमण दर प्रति हजारमा | संख्या | २३४ | २८८ | २०० | २०० | २०० |
| भिटामिन ए प्राप्त गर्ने बालबालिका | प्रतिशत | ८६ | ९० | १०० | १०० | १०० |
| परिवार नियोजनका साधनको प्रयोग दर | प्रतिशत | १५.२ | १५.४ | २० | २६ | ४० |
| स्वास्थ्य सूचना, शिक्षा र संचार सचेतना कार्यक्रममा सहभागि | संख्या | ६४ | ६४ | १०० | १५० | २५० |
| घुम्ती लगायत स्वास्थ्य शिविर पटक | संख्या | २ | ४ | ५ | ७ | ७ |
| नागरिक आरोग्य कार्यक्रम संचालन भएको | संख्या | १ | १ | १ | १ | १ |
| आधारभूत स्वास्थ्य सेवाहरु उपलव्ध भएका | संख्या | ११ | ११ | ११ | ११ | ११ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| वडाहरु | | | | | | |
| निजी तथा समुदायमा आधारित स्वास्थ्यकर्मी | संख्या | ९० | ९० | ९० | ९० | ९० |
| आधारभूत सुविधा (खानेपानी, शौचालय, वर्थिङ्ग वार्ड र परामर्श केन्द्र आदी) उपलब्ध स्वास्थ्य संस्था | संख्या | ११ | ११ | ११ | ११ | ११ |
| क्रियाशिल महिला स्वास्थ्य स्वयंसेविका | संख्या | ३७ | ३७ | ३७ | ३७ | ३७ |
| योग, ध्यान तथा वैकल्पिक प्राकृतिक चिकित्सा उपचार पद्धति संचालन गर्ने संस्था | संख्या | १ | १ | १ | १ | १ |
| कम्तीमा १५ शैयाको सुविधा सम्पन्न अस्पताल संचालन | संख्या | १ | १ | १ | १ | १ |
| नगरघर क्लिनिकको संख्या | संख्या | ८ | ८ | ८ | ८ | ८ |
| क्रियाशील महिला स्वास्थ्य स्वयंसेविका | संख्या | ३७ | ३७ | ३७ | ३७ | ३७ |

### ४.१.७ जनस्वास्थ्य तथा पोषण क्षेत्रको कार्यक्रमहरुको संक्षिप्त विवरण

*तालिका १७ जनस्वास्थ्य तथा पोषण उपक्षेत्रको कार्यक्रमहरूको संक्षिप्त विवरण*

| कार्यक्रम/आयोजना | उद्धेश्य | आयोजना अवधि | लागत(हजारमा) | आगामी ३ बर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|
| रोग तथा महामारी नियन्त्रण कार्यक्रम | विभिन्न रोग तथा महामारी नियन्त्रण गर्नु | सालबसाली | २०० | रोग तथा महामारी नियन्त्रण भएको हुनेछ |
| महिला स्वास्थ्य स्वयंसेविका सम्बन्धी कार्यक्रम | महिला स्वास्थ्य स्वयंसेविककाहरुको कार्यमा प्रोत्साहान गर्नु | २०८१/०८२-८३/८४ | ५०० | महिला स्वास्थ्य स्वयांसेविककाहरुको कार्यमा प्रोत्साहित भई सेवा प्रवाहामा गुणस्तरीय हुनेछ। |
| स्वास्थ्य सस्था पूर्वाधार निर्माण | स्वास्थ्य सेवाको न्यूनतम मापदण्डअनुसार सेवा प्रदान गर्न | २०८१/०८२-८३/८४ | १५००० | सबै स्वाथ्य इकाइहरुमा आवश्यक पूर्वाधारको विकास भएको हुनेछ । |
| आधारभूत स्वास्थ्य सेवा प्रवाह | स्वास्थ्य संस्थामा निरन्तर रपमा वितरण गरिने ९८ प्रकारका औषधी उपलब्ध गराई | सालबसाली | | आधारभूत स्वास्थ्य सेवा प्रवाह भएको हुनेछ । |

| | | | | |
|---|---|---|---|---|
| | आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउन | | | |

### ४.१.८ जोखिम पक्ष तथा पूर्वानूमान

जनस्वास्थ्य तथा पोषणको प्रर्वद्धन कार्यक्रममा अन्तर सरकार साझेदारी विकास भएको हुनेछ । स्वास्थ्य तथा पोषण कार्यक्रम प्रभावकार। वनाउनको लागी संगठनात्मक, संरचनात्मक, मानवीय तथा सम्रग पक्षको विकास गरी सेवा विस्तारमा गुणस्तरीय प्रगति भएको हुनेछ। सवै सरोकारवाला बिच सहकार्य हुन नसकेमा तथा महामारीको समस्या आएमा नगरपालिकाको सामाजिक तथा आर्थिक स्थितिमा क्षय गर्नसक्ने जोखिम रहन सक्छ ।

## ४.२ शिक्षा

### ४.२.१ पृष्ठभूमि

शिक्षा आधुनिक समाज निर्माण, मर्यादित जीवन तथा सम्मानजनक रोजगारीको महत्वपुर्ण आधार हो । नेपालको संविधानले शिक्षालाई मौलिक हकको रुपमा स्थापित गर्दै आधारभूत तहसम्म अनिवार्य र निःशुल्क तथा माध्यामिक तह सम्मको शिक्षा निःशुल्क गरेको छ । संबिधानतः शिक्षा संघ, प्रदेश तथा स्थानीय तहको साझा दायित्वको रुपमा रहेको छ । त्यसैगरी स्थानीय सरकार संचालन ऐन २०७४ ले आधारभूत र माध्यमिक तह सम्मको शिक्षाको विकास, संचालन तथा नियमन गर्ने जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको छ । शिक्षालाई समयसापेक्ष, व्यवसायिक, सिपमुलक तथा व्यवहारिक बनाउन नगरपालिकामा विभिन्न नीति नियम तथा योजना बनाई कार्यन्वयन पनि भईरहेका छन् ।

त्यसैगरी दिगो विकास लक्ष्य २०३० ले शिक्षालाई प्राथमिकता दिदै चौथो लक्ष्यका रुपमा गुणस्तरीय शिक्षालाई राखेको छ । त्यसैगरी Planning norms and standard, 2015 का अनुसार प्रति ३००० जनसंख्यामा १ वटा प्राथमिक विद्यालय र प्रति २५००० जनसंख्याका लागि १ उच्च माध्यमिक (१२ कक्षा सम्म) विद्यालय चाहिन्छ भने प्रति १०००० जनसंख्यामा १ सामुदायिक पुस्तकालय आवश्यक हुने उल्लेख छ ।

यस नगरपालिकाभित्र जम्मा ४६ वटा विद्यालयहरु रहेका छन् । जसमा ३५ वटा सामुदायिक विद्यालय रहेका छन् बाँकी निजी (संस्थागत) विद्यालय छन् । सामुदायिक विद्यालयमध्ये २४ वटा आधारभूत विद्यालय हुन भने ८ वटा माध्यमिकस्तरका विद्यालय रहेका छन् । उच्च शिक्षाका लागि यहाँ कुनै पनि कलेज नभएकाले उच्चशिक्षा हासिल गर्न भरतपुर, रत्ननगर लगायत अन्य स्थानमा गएर पढनु पर्ने अवस्था छ । बागमती प्रदेश सरकार, पाश्र्वचित्र अनुसार यस नगरपालिकाको कूल साक्षरता दर ६८.८९ प्रतिशत रहेको छ । जसमा महिला साक्षरता ६२.१९ प्रतशत र पुरुष साक्षरता ७६.३४ रहेको छ । यसैगरी एस ई ई भन्दा कम शिक्षा हासिल गरेका जनसंख्याको प्रतिशित ७६.६३ रहेको छ भने एस ई ई (एस. एल. सी.) उत्तीर्ण गर्ने ८.६० प्रतिशत रहेका छन । बाह्र कक्षा उत्तीर्ण गर्नेको संख्या ७.६६ रहेको छ भने सो भन्दा माथिल्लो शिक्षा हासिल गर्ने कूल जनसंख्याको ३.५९ प्रतिशत रहेका छन् । जुन बागमती प्रदेशको साक्षारता दरको तुलनामा औषत हो ।

### ४.२.२ समस्या तथा चुनौती

**समस्याहरु**

- सबै विद्यालयमा भूकम्प प्रतिरोधी भवन, घेराबार, पुस्तकालय, उपयुक्त खेल मैदान, खानेपानी जस्ता पूर्वाधारको व्यवस्थापन नहुनु ।
- विद्यालय तथा विद्यार्थी संख्याका अनुपातमा विषयगत, कक्षागत र तहगत शिक्षकको व्यवस्थापन हुन नसक्नु ।
- शिक्षण सिकाई उपलब्धी हासिल गर्न आवश्यक पर्ने शैक्षिक सामग्री, खेलकुद, विज्ञान प्रयोगशाला, पुस्तकालय, सूचना प्रविधि आदिको व्यवस्थापन पर्याप्त नभएको ।
- भौगोलिक कठिनाईका कारण विद्यार्थीहरु विद्यालयमा नियमित उपस्थित हुन नसक्नु ।

- नगरपालिकाभित्र प्राविधिक तथा उच्च शिक्षा अध्ययन गर्ने संस्था नभएको (स्नातक, भेटेनरी लगायत अन्य प्राविधिक विषयहरु)
- सामुदायिक विद्यालयमा विद्यार्थी संख्या न्युन हुनु वा विद्यार्थी भर्नादर कम हुदै जानु ।

**चुनौतीहरु**

- अधिकांश विद्यालय जस्ताको छाना भएकाले गर्मी तथा वर्षा याममा पठन पाठन गराउन कठिन ।
- विद्यालयहरुमा पर्याप्त शौचालय र खानेपानीको धारा नहुँदा लामो समय पालो पर्खनु पर्ने हुँदा पढाई छुटने अवस्था ।
- विद्यालयमा सुरक्षित घेराबार नहुँदा चौपायाको प्रवेश तथा अन्य बाह्य वातावरणले पढाइमा असल गर्ने गरेको ।
- पाठ्यक्रममा स्थानीय वस्तुस्थिति समेटी व्यवहारिक ज्ञान दिनु ।
- प्रतिभा पलायन रोकी र स्थानीय स्तरमानै व्यवस्थापन गर्नु ।
- शिक्षालाई गुणस्तरीय तथा व्यवहारिक बनाउन नसक्नु ।

## ४.२.३ सोंच

गुणस्तरीय शिक्षामा सबैको पहुँच सुनिश्चित गर्ने ।

## ४.२.४ उद्देश्य

- शिक्षाका सबै तहलाई गुणस्तरीय बनाई सबैको पहुँच सुनिश्चित गर्नु ।
- प्राविधिक, व्यवसायिक एवं रोजगारमूलक शिक्षाको विकास एवं विस्तार गर्नु ।
- शैक्षिक विकासका लागि पूर्वाधार विकास तथा उच्च शिक्षाको आधार तयार गर्नु ।
- शिक्षा क्षेत्रमा समय सापेक्ष दक्ष जनशक्तिको व्यवस्थापन गर्नु ।
- शैक्षिक क्षेत्रको संस्थागत सुधार गर्नु ।
- संस्थागत तथा निजी विद्यालयहरूलाई नियमन र व्यवस्थापन गरी सेवामुलक बनाउनु ।

## ४.२.५ रणनीतिहरू

- शिक्षालाई गुणस्तरीय तथा प्रतिस्पर्धी बनाउन आवश्यक कानुनको तर्जुमा गरि लागु गर्ने ।
- विद्यालय उमेर समूहका सबै बालबालिकालाई आधारभूत तहमा अनिवार्य निःशुल्क शिक्षा तथा माध्यमिक तहमा निशुल्क शिक्षा र अध्ययन निरन्तरताको व्यवस्था मिलाउने।
- शिक्षामा गुणस्तर वृद्धि गरि सबैको पहुँच सुनिश्चित गर्ने ।
- स्थानीय स्तरमानै उच्च शिक्षाको अवसर प्रदान गर्ने ।
- व्यवहारिक शिक्षालाई प्राथमिकता दिने ।
- नगरपालिकामा प्राविधिक तथा व्यवसायिक शिक्षा संचालन गर्ने
- शैक्षिक संस्थामा आवश्यक मानव संसाधनको व्यवस्था गर्ने ।

## ४.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

कालिका नगरपालिकाको आवाधिक योजनाले लिइएको समष्टिगत लक्ष्य तथा उद्धेश्यका आधारमा तयार गरिएको सूचक तथा लक्ष्य तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका १८ शिक्षा उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| सूचक/लक्ष्य | एकाई | २०७९/०८० सम्मको उपलब्धि | २०८०/०८१ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| विद्यालय वाहिर रहेका ५–१५ वर्ष उमेर समूहका | प्रतिशत | ४.१ | ३.९ | ३.५ | ३.२ | ३.० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| बालबालिका | | | | | | |
| माध्यामकि तह (९–१२) को खुद भर्नादर | प्रतिशत | ६८.४४ | ७० | ७२ | ७२.५ | ७३.० |
| कक्षा १२ को निरन्तरता दर | प्रतिशत | ३५.२ | ३५.५ | ३६ | ३६.५ | ३७ |
| कक्षा ८ सिकाई उपलब्धी दर | प्रतिशत | ३.१ | ३.१५ | ३.२ | ३.२५ | ३.३ |
| बालमैत्री सिकाइ विधि अवलम्बल गर्ने विद्यालय | प्रतिशत | ९० | ९२ | ९३ | ९४ | ९५ |
| वालमैत्री आधारभूत पूर्वाधार र सुविधा (भवन, चर्पी, खानेपानी, खेलकुद मैदान, घेरावार, फर्निचर) उपलब्ध भएका विद्यालय | संख्या | २४ | २५ | २६ | २७ | २९ |
| वालमैत्री, छात्रामैत्री, अपाङ्गतामैत्री र भूकम्प प्रतिरोधात्मक संचरना भएको विद्यालय | संख्या | २० | २२ | २३ | २५ | २५ |
| आइसिटि सेवा उपलव्ध भएको विद्यालय | संख्या | २० | २४ | २६ | २८ | ३० |
| छात्रवृत्ती पाउने विद्यार्थी संख्या | संख्या | ४४५० | ४४६० | ४४८० | ४५०० | ४५२०० |
| वालक्लव गठन भएका विद्यालय | संख्या | ३३ | - | - | - | - |
| शिक्षक विद्यार्थी अनुपात (आधारभूत र माद्यमिक) | संख्या | १/३३ | १/३१ | १/३० | १/२९ | १/२८ |
| महिला शिक्षकको अनुपात (शिक्षकसंग) | संख्या | ४७.७० | ४८ | ४९ | ५० | ५१ |
| व्यवस्थित विज्ञान र कम्प्युटर प्रयोगशाला भएका विद्यालय | संख्या | २० | २१ | २२ | २३ | २४ |
| उच्च शिक्षा अध्यापन गर्ने (क्याम्पस) शिक्षण संस्था | संख्या | १ | १ | १ | १ | २ |
| विषयगत तालिम प्राप्त शिक्षकहरु | संख्या | ९८ | ९८ | ९९ | ९९.५ | ९९.५ |
| सामुदायिक विद्यालयमा प्राविधिक धारको अध्यापन गराउने विद्यालय | संख्या | १ | १ | १ | १ | १ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| राष्ट्रपति शैक्षिक सुधार कोषवाट लाभान्वित विद्यालय | संख्या | १० | ११ | १२ | १३ | १४ |
| जनसंख्या वनौट र भौगोलिक अवस्थाको आधारमा नक्साङ्कन गरी समायोजना तथा एकीकरण भएका विद्यालय | संख्या | २ | २ | २ | २ | २ |
| दिवा खाजा प्रदान गर्ने विद्यालयहरु | संख्या | ३३ | ३३ | ३३ | ३३ | ३३ |
| स्यानीटरी प्याड र नर्स सेवा उपलव्ध भएको विद्यालय | संख्या | १७ | १७ | १८ | १९ | २० |

### ४.२.७ शिक्षा क्षेत्रको कार्यक्रमहरुको संक्षिप्त विवरण

तालिका १९ शिक्षा उपक्षेत्रहरूको कार्यक्रमहरूको संक्षिप्त विवरण

| कार्यक्रम/आयोजना | उद्धेश्य | आयोजना अवधि | लागत(हजारमा) | आगामी ३ बर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|
| विद्यालयमा प्राविधिक तथा व्यवसायिक तालिम सञ्चालन | विद्यार्थीहरुमा प्राविधिक तथा व्यवसायिक ज्ञानको विकास गर्नु | २०८१/०८२-८३/८४ | २५०० | विद्यार्थीहरुमा प्राविधिक तथा व्यवसायिक ज्ञानको विकास भएको हुनेछ |
| बालमैत्री कक्षाकोठा व्यवस्थापन | बालबालिकाको सहजताको लागि बालमैत्री कक्षा कोठाको व्यवस्थापन गर्नु | २०८१/०८२-८३/८४ | ५००० | बालबालिकाको सहजताको लागि बालमैत्री कक्षा कोठाको व्यवस्थापन भएको हुनेछ |
| Real Plan कार्यान्वयन | न्युनतम सिकाई उपलब्धि हासिल गर्नु | सालबसाली | ३००० | न्युनतम सिकाई उपलब्धि हासिल भएको हुनेछ । |
| शैक्षिक तथ्याङ्क व्यवस्थापन | अभिलेख व्यवस्थापानमा वैधता कायम गर्नु | २०८१/०८२-८३/८४ | २००० | शैक्षिक तथ्याङ्कको डिजीटलाइजेशन भएको हुनेछ । |
| क्षमता विकास तालिम | शिक्षकको क्षमता विकास गर्नु | २०८१/०८२-८३/८४ | २००० | शक्षिक गुणस्तरमा सुधार आएको हुनेछ । |

### ४.२.८ जोखिम पक्ष तथा पूर्वानूमान

शैक्षिक क्षेत्रको विकासमा विभिन्न विकासका साझेदार पक्षहरु विच सहकार्य तथा समन्वय हुनेछ । नगरपालिकामा शिक्षा ऐन तथा नियमावली जारी तथा समयानुकुल परिमार्जन भउकव हुनेछ । शैक्षिक क्षेत्रमा लगानीको मात्रा प्रयास बढाउनु पर्ने भएकोले राजनीतिक प्रतिवद्धता तथा यथेष्ट बजेट अभाव हुन सक्ने जोखिम देखिन्छ ।

## ४.३ खानेपानी तथा सरसफाई

### ४.३.१ पृष्ठभूमि

खानेपानी र सरसफाइ आम नागरिकका आधारभूत आवश्यकता हुन् । नेपालको कानूनले खानेपानी तथा सरसफाइको क्षेत्रमा नागरिकको पहुँच हुने हक प्रदान गरेको छ । स्वस्थ मानव जीवनका लागि खानेपानी र सरसफाइ अनिवार्य हुने भएकोले संघीय व्यवस्था लागू भएपछि यस सम्बन्धी अधिकार स्थानीय सरकारको अधिकार क्षेत्रमा राखिएको छ । नगरपालिका पाश्र्वचित्र २०७६ अनुसार यस नगरपालिकाका ६०६९ घरधुरीले खानेपानीका लागि आफ्नै घरमा पाइपधारा जोडेका छन् जुन नगरपालिकाभित्रका घरपरिवारको ५४.६% घरधूरी समेटिएको देखिन्छ । यसैगरी सार्बजनिक पाईपधारा पयोगकर्ताहरुको संख्या पनि उल्लेख्य रहेको छ ३११५ घरधुरी अर्थात २८.०%, टयूबेल/ह्याण्डपम्प ७७६ घरधुरी अर्थात ७.०%, डिप बोरिङ ४२२ (२.७%), ढाकिएको इनार/कुवा २९९ (२.७%), नढाकिएको इनार/कुवा १८४ (१.७%), मुल/झरना/सतहको पानी २५५ (२.३%) रहेको देखिन्छ । उपरोक्त तथ्याङ्कलाई आधार मान्ने हो भने लगभग एक तिहाई मानिसहरु खानेपानीका लागि सार्वजनिक धारा, मुल, ईनारमा भर पर्नु पर्ने अवस्था देखिन्छ । फोहोरमैला व्यवस्थापनका सन्दर्भमा नगरपालिकाको ढल व्यवस्थापन भएको छैन । प्लाष्टिकजन्य फोहोरमैलालाई डढाउने, बाटोमा फोहोर जथाभावी फाल्ने, पुनःप्रयोग गर्न सकिने सामानहरूको पुनःप्रयोग नभएको अवस्था रहेको छ ।

### ४.३.२ समस्या तथा चुनौती

**समस्या**

- हरेक घरधूरीमा निजी धारा जडान नहुनु
- खानेपानी आपूर्ति सम्बन्धी व्यवस्थापन हेर्ने संस्थागत संरचनाको अभाव, बजार क्षेत्रबाट निस्कने फोहरको उचित व्यवस्थापन हुन नसक्नु, प्लाष्टिकजन्य फोहोर निष्काशन आदि प्रमुख समस्या हुन् ।
- सरसफाइ तथा स्वच्छ खानेपानीको क्षेत्रमा गरिब, पिछडिएको र उच्च जोखिमयुक्त वर्ग सरसफाइको प्रभावबाट बाहिर हुनु, । वातावरणीय प्रभाव, जलवायु परिवर्तन र अव्यवस्थित बस्ती विकासका कारण खानेपानीका स्रोतहरू सुक्दै जानु ।

**चुनौती**

- स्वस्थ खानेपानीको व्यवस्था, फोहर र ढलको व्यवस्थापन गर्नु, ।
- व्यक्तिगत र सामुदायिक सरसफाइ सम्वन्धी चेतना अभिवृद्धि गर्नु, ।
- प्लाष्टिकजन्य पदार्थहरू डढाउने प्रवृत्ति, वस्ती तथा बाटोमा फोहोर फाल्ने परिपाटी, फोहोरको रूपमा निस्कने प्लाष्टिकजन्य तथा बोतलहरूको मात्रा बढ्दै जानु ।
- व्यवस्थित ढल निकासको प्रबन्ध गर्नु, ।
- खानेपानी तथा सरसफाइको दिगो व्यवस्थापनकालागि वैकल्पिक वित्तीय स्रोतको व्यवस्थापन गर्नु ।
- दिगो व्यवस्थापनको लागि उपभोक्ताहरूको दक्षता अभिवृद्धि गर्नु ।

### ४.३.३ सोच

शुद्ध पिउने पानी, स्वस्थ्य जिन्दगानीको नारालाई मुर्त रुप दिने

### ४.३.४ उद्देश्य

- आधारभूत खानेपानीको पहुँच विस्तार गर्नु ।
- गुणस्तरीय खानेपानी सुविधाको पहुँचमा बृद्धि गर्नु ।
- प्रत्येक घरमा व्यवस्थित शौचालय तथा घरेलु फोहरमैलाको व्यस्थापन गर्नु

### ४.३.५ रणनीतिहरू

- पहुँच नभएका टोल तथा बस्तीहरूमा खानेपानीको सेवा विस्तार गर्न खानेपानीका स्रोतहरूको पहिचान गर्ने ।
- आधारभूत खानेपानीको गुणस्तर बढाउन आवश्यक संरचनाहरू तयार गर्ने ।

➢ प्रत्येक घरपरिवारमा आधारभूत शौचालय तथा सरसफाइको व्यवस्था गर्ने ।

### ४.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

कालिका नगरपालिकाको आवाधिक योजनाले लिइएको समष्टिगत लक्ष्य तथा उद्धेश्यका आधारमा तयार गरिएको सूचक तथा लक्ष्य तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका २० खानेपानी तथा सरसफाई उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| सूचक/लक्ष्य | एकाई | २०७९/०८० सम्मको उपलब्धि | २०८०/०८१ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| निजी धारा उपलब्ध घरपरिवार | प्रतिशत | ५४.६ | ५७ | ६० | ६५ | ७० |
| उपचार गरिएको वा सुरक्षित खानेपानी सुविधा प्राप्त घरधुरी | प्रतिशत | ४६ | ५० | ५१ | ५५ | ५७ |
| कुवा, मुल, नदी खोलाको पानी प्रयोग गर्ने घरघुरी | प्रतिशत | ३० | ३० | २८ | २८ | २५ |
| वर्षभरी खानेपानी सेवा उपलव्ध नभएका घरधुरी | संख्या | ३ | ३ | २ | २ | २ |
| स्वच्छ (प्यान भएको) शौचालय भएका घरधुरी | प्रतिशत | ९० | ९० | ९५ | ९५ | ९८ |
| शौचालय नभएका घरघुरी | संख्या | १० | ९ | ८ | ८ | ५ |
| खाल्डे शौचालय भएको घरधुरी | संख्या | ८ | ६ | ५ | ४ | ३ |
| घर आँगन तथा शौचालयवाट निष्कृत फोहोरलाई व्यवस्थित गर्ने घरपरिवार | संख्या | ६० | ६५ | ६८ | ७० | ७० |

### ४.३.७ खानेपानी तथा सरसफाई क्षेत्रको कार्यक्रमहरुको संक्षिप्त विवरण

**तालिका २१ खानेपानी तथा सरसफाई उपक्षेत्रको कार्यक्रमहरूको संक्षिप्त**

| कार्यक्रम/आयोजना | उद्धेश्य | आयोजना अवधि | लागत(हजारमा) | आगामी ३ बर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|
| खानेपानी पुर्वाधार व्यवस्थापन | खानेपानी पुर्वाधार व्यवस्थापन गर्नु | सालबसाली | ४५५० | हरेक टोलमा खानेपानी पुर्वाधार विकास भएको हुनेछ |
| विपन्न परिवारको लागि शौचालय निर्माण कार्यक्रम | विपन्न परिवारको लागि शौचालय निर्माण गर्नु | २०८१/०८२-८३/८४ | ५०० | हरेक घर परिवारमा शौचालय निर्माण भएको हुनेछ |

#### ४.३.८ जोखिम पक्ष तथा पूर्वानुमान

एक घर एक धारा नीति कार्यान्वयनमा अन्तर सरकार साझेदारी भई खानेपानी तथा सरसफाई सुबिधा विस्तार भएको हुनेछ। जलवायू परिवर्तन तथा अव्यवस्थित शहरीकरण लाइ व्यवस्थापन गर्न नसकेमा अपेक्षित उपलब्धि हासिल गर्न जोखिम पर्न सक्ने हुन्छ ।

### ४.४ महिला, बालबालिका तथा लक्षित वर्ग

#### ४.४.१ पृष्ठभूमि

सामाजिक विकासका लागि लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण मानव अधिकार अर्न्तगतको महत्वपूर्ण पक्ष हो । संविधानको प्रस्तावना नै समानुपातिक, समावेशी र सहभागिताको सिद्धान्तमा आधारित छ । महिला अधिकार लगायत विपन्न, लोपोन्मुख तथा सीमान्तकृत, जवाफदेहीताका साथै संविधानले परिकल्पना गरेको कोही पनि छुट्नु हुँदैन भन्ने मान्यताका साथ लैङ्गिक समता र बालिकालाई सशक्त बनाउने दिगो विकासको लक्ष्य रहेको छ (वस्तुस्थिति विवरण, बागमती प्रदेश, २०७६)।

नगरपालिकाको कुल जनसंख्या मध्ये ५१ प्रतिशत महिला रहेको यस नगरपालिकामा महिलाहरु राजनीतिक रुपमा पनि सक्रिय छन् । यस नगरपालिकामा महिलाको साक्षरताको प्रतिशत ६२.१९ छ भने पुरूषको ७६.३४ % रहेको छ । त्यसैगरि कालिका नगरपालिका महिलाहरु आमा समूह, महिला समूह जस्ता समूहमा आवद्ध रहेर विभिन्न सामाजिक क्रियाकलापमा संग्लग्न रहदै आएका छन् । त्यसैगरी नगरपालिकामा संचालन हुने विभिन्न योजना, कार्यक्रम तथा परियोजनाको निर्माण, संचालन, व्यवस्थापन र मर्मत सम्भार सम्बन्धी कामका लागि गठन हुने उपभोक्ता समितिमा पनि रहेर महिलाको उपस्थिति राम्रो छ । नगरपालिकाको विकास निर्माणका कार्यमा पनि महिलाको सक्रिय सहभागिता हरेको देखिन्छ ।

विकासको लक्ष्यमा बालबालिकाको गुणस्तरीय शिक्षा तथा स्वास्थ्य, सुरक्षित, हरित सार्वजनिक स्थलमा पहुँच, बालबालिका तथा किशोरकिशोरी विरूद्ध हुने सबै प्रकारका विभेद, शोषण, दुर्व्यवहार र हिंसा अन्त्य जस्ता विषयलाई सम्बोधन गर्नुपर्ने आवश्यक्ता रहेको छ ।

#### ४.४.२ समस्या तथा चुनौती

दलित, लोपोन्मुख तथा जनजाति महिलाहरूको सामाजिक, आर्थिक, राजनीतिक, शैक्षिक एवम् वैयक्तिक स्थिति कमजोर रहनु, महिला तथा वञ्चितीकरणमा परेका समूहको सहभागिता प्रायः औपचारिक प्रतिनिधित्वमा मात्र सीमित रहनु आदि प्रमुख समस्या छन् । यस पालिकामा समुदायमा महिलालाई हेर्ने दृष्टिकोण फरक रहेको छ । साथै अभिभावकत्वको पनि कमि रहेको छ ।

महिला तथा वञ्चितीकरणमा परेका सीमान्तकृत समूहको राज्य संरचनामा प्रतिनिधित्व बढाउनु, जातीय र वर्गीय विभेद अन्त्य गर्नु, लैङ्गिक हिंसा तथा घरेलु हिंसा अन्त्य गर्नु, विपन्न, सीमान्तकृत महिलाहरूको आर्थिक अवस्थामा सुधार ल्याउनु, बालबालिका तथा किशोर किशोरीहरूको आधारभूत अधिकार उपभोग गर्न सक्ने वातावरण सृजना गर्नु, अपाङ्गताप्रतिको सामाजिक दृष्टिकोणमा परिवर्तन ल्याउनु, सामाजिक, आर्थिक र राजनीतिक क्षेत्रमा व्याप्त लैङ्गिकता सम्बन्धी नकारात्मक सोचको अन्त्य गर्नु, लैङ्गिक संवेदनशील र लैङ्गिक उत्तरदायी सोचलाई व्यवहारमा उतार्नु आदि यस क्षेत्रका प्रमुख चुनौती हुन् । यस पालिकामा महिला तथा बालबालिका लक्षित कार्यक्रमको पूर्णरूपमा प्रतिफल प्राप्त नहुनु चुनौतीको रूपमा रहेको छ ।

#### ४.४.३ सोच

अधिकार र सहभागिता सहित लक्षित वर्गको हित, महिला, बालबालिका र अपाङ्गलाई समताको सुनिश्चित

### ४.४.४ उद्देश्य

- महिला हिंसाको अन्त्य तथा लैङ्गिक समता कायम गर्नु ।
- सबै खालका भौगोलिक जातिय, भाषिक, धार्मिक, साम्प्रदायिक, आर्थिक अवस्थाका बालबालिकालाई दबाव रहित, बालमैत्री र भय रहित वातावरणमा शिक्षा हासित गर्ने व्यवस्था मिलाउने ।
- सबै बालबालिका र अपाङ्गहरूको विकास, संरक्षण र सहभागिताको सुनिश्चित गर्ने ।
- अपाङ्ग र महिलालाई रोजगारीको संसार र आयआर्जनका क्षेत्रमा क्रमश सवल बनाउँदै लैजाने ।
- जेष्ठ नागरिकहरूलाई सम्मानजनक जीवन व्यतीत गर्न सहज वातावरण सिर्जना गर्ने ।

### ४.४.५ रणनीतिहरू

- पालिका मातहतका सबै निकायहरूमा लैङ्गिक समानता बृद्धि गर्ने ।
- लैङ्गिक हिंसा अन्त्य गर्ने कार्यक्रम कार्यान्वयन गर्ने ।
- बालबालिकाको संरक्षण गर्ने र सार्वजनिक निकायलाई बालमैत्री बनाउने ।
- आधारभूत शिक्षा, स्वास्थ्य सेवा, आयआर्जन र राज्यले दिने अन्य सेवा सुविधाहरूमा महिला तथा अपाङ्गता भएका व्यक्तिहरूको पहुँच सुनिश्चित गर्ने ।
- लैङ्गिक विभेदलाई बढावा दिने हानिकारक सामाजिक प्रचलनलाई निरूत्साहित गर्ने कार्यक्रम सञ्चालन गर्ने।
- जेष्ठ नागरिकलाई सम्मानित जीवन व्यतित गर्ने वातावरण सृजना गर्ने ।

### ४.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

कालिका नगरपालिकाको आवाधिक योजनाले लिइएको समष्टिगत लक्ष्य तथा उद्धेश्यका आधारमा तयार गरिएको सूचक तथा लक्ष्य तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका २२ महिला बालबालिका तथा लक्षित वर्ग उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| सूचक/लक्ष्य | एकाई | २०७९/०८० सम्मको उपलब्धि | २०८०/०८१ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३०/०८४ |
| सीपमूलक तालिम प्राप्त अपाङ्गता भएका व्यक्ति | जना | - | ३१ (बाख्रा पालन सम्बन्धी तथा वितरण) | ५० | ७५ | १०० |
| महिला साक्षरता | प्रतिशत | ७४ | ७६ | ७७ | ७७.५ | ७८ |
| वृद्धाश्रम दिवा सेवा केन्द्र | संख्या | - | - | - | १ | २ |
| सामाजिक सुरक्षावाट लाभान्वित | संख्या | ४३२५ | ४४७५ | ४५५० | ४७२० | ४८५० |
| सामाजिक सुरक्षा तथा संरक्षण विधवा तथा एकल महिला | संख्या | ९४६ | ९६४ | ९८५ | ९९८ | १०१५ |
| लैङ्गिक अनुपात | | ९५.५७ | ९५.५८ | ९५.६५ | ९५.६७ | ९५.७० |
| नगर सभामा महिला सहभागिता | प्रतिशत | ३३ | ३३ | ३३ | ३३ | ३३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| सामाजिक सुरक्षा तथा संरक्षण प्राप्त अपाङ्गता भएका व्यक्ति | संख्या | ३१० | ३१७ | ३२५ | ३३९ | ३४७ |
| महिला परिवारमुली रहेको परिवार अनुपात | प्रतिशत | २२.४ | २२.८ | २३ | २३.२ | २३.४ |
| अपाङ्गता भएका जनसंख्याको अनुपात | प्रतिशत | २.१ | २.२ | २.४ | २.५ | २.६ |
| अपाङ्गता भएका महिला जनसंख्याको अनुपात | प्रतिशत | १.९ | १.९२ | १.९५ | १.९८ | २ |
| वडास्तरीय बालसंजाल | संख्या | - | - | ११ | ११ | ११ |
| एकल/विधवा महिला | प्रतिशत | ४.७ | ४.७५ | ४.८ | ४.८२ | ४.८५ |
| पाँच वर्षमुनिका बालबालिकाको जन्म दर्ता | प्रतिशत | ६० | ८० | ९० | ९५ | १०० |
| कृषि, पशुपंक्षी, स्वास्थ्य लगायत क्षेत्रमा महिला प्राविधिक | संख्या | २ | ३ | ७ | ८ | ९ |
| देश वाहिर रहेका महिलाको अनुपात | प्रतिशत | २२.१ | २२.० | २१.३५ | २१.० | २० |
| कार्यपालिकामा महिला सहभागिता | प्रतिशत | ३३ | ३३ | ३३ | ३३ | ३३ |
| महिला संजाल तथा आमा समूहहरु रहेको वडा संख्या | संख्या | - | ११ | ११ | ११ | ११ |
| महिलाको स्वमित्वमा अचल सम्पति (जमिनमात्र) भएका परिवारको अनुपात | प्रतिशत | ०.९ | ०.९५ | ०.९८ | १ | १.२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| महिलाको स्वमित्वमा अचल सम्पति (घरमात्र) भएका परिवारको अनुपात | प्रतिशत | ९.३ | ९.३५ | ९.३९ | ९.४१ | ९.४५ |
| लैङ्गिक विकास सूचकाङ्क | सूचकाङ्क | ०.८८५ | | | | |
| लैङ्गिक हिंसा न्यूनिकरण | प्रतिशत | - | ७० | ८० | ९० | ९० |

### ४.४.७ महिला, बालबालिका तथा लक्षित वर्ग क्षेत्रको कार्यक्रमहरुको संक्षिप्त विवरण

तालिका २३ महिला बालबालिका तथा लक्षित वर्ग उपक्षेत्रको कार्यक्रमहरूको संक्षिप्त विवरण

| कार्यक्रम/आयोजना | उद्धेश्य | आयोजना अवधि | लागत(हजारमा) | आगामी ३ बर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|
| बालमैत्री स्थानीय तह घोषणा कार्यक्रम | बाल बचाउ, संरक्षण,विकास र सहभागीतामा अभिवृदि गर्नु | २०८१/०८२-८३/८४ | ८५०० | बालमैत्री नगर घोषणा भएको हुनेछ |
| अपाङ्गमैत्री कार्यक्रम | परिचय पत्र वितरण तथा अन्य सामाग्री वितरण | सालबसाली | ८०० | सम्पूर्ण लक्षित वर्गलाई अपाङ्ग परिचयपत्र वितरण गरिएको हुनेछ |
| महिला विकास कार्यक्रम | महिला सशक्तिकरण गर्नु | सालबसाली | २५०० | महिला सशक्तिकरण र उद्यमशीलतामा क्रियाशिल हुने |
| लक्षित वर्ग सुरक्षा तथा संरक्षण कार्यक्रम | सामाजिक न्याय कायम गर्नु | सालबसाली | २५९० | नागरिकहरुले सुरक्षा तथा संरक्षणको प्रत्याभुती गर्नेछन । |

### ४.४.८ जोखिम तथा पूर्वानूमान

महिला सशक्तिकरण तथा लैङ्गिक सवलिकरणको लागि अन्तर सरकार समन्वय गरि महिलाको मुल प्रवाहिकरण भएको हुनेछ । शैक्षिक स्थिति तथा स्रोत र साधनको समस्याको कारण अपेक्षित उपलब्धिहरु हासिल गर्न जोखिम रहन सक्छ ।

## ४.५ युवा, खेलकुद तथा नवप्रवर्तन

### ४.५.१ पृष्ठभूमि

युवाशक्ति विकासका संवाहक हुन् । युवाशक्तिको सङ्ख्यात्मक तथा गुणात्मक विकास र परिचालनबाट नै विकास सम्भव छ । संविधानले पनि युवाहरूको विकास गरी उनीहरूलाई राष्ट्रको सर्वाङ्गीण विकासमा परिचालन गर्ने नीति लिएको छ । कालिका नगरपालिकाको कुल जनसंख्याको ४१ % हिस्सा (१५-३९वर्ष ) युवाको रहेको छ । नगरपालिकाले युवालाई पालिकाको अहम हिस्साको रुपमा स्विकार गर्दै युवा स्वोरोजगार तथा युवा व्यवसायीलाई प्रोत्साहन गर्ने नीति लिएको छ ।

युवाशक्तिलाई शारीरिक, मानसिक, वौद्धिक र संवेगात्मक रूपमा सबल र नैतिकवान् बनाई अनुशासित र मर्यादित समाज निर्माण गर्दै विकास तथा समृद्धिमा रूपान्तिरत गर्न खेलकुदको महत्वपूर्ण भूमिका रहन्छ । नगरपालिकाले "युवा लक्षित कार्यक्रमहरु युवाहरुकै सहभागितामा तयार गरी सञ्चालन गरिनेछ" भन्ने नीतिका साथ युवाहरुको सहभागिताको सुनिश्चिता गरेको छ । यसैगरी नगरपालिकाले खेलकुद क्षेत्रको विकासलाई विशेष प्राथमिकतामा राखेको छ । नगरपालिकाले नगरपालिका स्तरीय मेयर कप, रास्ट्रपति रनिङ शिल्ड जस्ता खेलकुद प्रतियोगिताको आयोजना साथै यस्ता खेल प्रतियोगितामा सहभागिता जनाउदै आएको छ, भने खेल पूर्वाधारको निर्माणमा विशेष ध्यान दिदै एक वडा एक खेल मैदानको नीति समेत लिएको छ । साथै खेल परिषद्को गठन गरी क्रियाशील रहेको छ ।

### ४.५.२ समस्या तथा चुनौती

**समस्या**

- युवा लक्षित विकासका लागि कार्यक्रमको प्रभावकारी कार्यान्वयन नहुनु, ।
- बजारको माग र आपूर्तिका आधारमा रोजगार सिर्जनाका लागि उचित योजना अनुसार जनशक्ति उत्पादन हुन नसक्नु, ।
- युवाहरूका लागि उद्यमशीलता र रोजगारीका अवसरहरू पर्याप्त नहुँदा विदेश पलायन हुन बाध्य हुनु, ।
- सीप र तालिम विनाका अदक्ष कामदारहरू वैदेशिक रोजगारीमा जानुपर्दा पर्याप्त रिमिटेन्स भित्रिन नसक्नु, ।
- "विकास-अनुशासन-गतिशीलता" सँग युवाहरूलाई जोड्न नसक्नु, ।
- सामाजिक र सांस्कृतिक विकृति विसंगतिहरूबाट जोगाउन गरिएका प्रयासहरू पर्याप्त नहुनु हुन् ।
- खेलाडी तथा प्रशिक्षकहरूलाई नियमित रूपमा प्रशिक्षण दिई उनीहरूको मनोवल उच्च वनाई जीविकोपार्जनको आधारको रूपमा स्थापित गर्न नसकिनु, ।
- साहसिक खेलकुदमा पर्याप्त ध्यान दिन नसकिनु जस्ता विषय प्रमुख समस्याका रूपमा रहेका छन् ।

**चुनौती**

- वर्षेनी श्रम बजारमा थपिने युवालाई रोजगारमूलक र व्यवसायिक शिक्षा तालिम उपलब्ध गराई रोजगारी प्रदान गर्नु, ।
- युवा प्रतिभा-पलायन रोक्नु, ।
- युवाहरूमा सकारात्मक सोचको वृद्धि गरी श्रम र संस्कृतिप्रति सम्मान गर्ने वातावरणको सिर्जना गर्नु, ।
- युवाहरूमा स्वयंसेवी भावनाको जागृत गर्नु, सामाजिक र आर्थिक सेवाहरूमा युवाको पहुँच वृद्धि गर्नु, ।
- उपयुक्त खेल पूर्वाधार- आधारशीला निर्माण गर्नु ।
- स्वच्छ तथा प्रतिस्पर्धी खेलाडीको विकास एवम् खेल संस्कृतिको विकास गर्नु ।

### ४.५.३ सोच

युवा जनशक्तिलाई नगरपालिकाको सामाजिक-आर्थिक विकास तथा खेलकुदमा मूलप्रवाहीकरण गर्ने ।

### ४.५.४ उद्देश्य

- आत्म अनुशासन र शारीरिक तथा मानसिक तन्दुरूस्ती सहित स्वस्थ्य जनशक्ति तयार गर्ने ।
- युवाहरूलाई उद्यमशील, स्वरोजगार र स्वावलम्बी बनाउदै विकासमा युवाको सहभागिता वृद्धि गर्नु।
- युवा जनशक्तिलाई विदेश पलायन हुन बाट रोकी स्वदेशमै रोजगारीको वातावरण सिर्जना गर्ने ।
- खेलकुद पूर्वाधारको विकास गर्दै युवा खेलाडीलाई उच्च प्रतिस्पर्धी र व्यवसायिक बनाउनु ।

### ४.५.५ रणनीतिहरू

- विकास निर्माणमा युवाहरूको समावेशी सहभागिता अभिवृद्धि गर्ने ।
- युवालाई उद्यमशील, व्यवसायी र आत्मनिर्भर बनाउन वित्तीय स्रोत साधनको पहुँचमा वृद्धि गर्ने ।
- युवा केन्द्रित प्राविधिक तथा व्यवसायिक शिक्षा र सीप विकासका अवसरहरू विस्तार गरी उद्यमशील बनाउने।

- युवामा सकारात्मक सोच, सिर्जनशीलता र नेतृत्व क्षमताको विकास गर्ने ।
- स्थानीय खेलकुदको प्रवर्द्धन गर्ने ।
- प्रतिभावान खेलाडीको पहिचान, क्षमता विकास र प्रोत्साहन गर्ने ।
- खेलकुद पूर्वाधार निर्माण र बिस्तार गर्ने ।
- खेल सम्बद्ध राष्ट्रिय र अन्तर्राष्ट्रिय संघ संस्थाहरूसँग समन्वय र सहकार्य गरी खेलकुद विकास गर्ने ।
- योग तथा ध्यानका साथै मनोरञ्जनात्मक, परम्परागत तथा संस्कृतिजन्य खेलकुद विकास गर्ने ।

### ४.५.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

कालिका नगरपालिकाको आवाधिक योजनाले लिइएको समष्टिगत लक्ष्य तथा उद्धेश्यका आधारमा तयार गरिएको सूचक तथा लक्ष्य तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका २४ युवा,खेलकुद तथा नवप्रर्वतक उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| सूचक/लक्ष्य | एकाई | २०७९/०८० सम्मको उपलब्धि | २०८०/०८१ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| युवा वेरोजगारीता | संख्या | २५ | २० | १५ | ११ | १० |
| उद्योग, व्यापार व्यवसायमा युवाहरुको आवद्धता | प्रतिशत | | | | | |
| प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत युवा रोजगार सेवा केन्द्रवाट लाभान्वित युवाहरु | संख्या | १०० | १५० | २०० | ३०० | ३०० |
| स्थानीय तहको संरचनामा युवाहरुको संलग्नता | प्रतिशत | ८५ | ९० | ९० | ९० | ९० |
| युवा क्लव, संजाल तथा संस्था रहेका वडा | संख्या | ११ | ११ | ११ | ११ | ११ |
| युवा खेलकुद अभ्यास प्रशिक्षण केन्द्र | संख्या | - | - | - | - | १ |
| कवर्डहल तथा खेलकुद मैदान | संख्या | - | ३ | ५ | ८ | ११ |
| पालिकाद्वारा संचालित पालिका स्तरीय खेलकुद प्रतियोगिता | संख्या | १ | १ | २ | २ | ३ |

### ४.५.७ युवा, खेलकुद तथा नवप्रवर्तन क्षेत्रको कार्यक्रमहरुको संक्षिप्त विवरण

**तालिका २५ युवा,खेलकुद तथा नवप्रर्वतक उपक्षेत्रको कार्यक्रमहरूको संक्षिप्त विवरण**

| कार्यक्रम/आयोजना | उद्धेश्य | आयोजना अवधि | लागत(हजारमा) | आगामी ३ बर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|
| खेलमैदान विकास कार्यक्रम | खेलकुद प्रवर्द्धन गर्नु | सालबसाली | ४०५० | हरेक वडामा खेलमैदान विकास भएको हुनेछ । |
| युवा तथा खेलमैदान सम्वन्धि अन्य कार्यक्रम | खेलप्रतिभाको विकास गर्नु | सालबसाली | १५०० | यूवाहरुमा खेलकुद प्रतिभाको विकास भएको हुनेछ । |

### ४.५.८ जोखिम पक्ष तथा पूर्वानुमान

युवाहरको सामाजिक तथम आर्थिक क्षेत्रमा नेतृत्वदायी भुमिका विस्तार भएको हुनेछ । यूवा जगतमा व्यवसायीकताको भावना अभिवृद्धि भएको हुनेछ । खेलकुद उद्यमशिलता तथा स्वरोजगार प्रति आकर्षण बढेको हुनेछ । युवा जगतमा बैदेशिक रोजगारीको आकर्षण, युवा दुर्व्यशन, क्षमता तथा सिप विकासमाको अवसरमा प्रोत्साहन नभएमा अपेक्षित उपलब्धि हासिल हुन नसक्ने जोखिम रहन सक्छ ।

# परिच्छेदः५ - पूर्वाधार क्षेत्र

पुर्वाधार विकास क्षेत्र अन्तर्गत आवास, भवन तथा शहरि विकास, सडक पूल तथा यातायात, विद्युत तथा वैकल्पिक उर्जा, सूचना सञ्चार तथा विद्युतीय सुशासन लगायतका उप-क्षेत्रहरुको पृष्ठभूमि, समस्या तथा चुनौती, लक्ष्य रणनीति, नतिजा खाका, त्रिबषिय खर्च तथा स्रोत अनुमान तथा कार्यक्रम र पूर्वानूमान तथा जोखिम पक्षहरु समावेश गरिएको छ ।

## ५.१ सडक, पुल तथा यातायात

### ५.१.१ पृष्ठभूमि

नेपालको संविधानले यातायात सुविधामा नागरिकको सरल, सहज र समान पहुँच सुनिश्चित गर्न यातायात क्षेत्रमा लगानी अभिवृद्धि गर्ने र वातावरण अनुकूल प्रविधिलाई प्राथमिकता दिंदै सार्वजनिक यातायातलाई प्रोत्साहन र निजी यातायातलाई नियमन गरी यातायात क्षेत्रलाई सुरक्षित, व्यवस्थित, समावेशी र अपाङ्गतामैत्री बनाउने परिकल्पना गरेको छ ।

नेपालमा लोकतन्त्रको स्थापना पश्चात सडक निर्माण र मर्मतमा सघ, प्रदेश र स्थानीय सरकारको जिम्मेवारीमा पर्ने गरी छुट्टाछुट्टै वर्गीकरण गरिएको छ । जस अनुसार यस नगरक्षेत्रका प्रायसः सडकहरु नगरपालिकाको जिम्मेवारीमा परेका छन् भने केही प्रदेश सरकारले हेर्ने गरी वर्गीकरण गरिएको छ । स्थलगत अध्ययन तथा नगरपालिकामा भएको छलफल अनुसार यस नगरपालिकाभित्र लगभग २५ कि.मी. सडकमात्र कालोपत्रे भएको छ । यसैगरी लगभग १३५ कि.मी. सडक ग्रयाभेल छ भने बाँकी करिब २०० कि. मी. सडक कच्ची सडकको रुपमा रहेको छ । व्यवस्थित नाली भने कहीं पनि भएकाले वर्षा याममा प्रायः सबै सडकमा पानी जम्ने समस्या छ । जसका कारण वर्षायाममा नियमित यातायात सुचारु गर्न कठिन छ भने हिउँदमा धुलोको समस्या छ । नगरपालिकाभित्र व्यवस्थित बसपार्क पनि बन्न सकेको छैन, जसले गर्दा बजारक्षेत्र तथा अन्य स्थानमा सडकमै पार्किङ्ग गर्ने गरेकाले दुर्घटनाको जोखिम पनि उत्तिकै छ ।

### ५.१.२ समस्या तथा चुनौती

**समस्या**

- सबै वस्तीलाई सडक संजालमा जोडन नसक्नु, ।
- व्यवस्थित बसपार्क नहुनु, मापदण्ड विना योजना पहिचान तथा छनौट हुनु, ।
- दक्ष श्रमिक तथा जनशक्ति उपलब्धतामा कमी रहनु, ।
- गुणस्तरीय निर्माण सामग्रीको सहज उपलब्धता हुन नसक्नु, ।
- सडक प्रति सर्वसाधारणको अपनत्व अपेक्षाकृत नहुनु, ।
- सडक लम्बाइ वृद्धिका साथै मर्मत सम्भारको दायित्व वृद्धि भए अनुरूप स्रोत व्यवस्थापन नहुनु, ।
- सडक मार्गहरूको सीमा अतिक्रमण बढ्नु, साँघुरा सडक हुनु, निजी सवारी साधनहरूको संख्या बढ्दै जानु, सडक दुर्घटनामा कमी आउन नसक्नु, ।

**चुनौती**

- नालाको व्यवस्था गरी वर्षायाम यातायात आवागमनमाको व्यवस्था गर्नु।
- सडकको चौडाई बढाउनु ।
- सबै घरधुरीमा सडक संजाल पुर्‍याउनु र बाटोहरूको स्तरउन्नति गर्नु ।
- नगरपालिका क्षेत्र भित्रका बिभिन्न खोलाहरूमा पुल तथा कल्भर्ट निमार्ण गर्नु ।
- व्यापार, ब्यवसाय तथा उत्पादन बढाउन मद्दत पुराउन सक्ने रणनीतिक महत्वका सडक निर्माणमा केन्द्रित हुनु, वातावारणीय पक्षलाई ध्यानमा राखेर गुणस्तरीय सडक निर्माण गर्नु, ।
- सडक तथा पदमार्गको संरक्षण, मर्मत सम्भार तथा ब्यवस्थापन कार्यलाई दिगो बनाउनु ।

### ५.१.३ सोच

**"दिगो सडक तथा यातायात पूर्वाधार, सम्बृद्ध कालिको आधार"**

### ५.१.४ उद्देश्य

- सडक पूवार्धारहरूको निर्माण तथा स्तर उन्नति गरी मानिसहरूको जीवन सहज र सरल बनाउनु ।
- यातायात पूर्वाधारको उचित मर्मत सम्भार तथा व्यवस्थापन गरी सहज आवतजावत र स्थानीय जनताको सुविधा, आयआर्जन तथा रोजगारी सिर्जना गर्नु ।
- प्रमुख सडकहरुमा बसपार्क तथा बसबिसौनि सहितको यातायात सुबिधा पुर्याउने ।

### ५.१.५ रणनीतिहरू

- योजनाको दीर्घकालीन उपयोगकोलागि निर्माण भइसकेका पूर्वाधारहरूको संरक्षण, विस्तार तथा मर्मतको लागि कोषको व्यवस्था गर्ने।
- नगरपालिकाको आर्थिक तथा सामाजिक गतिविधिलाई सन्तुलित, समावेशी, गतिशील बनाउन योगदान पुर्‍याउन सक्ने रणनीतिक सडक सञ्जाल सुदृढ गर्ने ।
- छिटो, भरपर्दो र वातावरण मैत्री सडक सञ्जाल विकास गर्न सहयोगी हुने प्रविधि तथा उपायहरू अबलम्बन गर्ने ।
- प्रमुख ग्रामीण बस्तीहरू र प्रमुख पर्यटकीय केन्द्र जोड्ने गरी यातायात पहुँच बढाउन सडक विस्तार गर्ने ।
- पर्यटकीय स्थलहरूको पहिचान तथा सो स्थान सम्मको पहुँच मार्गको निर्माण कार्यलाई अभियानका रुपमा सञ्चालन गर्ने ।
- नगरपालिकाका प्रशासनिक निकायसम्म् पहुँच पुर्याउन वडा कार्यालय र वस्ती जोड्ने सडक निर्माणलाई प्राथमिक्ता दिने
- बजार क्षेत्रमा बसपार्क तथा अन्य पूर्वाधार निर्माण गर्ने ।
- स्थानीयको आवत जावतलाई सहज गर्न यातायातको विस्तार गर्ने ।

### ५.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

कालिका नगरपालिकाको आवाधिक योजनाले लिइएको समष्टिगत लक्ष्य तथा उद्धेश्यका आधारमा तयार गरिएको सूचक तथा लक्ष्य तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका २६ सडक, पुल तथा यातायात उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| सूचक/लक्ष्य | एकाई | २०७९/०८० सम्मको उपलब्धि | २०८०/०८१ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| कालोपत्रे सडकको लम्वाई | कि.मि | १०२.७१ | ११३ | १२५ | १३७ | १४९ |
| ग्राभेल सडकको लम्वाई | कि.मि | १६२.०५ | १६६ | १७२ | १८० | १८७ |
| कच्ची सडक लम्वाई | कि.मि | ११२.८२ | ११७ | १२१ | १२९ | १३५ |
| पक्की पुल (वेलीब्रिज समेत) | संख्या | ५ | ५ | ५ | ५ | ६ |
| सहायक नदीमा झोलुङ्गे पुल | संख्या | ८ | ८ | ८ | ८ | १० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| आंशिक रुपमा सार्वजनिक यातायात सुचारु सडक लम्वाई | कि.मि | ११२.८२ | ११७ | १२१ | १२९ | १३५ |
| पालिका केन्द्रवाट वडा कार्यालय सम्म जोडिएको सडक | संख्या | ११ | ११ | ११ | ११ | ११ |
| सडक संजालवाट नजोडिएका वस्ती रहेका वडा | संख्या | ३ | २ | २ | १ | ० |
| १५ मिनेट सम्मको दुरीमा यातायात पहुँच भएको घरपरिवार | प्रतिशत | ९० | ९२ | ९५ | ९९ | ९९ |
| जिल्ला, प्रदेश तथा राष्ट्रिय स्तरका सडक संजाल | संख्या | २ | २ | २ | २ | ३ |
| अन्तरपालिका सडक संजाल संख्या र लम्वाई | संख्या/कि.मि | ४ | ४ | ४ | ४ | ५ |
| सडक नालीको भएको सडक संख्या र लम्वाई | संख्या/कि.मि | १ | १ | १ | २ | ३ |
| वायो इन्जिनियरिङ्ग प्रविधि र सडक साइड वृक्षारोपण | कि.मि | ० | १ | १ | २ | २ |

### ५.१.७ सडक, पुल तथा यातायात क्षेत्रको कार्यक्रमहरुको संक्षिप्त विवरण

**तालिका २७ सडक, पुल तथा यातायात उपक्षेत्रको कार्यक्रमहरूको संक्षिप्त विवरण**

| कार्यक्रम/आयोजना | उद्धेश्य | आयोजना अवधि | लागत(हजारमा) | आगामी ३ बर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|
| नगरस्तरीय सडकहरूको स्तरोन्नति तथा निर्माण | नगरबासीहरूलाई सहज तथा सुविधायुक्त यातायातको पहुँचमा वृद्धि गर्नु | सालवसाली | ३५००० | नगरबासीहरूलाई सहज तथा सुविधायुक्त यातायातको पहुँचमा वृद्धि भएको हुनेछ |
| निर्माण कर्यको गुणस्तर परीक्षणको लागि प्रयोयशाला निर्माण तथा व्यवस्थापन | नगरपालिका द्वारा सञ्चालित योजनाहरूको गुणस्तर कायम गर्नु | सालवसाली | १५००० | गुणस्तर परिक्षणको लागि प्रयोगशाला स्थापना भई निर्माणको गुणस्तर जाँच गर्ने कार्य सञ्चालन भएको हुनेछ। |
| नगरपालिकाका विभिन्न वडामा सडक विस्तार | नगरवासीलाई सडकको पहुँच संग जोड्नु | सालबसाली | ३५००० | हरेक टोल तथा वस्तिमा सडक विस्तार भएको हुनेछ |

### ५.१.८ जोखिम तथा पूर्वानुमान

सडक विस्तार तथा यातायत व्यवस्थापनको लागि विकास साझेदारहरुको समन्वय तथा सहकार्य गरी आयोजना कार्यक्रम छनौट र कार्यान्वयन हुन सक्नेछ । नगरपालिकाले तयार गरेका विस्तृत आयोजना, क्रमागत योजनाहरु कार्यन्वयन गरेको हुनेछ । सडक पूर्वाधार विशिष्ट आयोजना हुने भएकाले दक्ष प्रविधिकवाट विस्तृत संम्भाव्य तथा वातावरणीय अध्ययन हुन नसकेमा तथा आयोजना प्रभावकारी व्यवस्थापन गर्न नसकिने जोखिम रहन्छ ।

## ५.२ भवन,आवास तथा बस्ती विकास

### ५.२.१ पृष्ठभूमि

नेपालको संविधानले व्यवस्थित बसोबास, योजनाबद्ध, पूर्ण पूर्वाधार, बातावरणमैत्री आवासलाई नागरिकको सुरक्षित आवासको हकलाई प्रत्याभूति गरेको छ । नगरका प्रमुख बजारकेन्द्रहरु तथा आसपासका क्षेत्रहरुमा वस्ती विकासको क्रम तिव्र रहेको छ । यो क्रमलाई समयमै व्यवस्थित बनाउन सकिएन भने अव्यवस्थित वस्ती, कमजोर संरचनाका कारण एकातिर विकासको लागत अत्याधिक रुपमा वढ्न जाने देखिन्छ भने अर्कोतिर विपद जोखिमको अवस्था पनि त्यतिकै मात्रामा वढ्न जाने देखिन्छ ।

राष्ट्रिय शहरी विकास रणनीति, २०७३ अनुसार काठमाण्डौं महानगरपालिकाको तुलनामा अन्य शहरहरूको आधारभूत पूर्वाधार (जस्तै सडक, खानेपानी, सरसफाइ, फोहोरमैला व्यवस्थापन, आवास र बिजुली) को पहुँचकोस्तरमा निकै भिन्नता रहेको छ । निजी आवास परिवार आफैले जग्गा खरीद गरी क्रमिक रूपमा निर्माण गर्ने र बाटो, यसको स्तर र अन्य सुविधाहरू क्रमशः थप्दै जाने गरेको देखिन्छ । यस्ता आवासहरूमा योजना तथा भवनसम्बन्धी मापदण्ड र संहितामा व्यापक कमी हुने गरेको देखिन्छ ।

### ५.२.२ समस्या तथा चुनौती

नगरपालिकाका बजारी क्षेत्रहरु अव्यवस्थित बसोबास र अनियन्त्रित शहरीकरणको चपेटामा छ । बढ्दो जनसंख्या, मानिसहरूको समय सापेक्ष आवश्यकताहरू र जग्गाको बढ्दो कारोबारले गर्दा यस नगरपालिकाको विभिन्न स्थानमा समेत अव्यवस्थित रूपमा शहरीकरणको विकास र अव्यवस्थित कित्ताकाट भइरहेको छ । जसले गर्दा मानिसहरूको लागि अत्यावश्यक पूर्वाधारहरू जस्तै बाटो, नाला, बिजुली बत्ती, खानेपानी, जस्ता सुविधाहरू उपलब्ध गराउन गाह्रो भएको र शहरको सुन्दरतामा पनि प्रतिकूल असर पुर्‍याएको छ ।

शहरीकरणको तिब्रतासँगै पूर्वाधार विकासका लागि ठूलो बजेटको आवस्यकता पर्दछ । विद्यमान वित्तीय स्रोत परिचालनको अवस्थामा मात्र भर पर्ने हो भने शहरी पूर्वाधारको निर्माण सहित उच्च स्तरको यातायात सुविधा उपलब्ध गराउनु, पर्याप्त गुणस्तरीय खानेपानीमा सवैको पहुँच पुर्‍याउनु, गुणस्तरीय बिजुली तथा सूचना प्रणालीको व्यवस्था गर्नु, सबै नागरिकको शिक्षा र स्वास्थ्यमा पहुँच पुर्‍याउनु, दिगो आय तथा रोजगारका अवसर सिर्जना गरी बजार क्षेत्र वरिपरि केन्द्रित बसाइँसराइको चापलाई न्यूनीकरण गर्नु, प्रविधिमा आधारित उत्पादन प्रणाली र गतिशील आर्थिक गतिविधि रहेको शहर बनाउनु, सुरक्षित प्रदूषणमुक्त र उपलब्ध साधन स्रोतहरूको उचित उपयोग तथा दिगो व्यवस्थापन भएको शहर बनाउनु निकै चुनौतीपूर्ण देखिन्छ ।

### ५.२.३ सोच

"कला संस्कृतिको सम्बद्र्धन गर्दै सर्वसुलभ र गुणस्तरीय आवास वस्तीको विकास, सुरक्षित एवं सम्बृद्ध कालिकाको पहिचान"

### ५.२.४ उद्देश्य

- एकीकृत आवास तथा बस्ती विकास गरी अव्यवस्थित र छरिएका घरपरिवारलाई एकताबद्ध र प्रभावकारी सेवा प्रवाहको विकास गर्नु ।

- स्थानीय निर्माण सामग्रीको अधिकतम प्रयोग गरी स्थानीय वास्तुकला र नवीनतम प्रविधि मिश्रित सुरक्षित र किफायती भवनहरू निर्माण गर्नु ।

### ५.२.५ रणनीतिहरू

- ग्रामीण क्षेत्रमा छरिएर रहेका तथा विपद्को जोखिममा रहेका र सीमान्तकृत घर परिवारलाई आधारभूत सुविधा सहितको एकीकृत बस्ती निर्माण गर्ने ।
- घना बस्ती रहेका क्षेत्र तथा सडक क्षेत्रको बस्ती व्यवस्थित गर्ने।
- भूउपयोग नीति तथा योजना निर्माण गर्ने र योजनाबद्ध रुपमा एकीकृत बस्ती विकास गर्ने कार्यलाई अभियानको रुपमा अगाडि बढाउने ।
- स्थानीय पहिचान भएको र सबै वर्ग तथा समुदायले किन्न सक्ने भवनहरूको निर्माण गर्ने ।
- भवन डिजाइन, निर्माण तथा सुपरीवेक्षणका कार्यमा संलग्न जनशक्तिको क्षमता विकास गर्ने ।

### ५.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

कालिका नगरपालिकाको आवाधिक योजनाले लिइएको समष्टिगत लक्ष्य तथा उद्धेश्यका आधारमा तयार गरिएको सूचक तथा लक्ष्य तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका २८ भवन आवास तथा बस्ती विकास उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| सूचक/लक्ष्य | एकाई | २०७९/०८० सम्मको उपलब्धि | २०८०/०८१ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| जोखिमयुक्त वस्तीहरु रहेको वडा | संख्या | ३ | ३ | २ | २ | १ |
| भूकम्प प्रतिरोधी भवन निर्माण सम्बन्धी दक्ष जनशक्ति | संख्या | | | | | |
| भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका सार्वजनिक भवन | प्रतिशत | ८० | ९५ | ९८ | १०० | १०० |
| भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका निजी आवास तथा संरचनाहरु | प्रतिशत | ८० | ९० | ९५ | ९७ | ९८ |
| आधारभूत पूर्वाधार सहित व्यवस्थित बजार | संख्या | ० | ० | २ | ३ | ५ |
| सुविधा सम्पन्न उद्यान सहितको खुल्ला पार्क क्षेत्र रहेको वडा | संख्या | | | ११ | ११ | ११ |
| व्यवस्थित वसपार्क तथा | संख्या | - | - | ० | ० | १ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| वस स्टेशन | | | | | | |
| सुविधा सम्पन्न सामुदायिक, महिला, ज्येष्ठ नागरिक तथा सभा भवन | संख्या | १ | १ | २ | २ | २ |

### ५.२.७ भवन,आवास तथा बस्ती विकास क्षेत्रको कार्यक्रमहरुको संक्षिप्त विवरण

**तालिका २९ भवन, आवास तथा बस्ती विकास उपक्षेत्रको कार्यक्रमहरूको संक्षिप्त विवरण**

| कार्यक्रम/आयोजना | उद्धेश्य | आयोजना अवधि | लागत(हजारमा) | आगामी ३ बर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|
| संघ,प्रदेश,स्थानीय तह, निजि क्षेत्र तथा लक्षित वर्गको सहकार्यमा एकिकृत वस्ती निर्माण | तिनै तहका सरकारको उपस्थितिमा एकिकृत बस्ति निर्माण गरी जोखिममा परेका बस्तिहरूको स्थानान्तरण गर्नु | सालवसाली | २५००० | तिनै तहको सरकारका साथै निजि क्षेत्रको समन्वयमा एकिकृत वस्तिहरूको निर्माण हुनेछ । |
| भवन निर्माण मापदण्डको कार्यन्वयनको लागि मजदुर तथा नगरबासीहरूलाई लागि अभिमुखीकरण तथा अनुगमन | मापदण्ड अनुसारका भवनहरूको निर्माण भई प्राकृतिक विपत्तिको जोखिम कम गराउनु | सालवसाली | ३०० | मापदण्ड अनुसारका भवनहरूको निर्माण भई प्राकृतिक विपत्तिको विरूद्धका संरचनाहरू तयार हुनेछन । |
| प्रशासकीय भवन निर्माण तथा व्यवस्थापन | सेवा प्रवाह मा गुणस्तरीयता कायम गर्नु | | ५०००० | नगरपालिकाको प्रशासकीय भवन निर्माण सम्पन्न भई एकीकृत सेवा प्रवाह सुचारु हुनेछ । |

### ५.२.८ जोखिम तथा पूर्वानूमान

भवन,आवास तथा बस्ती विकास सम्वन्धि मापदण्ड तयार सहित परिपालना अभिवृद्धि हुनेछ । सुरक्षित आवास सम्बन्धमा जनचेतनाको स्तर वृद्धि भएको हुनेछ । बस्ती विकास तथा भवन निर्माण सम्बन्धी मापदण्डको कार्यन्वयन हुन नसकेमा अपेक्षित प्रतिफल हासिल हुनेमा चुनौतीपूर्ण देखिन्छ ।

## ५.३ जलस्रोत,विद्युत तथा स्वच्छ उर्जा

### ५.३.१ पृष्ठभूमि

नेपालमा जलविद्युतको विकासको यात्रा वि. सं १९६८ देखि सुरू भएको हो । आ. व २०७९/०८० सम्ममा नेपालमा कुल जलविद्युत जडान क्षमता २६६६ मेगावाट पुगेको छ। विद्युत ग्रिडमा जनसंख्याको पहुँच ८० प्रतिशत छ । ६२३ स्थानीय तहमा विद्युत पूर्वाधार पुगेको छ भने प्रति व्यक्ति विद्युत उपयोग ३५० किलोवाट प्रतिघण्टा रहेको छ।

कालिका नगरपालिकामा ८१.६९ % ले दैनिक वत्ति बाल्नका लागि विद्युतको प्रयोग गर्दछन । वत्ति बाल्नकाका लागि सौर्य उर्जाको प्रयोग गर्नेको संख्या २.३९१ % मात्र रहेको छ । *(वस्तुस्थिति विवरण, बागमती प्रदेश, २०७६)*

कालिका नगरपालिकाका सबै वडामा राष्ट्रिय प्रसारण माफर्त विद्युत सेवा पुगेको छ। वडाका विभिन्न स्थानहरूमा २५०, १५०, १००, र ५० केभिए क्षमताका ट्रान्सफर्मरबाट विद्युत वितरण भईरहेको छ । नगरपालिकामा रत्ननगर र टाँडी वितरण केन्द्रहरु मार्फत विद्युत वितरण भईरहेको छ । विद्युत वितरणका लागि अधिकांश स्थानमा स्टीलका पोलको प्रयोग भएको भने ग्रामीण ईलाकाका केही पोलहरु काठक छन् यिनीहरुलाई पनि स्टीलको पोलले विस्थापित गर्ने काम नगरपालिका र विद्युत प्राधिकरणबाट संयुक्त रुपमा भै रहेको छ ।

### ५.३.२ समस्या तथा चुनौती

नगरपालिकाका विभिन्न क्षेत्रमा ट्रान्सफर्मर क्षमता कमजोर रहेको, जिर्ण काठका पोल रहेको, विद्युत नियमित नहुने, हावाहुरीका तथा पानि पर्दा पनि विद्युत अवरोध हुने, ट्रान्सफर्मर क्षमता कम भएका कारणले विद्युतीय मेसिनरी प्रयोग गर्न समस्या, विद्युत सब-स्टेशन नभएको, साना तथा लघु उद्यम संचालनका लागि विद्युत क्षमता अपुग जस्ता प्रमुख समस्या रहेका छन् । नगरपालिकाका सबै क्षेत्रमा पर्याप्त क्षमताको विद्युत पहुँच विस्तार गर्नु प्रमुख चुनौतीका रुपमा रहेको छ ।

### ५.३.३ सोच

काठको पोल रहीत सत प्रतिशत विद्युतको पहुँच पुर्याउने कालिकाको अभियान

### ५.३.४ उद्देश्य

- राष्ट्रिय प्रसारण लाईनको सुदृढीकरण गरी उत्पादनशील क्षेत्रमा खपत गर्नु ।
- ऊर्जाको उपभोगमा दक्षता बढाई वातावरण—मैत्री, दिगो, भरपर्दो, गुणस्तरीय र स्वच्छ ऊर्जामा सवैको पहुँचमा बृद्धि गर्नु ।

### ५.३.५ रणनीतिहरू

- नगरपालिकामा विद्युत वितरणलाई प्रणालीलाई प्रभावकारी बनाउने ।
- उत्पादनशील क्षेत्रमा विद्युत उर्जाको प्रयोगलाई प्रोत्साहन गर्ने ।
- ऊर्जा क्षेत्रको संस्थागत संरचना तयार गरी दिगो र अधिकतम् उपयोगको आधार तयार गर्ने ।
- वैकल्पिक उर्जाको उत्पादन तथा प्रवर्द्धन गर्ने ।

### ५.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

कालिका नगरपालिकाको आवाधिक योजनाले लिइएको समष्टिगत लक्ष्य तथा उद्धेश्यका आधारमा तयार गरिएको सूचक तथा लक्ष्य तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ३० जलस्रोत, विद्यूत तथा स्वच्छ उर्जा उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| सूचक/लक्ष्य | एकाई | २०७९/०८० सम्मको उपलब्धि | २०८०/०८१ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| नगरपालिकामा विद्युत सेवा पुगेका परिवार | प्रतिशत | ८१.६९ | ८५ | ९० | ९५ | १०० |
| उर्जा उपभोगमा सौर्य उर्जाको उपभोग | प्रतिशत | २.३९ | २.२ | १.९ | १.५ | १.५ |
| विद्युतमा पहुँच प्राप्त जनसंख्या | प्रतिशत | ९५ | ९८ | ९९ | १०० | १०० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| सडक बत्तिको व्यवस्था भएका वडा | संख्या | ६ | ८ | ९ | १० | ११ |

### ५.३.७ जलस्रोत,विद्युत् तथा स्वच्छ उर्जा क्षेत्रको कार्यक्रमहरुको संक्षिप्त विवरण

**तालिका ३१ जलस्रोत, विद्यूत तथा स्वच्छ उर्जा उपक्षेत्रको कार्यक्रमहरूको संक्षिप्त विवरण**

| कार्यक्रम/आयोजना | उद्धेश्य | आयोजना अवधि | लागत(हजारमा) | आगामी ३ बर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|
| विद्युत प्राधिकरण संग समन्वय गरी विद्युत चोरी तथा चुहावट नियन्त्रण गर्न अनुगमनको व्यवस्था | विद्युत चोरी तथा चुहावट नियन्त्रण गर्नु | सालवसाली | ३३४५ | विद्युत चोरी तथा चुहावट नियन्त्रण भएको हुनेछ । |
| वैकल्पिक उर्जा प्रवर्द्धन तथा जनचेतनामुलक कार्यक्रम सञ्चालन | वैकल्पिक उर्जाको प्रवर्द्धन गर्नु | सालवसाली | ६५०० | वैकल्पिक उर्जाको प्रयोगमा वृद्धि भएको हुनेछ । |
| नविकरणीय उर्जा प्रविधि विकास | कार्वन उत्सर्जनमा न्युनिकरण | सालवसाली | ४५०० | कार्वन उत्सर्जनमा कमी आएको हुनेछ । |

### ५.३.८ जोखिम पक्ष तथा अनुमान

विद्युत तथा वैकल्पिक उर्जाको उपलब्धता र उपयोगमा सहज भएको हुनेछ । विद्युत तथा वैकल्पिक उर्जाको संरचनाबाट सावधानी अपनाउन नसकेमा दुर्घटनाको जोखिम रहन सक्छ ।

## ५.४ सूचना तथा सञ्चार प्रविधि

### ५.४.१ पृष्ठभूमि

नगरपालिकाका शहरी वडाहरूमा सूचना तथा प्रविधिको उपयोगको अवस्था राम्रो रहेको छ भनें ग्रामिण वडाहरूमा यसको अवस्थामा सुधार ल्याउन अत्यावश्यक छ । शहरी वडाहरूमा टेलिकमको (ल्यान्डलाइन, एन.टि.सि, एन सेल) तथा इन्टरनेटको राम्रो सुविधा रहेको छ भने ग्रामीण वडाहरूमा एन.टि.सि र एन सेलको सामान्य सुविधा उपलब्ध गराएको देखिएको छ । नगर क्षेत्रका सबै वडामा मोबाइल फोन सेवाको सुविधा पुगेता पनि कतिपय स्थानमा नेटवर्क टावर नदेखाउने हुनाले शत प्रतिशत पहुँच पुगेको भन्न सक्ने अवस्था छैन । नेपाल टेलिकमको अप्टिकल फाइबर विस्तार हुन नसक्दा इन्टरनेट सुविधा कमजोर छ तर निजी ईन्टरनेट सेवा प्रदायक मार्फत सबै वडास्तरबाट प्रवाह हुने अनलाइन सेवाहरू सबै वडाहरूमा चुस्त रहेको छ ।

नगरपालिकामा पत्रपत्रिका तथा एफ.एम.स्टेशनहरूले सञ्चार सुविधा पुर्‍याएका छन् । यस नगरपालिकाबाट दैनिक रूपमा १ वटा पत्रपत्रिका प्रकाशन हुने गर्छन् भने १ वटा एफ.एम.ले नगरबासीलाई सूचना प्रवाह गरिरहेका छन् । त्यसै गरी टेलिभिजन, केवल नेटवर्क, र इन्टरनेटको सरल पहुँचका कारण सूचना तथा संचार विकास दिनानुदिन बढ्दै गइरहेको छ ।

### ५.४.२ समस्या तथा चुनौती

भौगोलिक बिकटताले गर्दा सूचना तथा सञ्चार प्रविधिको विस्तारलाई ग्रामिण वडासम्म द्रुतता दिन समस्या भएको छ । सार्वजनिक सेवा प्रवाहमा सूचना प्रविधिको पर्याप्त उपयोग हुन सकेको छैन । सूचना तथा सञ्चारको संरचनागत विकासका पूर्वाधारमा कमी देखिन्छ । सूचना प्रविधिको विकास र साईवर सुरक्षाको लागि पर्याप्त संरचनागत व्यवस्था भएको भने छैन । केही स्थानहरूमा मोबाइल नेटवर्क अनियमित तथा ज्यादै कमजोर भएकाले सेवा प्रयोग एवं वडा कार्यालयको सेवा प्रवाहमा समेत बाधा पुगेको छ । बजार केन्द्रित विद्यालयहरू बाहेक वडा नं. ९,१० र ११ को विकट ठँउमा रहेका विद्यालयहरूले इन्टरनेटको अभावमा अनलाईन कक्षा सञ्चालन गर्न सकिरहेका छैनन् ।

अप्टिकल फाइबर विस्तारमा गति दिने कार्य, सूचना तथा सञ्चार क्षेत्रमा विकसित नवीनतम प्रविधि समय सापेक्ष प्रयोगमा ल्याउने कार्य, विद्युत प्रसारण भरपर्दो बनाउने कार्य, नगर क्षेत्रको ऐतिहासिक महत्वका वस्तु र सेवाहरूलाई डिजिटल अर्काइभमा सुरक्षित राख्ने कार्य, साइवर सुरक्षा सम्वन्धी संस्थागत संरचना तयार गरी आम जनतामा यस सम्वन्धी जनचेतना अभिवृद्धि गर्ने कार्य, र सामाजिक सञ्जालको बृद्धिसँगै यसमा बढ्दै गएको दुरूपयोग तथा विकृतिलाई रोक्ने कार्य चुनौती पूर्ण देखिएको छ ।

### ५.४.३ सोच

सूचना, सञ्चार तथा प्रविधिको समुचित विस्तार, प्रविधि मैत्री कालिकाको आधार ।

### ५.४.४ उद्देश्य

- आम सञ्चार माध्यमलाई स्वच्छ, सक्षम, निष्पक्ष, मर्यादित, विश्वसनीय बनाई सूचना तथा सञ्चार प्रविधि र सेवाहरू सबै नागरिकको पहुँचमा पुर्‍याउनु ।
- सूचना तथा सञ्चार प्रविधिको सेवालाई सर्वसुलभ, गुणस्तरीय र भरपर्दो बनाई प्रविधिको उच्चतम सेवा प्रयोग गर्नु ।

### ५.४.५ रणनीतिहरू

- सूचना तथा सञ्चार प्रविधि सम्बन्धी नयाँ खोज तथा अनुसन्धान र विकासको लागि कानुनी आधार तयार गर्ने।
- बजार तथा चलचित्र क्षेत्रको पूर्वाधार विकास गरी उद्योगको रूपमा विकास तथा प्रवर्द्धन गर्ने ।
- समग्र प्रविधिका विकासका लागि डिजिटाइजेसन मार्फत् सामाजिक, आर्थिक र शासकीय व्यवस्थामा सुधार गर्ने।
- सूचना तथा सञ्चार सेवालाई प्रतिस्पर्धी, मर्यादित, सर्वसुलभ तथा नियमित पहुँचको स्थापना गरी सूचना प्रविधिको उच्चतम सेवा प्रयोग गर्ने ।
- सूचनामा सम्पूर्ण नागरिकहरूको पहुँच र सञ्चार प्रविधिको उच्चतम प्रयोगको सुनिश्चितता गर्ने ।

### ५.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

कालिका नगरपालिकाको आवाधिक योजनाले लिइएको समष्टिगत लक्ष्य तथा उद्धेश्यका आधारमा तयार गरिएको सूचक तथा लक्ष्य तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ३२ सूचना तथा सञ्चार प्रविधि उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| सूचक/लक्ष्य | एकाई | २०७९/०८० सम्मको उपलब्धि | २०८०/०८१ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| नेट जडान घरधुरी | प्रतिशत | ७० | ७५ | ८० | ९० | ९५ |
| ल्याण्डलाइन टेलिफोन सुविधा | प्रतिशत | ६० | ७० | ७५ | ८० | ८५ |
| मोबाइल प्रयोगकर्ता | प्रतिशत | ८० | ८५ | ९० | ९० | ९० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| सि.सि.क्यामेरा जडान भएका सार्वजनिक स्थल रहेका वडा | संख्या | ७ | ८ | ११ | ११ | ११ |
| सूचना प्रविधि प्रयोग गर्ने सार्वजनिक संस्था उद्योग, व्यापार, व्यवसायहरु तथा अन्य संस्था | प्रतिशत | ७० | ७५ | ८० | ८५ | ९० |
| पत्रकार संख्या | | ७ | ८ | १० | १२ | १४ |
| विद्यालय लगायत सार्वजनिक भवन तथा कार्यालयहरुमा इन्टरनेट सेवा सुचारु | प्रतिशत | ८० | ८५ | ९० | ९५ | ९५ |
| विद्युतीय हाजिरी भएको सामुदायिक विद्यालय | प्रतिशत | ७० | ७५ | ७८ | ८२ | ८८ |
| स्थानीय स्तरमा संचालित एफएम रेडियो | संख्या | ० | ० | ० | ० | १ |

### ५.४.७ सूचना तथा सञ्चार प्रविधि क्षेत्रको कार्यक्रमहरुको संक्षिप्त विवरण

**तालिका ३३ सूचना तथा सञ्चार प्रविधि उपक्षेत्रको कार्यक्रमहरूको संक्षिप्त विवरण**

| कार्यक्रम/आयोजना | उद्धेश्य | आयोजना अवधि | लागत(हजारमा) | आगामी ३ बर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|
| सुचना प्रणाली सफ्टवेयर सञ्चालन, प्रविधि मैत्री शासन प्रबद्धन कार्यक्रम | विद्युतीय सुशासन प्रवर्द्धन गर्नु । | सालवसाली | ७५०० | नगरभित्रका आवश्यक विषय तथा क्षेत्रहरूमा सफ्टवेयर प्रणालीको जडान भएको हुनेछ । |
| सूचना प्रविधि केन्द्र | नगरवासिहरूमा सूचना प्रविधि सम्वन्धी ज्ञानको विस्तार गर्नु | सालवसाली | ४५५० | नगरवासीहरूले सूचना प्रविधि सम्बन्धी ज्ञान प्राप्त गरेका हुनेछन् । |

### ५.४.८ जोखिम पक्ष तथा पूर्वानुमान

इन्टरनेट सेवामा सबैको पहुँच कायम हुनेछ । विधुतिय सुशासन प्रबर्द्धन भएको हुनेछ । सचेतनाको कमीले साइवर अपराध जस्ता घटनाहरु घटी अपेक्षित उपलब्धि हासिल गर्न जोखिम देखिन्छ ।

# परिच्छेद:६- वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र

यस परिच्छेदमा वन तथा भूसंरक्षण, वातावरण तथा फोहोरमैला व्यवस्थापन र विपद जोखिम व्यवस्थापन लगायतका उप क्षेत्रहरुको पृष्ठभूमि, समस्या तथा चुनौती, लक्ष्य, रणनीति, नतिजा खाका त्रिवर्षीय खर्च तथा स्रोत अनुमान तथा कार्यक्रम र पूर्वानुमान तथा जोखिम पक्षहरु समावेश गरिएको छ ।

## ६.१ वन, भू-संरक्षण तथा जैविक विविधता

### ६.१.१ पृष्ठभूमि

नेपालको कुल क्षेत्रफलको ४४.७४ प्रतिशत जमिन वन क्षेत्रले ढाकेको छ। पर्यावरणीय सन्तुलनका दृष्टिकोणले कुल जमिनको ४० प्रतिशत जमिन वन क्षेत्रले ढाकिएको हुनुपर्दछ । कालिका नगरपालिकाको कुल क्षेत्रफल ५३.४७ वर्ग कि.मी. मध्ये करिब २१.३ % वन तथा घाँसेमैदान ले ढाकेको छ । पालिकामा रहेका सामुदायिक वनहरु स्थानीय वन उपभोक्ता समुहद्वारा संरक्षण तथा व्यवस्थापन हुदै आइरहेका छन् । हाल पालिकामा २२ सामुदायिक रहेका छन् जसले करिव १३४५ हेक्टर वन क्षेत्र ओगटेको छ । यि २२ वटा सामुदायिक वनमा २२९३ परिवार आवद्द रहेको देखिन्छ । यी समुहले वनको संरक्षण लागि वृक्षारोपण गर्ने , आगलागीबाट बचाउन अग्निरेखा निर्माण गर्ने, समुहका सदस्यहरुबीच बचत तथ्ता ऋण लगानी गर्ने तथा घास, दाउरा, काठ, स्याउला, पत्कर, जडिबुटी, चरिचरन आदिको प्रयोग गरिरहेका छन्

यहाँको वन क्षेत्रमा पाइने मुख्य वनस्पतिमा उत्तिस, सल्लो, लोठ सल्लो, पहेले, काभ्रो, खन्यु, चुथ्रो, गुराँस, फुस्रे, लोत्का, खयर, अर्घेली, बर, पिपल, बराठ, कुटमिरो, बदहर, रुद्राक्ष, चिलाउने, सिमल, साल, बेल आदि हुन् । यहाँका वन क्षेत्रमा अमला, हर्रो, बर्रो, चिराईतो, पाखनबेद, टिमुर, ठुलो ओखती, बोझो, तितेपाती, मजिटो, कुरिलो, जस्ता जडिबुटी पाईन्छ । त्यसैगरी पशुपन्छीमा निगाले बाघ, बाँदर, खरायो, दुम्सी, स्याल, घोरल, सालक, मृग, थार, निगाले, चितुवा, घस्रने जनावरमा सर्प, पानी सर्प, गोहोरो, भ्यागुता, कछुवा, पाईन्छन । चराचुरुंगीमा कोइली, कालिज, ढुकुर, न्याउली, लुइचे, काग, बट्टाई, भ्याकुर, रुपी, भंगेरा, गौथली तथा अनेकौ किटपतंगहरु पाईन्छ । कालिका नगरपालिकामा मौसमी विविधता हुनाले नगरपालिका जैविक विविधताका दृष्टिले धनी रहेको पाईन्छ ।

### ६.१.२ समस्या तथा चुनौती

वन जंगलको फडानी, अतिक्रमण, अनियन्त्रित बसोवास, अनियन्त्रित मानवीय गतिविधिहरुका कारण बाढीको जोखिम दिनुनुदिन बढ्दै गएको छ । वनको उचित व्यवस्थापनको अभावले सामाजिक, आर्थिक र वातावरणीय फाइदाहरु लिन सकिएको छैन । वन क्षेत्रको अतिक्रमण हुने क्रम जारी रहेको छ ।अनावश्यक झाडी फैलिएकाले काष्ठजन्य बोटविरुवाहरु नास भइरहेका छन

कालिका नगरपालिका बासीहरुमा वातावरण प्रति न्यून चासो र योजना तथा प्रभावकारी वन व्यवस्थापन हुन नसक्दा वनबाट वातावरणीय तथा आर्थिक फाइदाहरु लिन सकिएको छैन ।अहिले मानिसहरुलाई वनको फाइदाबारे चेतना नभएर जथाभावी वन कटान गर्ने, वृक्षारोपण नगर्ने, वन संरक्षण नगर्ने, जथाभावी जनावरहरु छोड्ने गरेका छन् । पहिरो, नदी कटान र डडेलोको कारण वन विनास भईरहेको छ ।कतिपय सामुदायिक वनहरु अकाष्ठ बोट विरुवाहरुले ढाकेको छ । अनावश्यक झाडीले बोटविरुवाहरुलाई असर गरिरहेको छ ।वन विनासले पानीका मूलहरु सुकिरहेका छन् ।डढेलो, भूक्षयले पनि वन विनास भइरहेको छ त्यसैले डढेलो, भू—क्षय नियन्त्रणको उपायहरु खोज्न आवश्यक छ ।यसैगरी, वनको अध्ययन गरेर भौगोलिकता अनुसार आयआर्जन हुने वन पैदावर रोपेर वनलाई आर्थिक स्रोतको रुपमा प्रयोगगर्न सक्नुपर्दछ ।

वन्यजन्तुको चोरी शिकारी बढ्दो र वन्यजन्तुले नष्ट गरेको बालीको क्षतिपूर्तिको व्यवस्था कुनै पक्षबाट भएको छैन । वन्यजन्तुहरुको नियन्त्रण गर्न आवश्यक देखिएको छ । वन्यजन्तुको नियन्त्रण गर्ने भरपर्दो उपायको खोजी नगरी कृषिमा व्यवसायिकरणको नारा र लगानीले सार्थकता पाउँदैन् ।

### ६.१.३ सोच

"दीगो, सन्तुलित, उत्पादनशील वन र जैविक विविधता"

### ६.१.४ उद्देश्य

- वन र वनको महत्व बारे आम मानिसलाई सचेतना अभिबृद्दि गरी वन संरक्षणमा सहभागि हुन उत्प्रेरित गर्ने।
- प्रभावकारी वन व्यवस्थापनको माध्यामद्धारा वन उपभोक्ताको आयश्रोत बृद्धि गर्ने ।
- वन, जैविक विविधता तथा जलाधार क्षेत्रको दिगो संरक्षण, व्यवस्थापन र परिचालन गर्ने ।

### ६.१.५ रणनीतिहरू

- वनको प्रभावकारी व्यवस्थापन गर्ने ।
- विपन्न तथा निम्न आय स्तरका जनताको सामुदायिक वनमा आवद्धता वृद्धि गर्ने ।
- वनको दिगो र पर्यावरणमैत्री विकास गरिनेछ ।
- फलफूल तथा जडिवुटी वन विकास कार्यक्रम लागु गरिनेछ ।
- जैविक विविधताको उपयोग र महत्व बारे आम समुदायलाई सुसुचित गरिनेछ ।

### ६.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

कालिका नगरपालिकाको आवाधिक योजनाले लिइएको समष्टिगत लक्ष्य तथा उद्धेश्यका आधारमा तयार गरिएको सूचक तथा लक्ष्य तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ३४ वन, भुसंरक्षण तथा जैविक विविधता उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| सूचक/लक्ष्य | एकाई | २०७९/०८० सम्मको उपलब्धि | २०८०/०८१ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| वनले ढाकिएको क्षेत्र | प्रतिशत | २१.३ | २२ | २४ | २४ | २४ |
| सामुदायीक वन | हेक्टर | १३४५ | १३४५ | १३५० | १३६० | १३६५ |
| पार्क तथा उद्यान रहेका वडा | संख्या | ११ | ११ | ११ | ११ | ११ |
| नदी नियन्त्रणका लागी गरिएको बाँध | संख्या | ३ | ५ | ५ | ७ | ७ |
| बाँढी संवेदनशील क्षेत्र रहेका वडा | संख्या | ६ | ५ | ३ | २ | १ |

### ६.१.७ वन, भूसंरक्षण तथा जैविक विविधता क्षेत्रको कार्यक्रमहरुको संक्षिप्त विवरण

**तालिका ३५ वन,भुसंरक्षण तथा जैविक विविधता उपक्षेत्रको कार्यक्रमहरूको संक्षिप्त विवरण**

| कार्यक्रम/आयोजना | उद्धेश्य | आयोजना अवधि | लागत(हजारमा) | आगामी ३ बर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|
| वन तथा जैविक विविधता, भूसंरक्षण सम्बन्धी अध्ययन,अनुसन्धान तथा सालबसाली कार्यक्रम | वन तथा जैविक विविधता, जलवायु परिवर्तनन्यूनीकरणको लागि आवश्यक अध्ययन गर्ने | सालवसाली | ४५०० | सामुदायीक वन तथा सार्वजनिक स्थलहरुमा १५००० वृक्षरोपण भएको हुनेछ । |

### ६.१.८ जोखिम व्यवस्थापन तथा पूर्वानुमान

वन भूसंरक्षण तथा जैविक विविधता क्षेत्रको कार्यक्रममा अन्तरसरकार साझेदार र सहकार्यमा वृद्धि भएको हुनेछ । खुला स्थानमा बृक्षरोपण तथा निजी तथा ब्यवसायिक वागवानी विस्तार गरी वातावरण सुधार तथा जैविक विविधता संरक्षण भएको हुनेछ । उपरोक्त परिवेश तयार हुन नसके अपेक्षित नतिजा हासिल गर्न जोखिम रहन्छ ।

## ६.२ वातावरण तथा फोहोरमैला व्यवस्थापन

### ६.२.१ पृष्ठभूमि

भर्खरै मात्र ग्रामीण परिवेशबाट सहरी परिवेशमा उन्मूख रहँदै गर्दा यस पालिकाका केही मुख्य बजारहरुमा फोहोरको मात्रा बढ्ने क्रम तिव्र रुपमा बढेको देखिन्छ । ग्रामीण परिवेश बढी क्षेत्र भएकोले यहाँको वातावरण स्वच्छ, सफा र आकर्षक रहेको छ । हरियाली, खेतीयोग्य फाँटहरु, रमणिय पहाड र हरिया वनले ज्यादै सुन्दर वातावरण रहेको छ । शहरी क्षेत्रमा जस्तो फोहोरमैलाको समस्या नै देखिन्दैन यद्यपी फोहोर मैलाको व्यवस्थापन तर्फ नसोचिएको अवस्था छ । फोहोर मैला दिनानुदिन बढीरहेको छ । कुहिने फोहोर भन्दा नकुहिने फोहोरको समस्या बढ्दो छ । यसले बालीनालीको उत्पादकत्व घटाउन, वातावरणलाई प्रदुषित गर्न र स्वच्छ वातावरणलाई चुनौती दिइरहेको छ ।सडक छेउका बजार र बस्तीहरुमा फोहोर मैलाको व्यवस्थापन नभएको देखिन्छ । हालसम्म फोहोरलाई खासै महत्व नदिएको देखिन्छ । विस्तारै सहरीकरण हुने क्रम जारी रहेकोले अहिले नै फोहोर व्यवस्थापनका कदमहरु चाल्नु पर्नेछ तर त्यसो हुन सकिरहेको छैन ।

### ६.२.२ समस्या तथा चुनौती

नगरपालिकाले हालसम्म कुनै पनि ल्यान्डफिल साइट तथा फोहर संकलन केन्द्रहरु, फोहर संकलनको व्यवस्थापन गरिएको छैन् । यहाँका मानिसहरुमा कुहिने, नकुहिने फोहर छुट्याउने, पुनः प्रयोग गर्ने र फोहर निश्चित ठाँउमा फाल्ने कुराको सचेतनाको अभाव छ । फोहरहरु खोला तथा वन क्षेत्रमा यत्रतत्र फाल्ने प्रवृति बढी देखिन्छ । प्लास्टिकजन्य फोहरलाई नियन्त्रण गर्ने र पुनः प्रयोग गर्न मिल्ने फोहरलाई प्रयोग गरेमा पनि फोहरको मात्रा निकै कम हुन्छ । वातावरणीय हिसावले अतिसंवेदनशिल क्षेत्रहरुको पहिचान र पहिचान गरिएका क्षेत्रहरुको समेत संरक्षण गर्नु नसक्नु मुख्य समस्याको रुपमा रहेको छ ।

### ६.२.३ सोच

“स्वच्छ वातावरण, सुन्दर कालिका”

### ६.२.४ उद्देश्य

- वातावरण संरक्षणका लागि हरियाली प्रवर्द्धन गतिविधि सञ्चालन गर्ने ।
- फोहोर मैलाको व्यवस्थित व्यवस्थपनको लागि उपायहरु पहिचान गर्ने

### ६.२.५ रणनीतिहरू

- हरियाली प्रवर्द्धनका लागि खालि जमिनमा बृक्षारोपण, भूक्षय, पहिरो र नदी कटान रोकथाम गर्ने ।
- स्रोतमै फोहोरको बर्गिकरण गर्न र जथाभावि फोहोर नफाल्न सबैलाई सचेत गर्ने ।

### ६.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

कालिका नगरपालिकाको आवाधिक योजनाले लिइएको समष्टिगत लक्ष्य तथा उद्धेश्यका आधारमा तयार गरिएको सूचक तथा लक्ष्य तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ३६ वातावरण तथा फोहोरमैला व्यवस्थापन उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| सूचक/लक्ष्य | एकाई | २०७९/०८० सम्मको उपलब्धि | २०८०/०८१ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| फोहोर संकलन साधन | संख्या | ० | ० | ० | १ | १ |
| ल्यान्डफिल्ड साइट | संख्या | ० | ० | ० | ० | १ |
| आधुनिक सरसफाई सुविधा प्रयोग गर्ने परिवार | प्रतिशत | १० | १० | १२ | १३ | १५ |
| शौचालय प्रयोग गर्ने जनसंख्या | प्रतिशत | ९५ | ९८ | ९८ | ९९ | ९९ |
| फोहोरमैला वर्गिकरण तथा व्यवस्थापन गर्ने घरपरिवार | संख्या | १५ | १५ | २० | २५ | ३० |

## ६.२.७ वातावरण तथा फोहोरमैला व्यवस्थापन क्षेत्रको कार्यक्रमहरुको संक्षिप्त विवरण

**तालिका ३७ वातावरण तथा फोहोरमैला व्यवस्थापन उपक्षेत्रको कार्यक्रमहरूको संक्षिप्त विवरण**

| कार्यक्रम/आयोजना | उद्धेश्य | आयोजना अवधि | लागत(हजारमा) | आगामी ३ बर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|
| ल्याडफिल साईट निर्माण एवम सञ्चालन | फोहोर व्यवस्थापन गरी वातावरण स्वच्छता कायम गर्न | सालवसाली | ४५०० | फोहोरमैला व्यवस्थापन भएको हुनेछ । |
| कम्पोष्ट विन वितरण तथा अभिमुखीकरण कार्यक्रम | घरबाट उत्पादन हुने फोहोरलाई वर्गिकरण गरि जैविक मल बनाउन | सालवसाली | ८०० | घरबाट उत्पादन हुने फोहोरमैलाको व्यवस्थापन भएको हुनेछ । |
| फोहोरमैला व्यवस्थापन कार्यक्रम | वातावरणीय सरसफाई प्रबद्धन | सालवसाली सालवसाली | ३५० | हरेक टोलमा वातावरणीय सरफाईमा सुधार आएको हुनेछ । |

## ६.२.८ जोखिम पक्ष तथा पूर्वानुमान

फोहोरमैला व्यवस्थापन सम्वन्धि नीतिगत व्यवस्था भई यसको प्रभावकारी व्यवस्थापन हुनेछ । फोहोरमैला सम्वन्धमा रहेको पुरातन मानवीय व्यवहारमा परिवर्तनमा आउने जटिलताका कारण समयमा सरद ढंगले व्यवस्थापन हुन जोखिम रहन सक्छ ।

## ६.३ विपद् जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकूल

### ६.३.१ पृष्ठभूमि

यस नगरपालिकामा प्राकृतिक प्रकोपका दृष्टिले जोखिमयुक्त स्थानहरू धेरै रहेका छन् । बाढी, पहिरो, आगलागी, हावाहुरी यहाँका प्रमुख प्राकृतिक प्रकोपहरू हुन । यस्ता प्रकोपको नियन्त्रणको लागि कुनै ठोस कदम चालिएको छैन । यद्यपी सडक छेउको पहिरो जोखिम क्षेत्रमा ग्याविन वाल बनाउने, सामुदायिक वनहरूमा अग्नी घेरा निर्माण गर्ने, सुकेका काठ तथा पत्कर सफा गर्ने, वृक्षारोपण गर्ने, नदि नियन्त्रण गर्ने जस्ता जोखिम न्यूनीकरणका प्रयास हुदै आइरहेका छन् ।

स्थानीयका अनुसार अन्य स्थानमा जस्तै यस बेमौसमी पानी पर्ने, बालीनाली पाक्ने समयमा परिवर्तन, फुल फुल्ने समयमा परिवर्तन, पानीका मुल सुक्दै जानु, नयाँ- नयाँ प्रजातिका फल फल्ने तथा स्थानीय रैथाने जातिका विउ विजन हराउदै गएका, कृषि तथा पशुमा नयाँ रोग देखिनु जस्ता जलवायु परिवर्तनका प्रभाब देखिदै गईरहेका छन् ।

जलवायु परिर्वतनको बारेमा सचेतना, जलवायु परिर्वतनको बारेमा मापन गर्ने तरिका र स्थानीय समुदायले जलवायु परिर्वतन अनुकूलनको लागि अपनाएको ज्ञान र सीप बारेमा अध्ययन गर्ने, अनुकूलन योजना कार्यान्वयनको लागि सम्बन्धीत निकायहरुसँग सहकार्य र समन्वय राख्ने । हाल सम्म हामीले गरि आएका कार्यहरु जलवायु अनुकुलनको कोणबाट हेर्ने गरिएको छैन भने दीगो विकासका लक्ष्य आत्मसात् गर्ने हो भने जलवायू परिवर्तनका कारक तत्वहरुको न्यूनीकरण र विद्यमान असरहरुको न्यूनीकरण गर्नु अत्यावश्यक छ । मानिस, जीवजन्तु, बालीनालीमा विभिन्न नयाँ रोगहरु देखा पर्न थालेको छ । साथसाथै यहाँ पहिरो तथा भू-क्षयको जोखिम पनि धेरै भएको कारणले यहाँका बस्ती सार्नु पर्ने देखिन्छ । त्यसैले जलबायु परिर्वतन मापन, अनुकुलन योजना हुनु अत्यन्त आवश्यक छ ।

### ६.३.२ समस्या तथा चुनौती

बाढी, पहिरो, आगलागी, हावाहुरी यहाँका प्रमुख प्राकृतिक प्रकोपहरू हुन । यो पालिकामा सबैभन्दा बढी जोखिम बाढीकै रहेको छ । भिरालो पहाडी जमिन भएकोले भूक्षय धेरै हुने गरेको छ । जलबायु परिवर्तनले खेतीपाती बालीनालीमा धेरै परिवर्तन आएको छ । बालीनालीमा धेरै प्रकारका रोग र समस्या आएका छन् । जलबायु परिवर्तन र त्यसले पारिरहेको समस्याका बारेमा आम मानिसमा न्यून ज्ञान र सूचनाको अभाव रहेको छ । जलबायु परिवर्तनसँग समायोजनको योजनाको खाँचो रहेको छ । परम्परागत र आधुनिक वा व्यवसायिक खेती प्रणालीको मिश्रीत रुपमा लागु भई रहेको छ । स्थानीय विउ, विजनहरु हराउँदै गएका र आयातित विउ, मलमा भर पर्ने परेको छ । स्थानीय रैथाने विउ, प्रविधि र ज्ञानको संरक्षण हुन वा गर्न सकिएको छैन ।

### ६.३.३ सोच

सुरक्षित बस्ति विकास र जलबायु अनुकुलनताका लागि वातावरण मैत्री गतिविधि

### ६.३.४ उद्देश्य

- पालिकाका सबै संवेदनशिल र असुरक्षित बस्तीहरुको पहिचान गरी तिनलाई स्थानान्तरण र व्यवस्थित गर्ने ।
- विपद् व्यवस्थापन योजना र त्यसको प्रभावकारी कार्यान्वयनमा जोड गर्ने ।
- जलबायु परिवर्तन बारे सुचना प्रणाली विकास गर्ने ।

### ६.३.५ रणनीतिहरू

- संवेदनशिलताका आधारमा विकासलाई नियोजित गरिने साथै जोखिम क्षेत्रका बस्ती स्थानान्तरण योजना तर्जुमा गर्ने ।
- विपद् व्यवस्थापनमा समुदाय र संस्थागत सहभागिता र परिचालनमा जोड दिने ।

- जलबायु परिवर्तनको सूचना संकलन तथा अनुकुलन कार्य गर्नमा समुदायलाई उत्प्रेरणा दिने ।
- जलबायु अनुकुलनका लागि प्रतिकारात्कम कार्य गर्ने ।

### ६.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

कालिका नगरपालिकाको आवाधिक योजनाले लिइएको समष्टिगत लक्ष्य तथा उद्धेश्यका आधारमा तयार गरिएको सूचक तथा लक्ष्य तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ३८ विपद् व्यवस्थापन तथा जलवायू परिवर्तन अनुकूल उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| सूचक/लक्ष्य | एकाई | २०७९/०८० सम्मको उपलब्धि | २०८०/०८१ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| सुरक्षित खुल्ला स्थान रहेका वडा | संख्या | ११ | ११ | ११ | ११ | ११ |
| विपद सम्भाव्य स्थानमा वसोवास गर्ने परिवार | प्रतिशत | ४.५ | ४.० | ३.५७ | ३.५ | ३ |
| विपदवाट व्यवस्थापनको लागी विनियोजित | लाखमा | ६० | ६५ | ६८ | ७० | ७५ |
| विपद व्यवस्थापनको लागि स्थानीय कोष | संख्या | १२ | १२ | १२ | १२ | १२ |
| विपद व्यवस्थापन तथा जलवायू अनुकुलनको क्रियाशील समिति रहेको वडा | संख्या | ११ | ११ | ११ | ११ | ११ |

### ६.३.७ विपद व्यवस्थापन तथा जलवायू परिवर्तन अनुकुलन क्षेत्रको कार्यक्रमहरुको संक्षिप्त विवरण

**तालिका ३९ विपद् व्यवस्थापन तथा जलवायू परिवर्तन अनुकूलन उपक्षेत्रको कार्यक्रमहरूको संक्षिप्त विवरण**

| कार्यक्रम/आयोजना | उद्धेश्य | आयोजना अवधि | लागत(हजारमा) | आगामी ३ बर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|
| वन तथा जैविक विविधता, जलवायु परिवर्तन सम्बन्धी अध्ययन,अनुसन्धान तथा क्षमता अभिवृद्धि कार्यक्रम | वन तथा जैविक विविधता, जलवायु परिवर्तन न्यूनीकरणको लागि आवश्यक अध्ययन गर्न | सालवसाली | १५०० | वन तथा जैविक विविधता, जलवायु परिवर्तन न्यूनीकरणको लागि आवश्यक अध्ययन भई क्षमता अभिवृद्धि भएको हुनेछ । |
| विपद् व्यवस्थापन कोष | विपद् व्यवस्थापनका लागि आकस्मिक बजेट व्यवस्थापन गर्नु | सालवसाली | ५००० | विपद् वाट हुने क्षतिमा बार्षिक २० प्रतिशत कमी भएको हुनेछ । |

### ६.३.८ जोखिम पक्ष तथा पूर्वानूमान

नगरपालिकाको विपद पूर्वतयारी तथा प्रतिकार्य योजना तयार भई कार्यान्वयन भएको हुनेछ । विपद व्यवस्थापन र जलवायू परिवर्तन व्यवस्थापनमा अन्तर सरकार साझेदारी र सहकार्यमा वृद्धि भएको हुनेछ । प्राकृतिक प्रकोपबाट जुनसुकै बेला जस्तोसुकै विपद पर्न सक्ने जोखिम रहन्छ ।

# परिच्छेदः७-संस्थागत विकास तथा सुशासन क्षेत्र

संस्थागत विकास तथा सुशासन क्षेत्र अन्तरगत नीति, कानुन, न्याय तथा सुशासन, संगठन, मानव संशाधन तथा क्षमता विकास, स्रोत सुदृढिकरण तथा परिचालन, तथ्याङ्क तथा योजना व्यवस्थापन जस्ता उपक्षेत्रहरुको पृष्ठभूमि समस्या तथा चुनौती, लक्ष्य,रणनीति, नतिजा खाका, त्रिबर्षिय खर्च तथा स्रोत अनुमान, आयोजना तथा कार्यक्रम र पूर्वानूमान तथा जोखिम पक्षलाई समावेश गरिएको छ ।

## ७.१ नीति, कानून, न्याय तथा सुशासन

### ७.१.१ पृष्ठभूमि

यस नगरपालिकाले प्रशासकीय ऐन,शिक्षा ऐन,सहकारी ऐन, फोहोरमैला व्यवस्थापन ऐन, सस्था दर्ता ऐन लगायतका विषयमा ऐन, नियमावली, निर्देशिका, कार्यविधी र मापदण्ड प्रमाणीकरण र स्थानीय राजपत्रमा प्रकाशन भई कार्यान्वयनमा रहेका छन । विगत तीन आर्थिक वर्षको तथ्यांकअनुसार हालसम्म न्यायिक समितिमा जम्मा ७० वटा उजुरीहरू परेकामा निर्णय तथा मेलमिलाप गरी जम्मा ५६ मुद्दाहरू फछ्यौंट भएका, ११ ओटा मेलमिलाप केन्द्र तथा न्यायिक समितिमा विचाराधीन रहेको र ३ ओटा दरपिट र बाँकी तामेलीमा रहेका छन । सङघीय संरचना अनुसार गठित स्थानीय सरकार आफै संवैधानिक रुपमा अधिकार प्राप्त सार्वभौम सरकार भएकाले नगरपालिकाले पनि आफनो परिस्थिती अनुसारको संस्थागत संरचनाको निर्माण गरी शासकीय अवस्थालाई चुस्त बनाउन सक्ने देखिन्छ । नगरपालिकाको निर्णय प्रकृयामा स्थानीयको सहभागितालाई सुनिश्चित गर्न सूचना प्रणाली तथा सामाजिक सञ्जालको प्रयोगलाई बढवा दिन थालिएको छ ।

### ७.१.२ समस्या तथा चुनौती

- पारदर्शिता, जवाफदेहिता तथा उत्तरदायित्व अभिवृद्धि गर्न सार्वजनिक सुनुवाई तथा परीक्षण हुने गरेको भएपनि सेवा प्रबाहमा त्यस्को प्रभाव कम देखिनु, ।
- व्यवस्थित र प्रभावकारी सूचना प्रणाली नहुनु, जवाफदेहिता तथा पारदर्शितासँग जोडिएका समस्याहरु हुन ।
- आफनै कार्यालय नभएकाले सेवा प्रवाहका दृष्टिले जनमैत्री हुन नसक्नु, ।
- तर्जुमा भएका ऐन, नीति, नियम, कार्यविधिबारे सबै निर्वाचित जनप्रतिनिधि, वडा समिति, आम नागरिकलाई सूसूचीत गराउन र त्यसको परिपालना हुन सकिरहेको छैन ।

### ७.१.३ सोच

“पारदर्शी, जिम्मेवार र जवाफदेही नगरपालिका”

### ७.१.४ उद्देश्य

- सेवा प्रबाहलाई जनमूखी र नतिजामूखी गराउनु र सुशासनकालागि कानुनी र नीतिगत पूर्वाधार निर्माण गर्नु ।
- सार्वजनिक सेवालाई प्रभावकारी बनाउनु तथा गुणस्तरीय र प्रविधिमैत्री जनशक्तिको विकास गर्नु ।

### ७.१.५ रणनीति

- प्रशासनिक संयन्त्रको मनोवल उच्च राख्न आवश्यक नीतिगत व्यवस्था र त्यसको कार्यान्वयन तथा अनुगमन गर्ने,
- संघिय, प्रादेशिक र स्थानीय ऐन कानूनको परिपालनाबाट सेवाप्रवाहमा प्रभावकारीता एवं सुशासन अभिवृद्धि गर्ने ।

### ७.१.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

कालिका नगरपालिकाको आवाधिक योजनाले लिइएको समष्टिगत लक्ष्य तथा उद्धेश्यका आधारमा तयार गरिएको सूचक तथा लक्ष्य तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ४० नीति, कानुन, न्याय तथा सुशासन उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक/लक्ष्य | एकाई | २०७९/०८० सम्मको उपलब्धि | २०८०/०८१ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| नगरपालिकाले स्वीकृत गरेका ऐन | संख्या | २६ | २६ | ३० | ३४ | ४० |
| नगरपालिकाले स्वीकृत गरेका नियम | संख्या | ६ | ६ | ९ | ११ | १३ |
| नगरपालिकाले स्वीकृत गरेका निर्देशिका, कार्यविधि र मापदण्ड | संख्या | ६२ | ६४ | ६७ | ७१ | ७३ |
| नगरपालिकाभित्रका नीतिगत समिति तथा संयन्त्र | संख्या | ६ | ६ | ८ | १० | १२ |

### ७.१.७ नीति, कानून, न्याय तथा सुशासन क्षेत्रको कार्यक्रमहरुको संक्षिप्त विवरण

तालिका ४१ नीति, कानून, न्याय तथा सुशासन उपक्षेत्रको कार्यक्रमहरूको संक्षिप्त विवरण

| कार्यक्रम/आयोजना | उद्धेश्य | आयोजना अवधि | लागत(हजारमा) | आगामी ३ बर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|
| नीति कानुन न्याय तथा सुशासन प्रवर्द्धन कार्यक्रम | सेवा प्रवाहमा नियमितता तथा कार्यदक्षता वनाउने | सालबसाली | ५००० | आवश्यक नीति तथा कानुन निर्माण भई सेवा प्रवाहामा प्रभावकारिता, नियमितता भएको हुनेछ |
| नियमित घुम्ती शिविर सञ्चालन | दुर्गम भेगका नगरवासीहरूलाई सहज तथा समान सेवाको पहँच दिलानु | सालवसाली | ३००० | दुर्गम भेगका नगरवासिहरुले सहज तथा समान सेवाको प्रत्याभुति गरेका हुनेछन । |
| उत्कृष्ट कर्मचारी पुरस्कार | कर्मचारी थप उत्प्रेरित गर्नु | सालवसाली | २०० | कर्मचारीहरू उत्प्रेरित भएका हुनेछन् । |
| न्यायिक सेवा कार्यक्रम | छिटो छरितो न्यायीक सेवा प्रदान गर्ने | सालवसाली | ९००० | न्यायीक सेवा प्रवाहामा सुधार भएको हुनेछ |

### ७.१.८ जोखिम पक्ष तथा पूर्वानूमान

नीति तथा कानुनको समय सापेक्ष परिमार्जन तथा कार्यान्वयनलाई प्राथमिकता दिइनेछ । जबाफदेही तथा पारदर्शि व्यवहारको प्रवर्द्धन हुन नसकेमा र न्यायिक समितिको कार्यवोझको कारण समयमा न्याय निरुपण हुन नसक्ने तथा नीति तथा कानून कार्यान्वयनमा समस्या आउन सक्नेछ ।

## ७.२ संगठन तथा क्षमता विकास, जनशक्ति व्यवस्थापन र सेवा प्रवाह

### ७.२.१ पृष्ठभूमि

नगरपालिकामा हाल रहेका प्रशासन, योजना, जिन्सी, लेखा, राजस्व, पूर्वाधार, नक्शा, शिक्षा, स्वास्थ्य, महिला बालबालिका तथा जेष्ठ नागरिक, पञ्जीकरण, गैसस, कृषि, पशुपंछी, सहकारी, आन्तरिक लेखा परीक्षण, वन वातावरण तथा विपद व्यवस्थापन, कानून र सूचना तथा प्रविधि शाखामा कर्मचारी कार्यरत रहेका छन । नगरपालिकाको जनशक्ति व्यवस्थापनका लागि संगठन तथा व्यवस्थापन सर्वे गरी संस्थागत संरचना निर्माण गर्ने लक्ष्य रहेको छ । नगरपालिकाका सबै वडा कार्यालयलाई भौतिक सुविधा सम्पन्न बन्दै गएकोछ ।

### ७.२.२ समस्या तथा चुनौती

संस्थागत संरचना, मानव स्रोत, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन पद्धति अवैज्ञानिक र परम्परागत देखिन्छ । शाखहरु बीचको समन्वयको कमी, जनशक्तिको परिचालन एवम सेवा र सुविधा गुणस्तरीय र कार्य सम्पादन नतिजामूखी हुन सकेको छैन ।

### ७.२.३ सोच

"क्षमतावान जनशक्ति, जनमुखी सेवा प्रवाह"

### ७.२.४ उद्देश्य

- छरितो संगठन संरचना, क्षमतावान जनशक्ति गुणस्तरीय सेवा प्रबाहको सुनिश्चित गर्नु ।

### ७.२.५ रणनीतिहरू

- संगठन तथा व्यवस्थापन सर्भेक्षण गरी चुस्त संगठन संरचना तयार गर्ने ।
- जनशक्तिको क्षमता विकास गरी स्मार्ट कर्मचारीको अवधारणा कार्यान्वयन गर्ने ।
- जनप्रतिनिधि र कर्मचारीको क्षमता विकास गरी सेवा प्रबाह र विकास प्रकृयालाई सहज तुल्याउने ।

### ७.२.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

कालिका नगरपालिकाको आवाधिक योजनाले लिइएको समष्टिगत लक्ष्य तथा उद्धेश्यका आधारमा तयार गरिएको सूचक तथा लक्ष्य तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४२ संगठन तथा क्षमता विकास, जनशक्ति व्यवस्थापन र सेवा प्रवाह उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| सूचक/लक्ष्य | एकाई | २०७९/०८० सम्मको उपलब्धि | २०८०/०८१ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| नगरपालिकाभित्र जवाफदेहीता, सहभागीता र प्रतिनिधिमुललक निर्णयको अभ्यास | प्रतिशत | ७० | ७५ | ८० | ९० | ९५ |
| मासिकरुपमा आम्दानी तथा खर्च सार्वजनीक गर्ने वडाहरु | संख्या | - | - | ११ | ११ | ११ |
| कार्यरत मानव संशाधन | संख्या | २०० | २०७ | २१५ | २२० | २३० |

### ७.२.७ संगठन तथा क्षमता विकास, जनशक्ति व्यवस्थापन र सेवा प्रवाह क्षेत्रको कार्यक्रमहरुको संक्षिप्त विवरण

तालिका ४३ संगठन तथा क्षमता विकास, जनशक्ति व्यवस्थापन र सेवा प्रवाह उपक्षेत्रको कार्यक्रमहरूको संक्षिप्त विवरण

| कार्यक्रम/आयोजना | उद्धेश्य | आयोजना अवधि | लागत(हजारमा) | आगामी ३ बर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|
| संगठन तथा व्यवस्थापन संर्वेक्षण | सेवा प्रवाह प्रभावकारी वनाउनु | सालबसाली | १२०७५ | जनअपेक्षा अनुसार सेवाप्रवाहा भएको हुनेछ |
| मानव शंशाधन, संगठन व्यवस्थापन र सेवा प्रवाह सुदृढिकरण सम्वन्धि कार्यक्रम | स्थानीय सेवा र कार्य सम्पादनमा अभिवृदि गर्नु | सालबसाली | ३५६५४० | कर्मचारीको कार्यसम्पादनमा सुधार भएको हुनेछ |

### ७.२.८ जोखिम पक्ष तथा पूर्वानुमान

यस नगरपालिकाले संघ प्रदेश तथा सरोकारवालाहरु को सहकार्यमा सुशासन तथा सेवा प्रवाह संगठन व्यवस्थापन तथा मानव संसाधन व्यवस्थापनमा गुणात्मक सुधार भएको हुनेछ । स्थानीय सरकारमा वृति तथा क्षमता विकास उत्पेरणाको कमिका कारण कर्मचारीको कार्यसम्पादनबाट अपेक्षित नतिजा आउन नसक्ने पनि जोखिम रहन सक्छ ।

## ७.३ राजस्व तथा श्रोत परिचालन

### ७.३.१ पृष्ठभूमि

राजस्व तथा श्रोत परिचालनको लागि विद्यमान कर, सेवा शुल्क तथा दस्तुरको दर घटाई दायरा बढाउने रणनीति लिई कार्यक्रम कार्यान्वयन गरिएको छ । नगरपालिकाद्धारा तर्जुमा भएका ऐन, नियम, निर्देशिकामा भएको व्यवस्था अनुसारका श्रोत परिचालनको अभ्यास रहेको छ । वेरुजु न्यूनीकरणका लागि नीति तथा कार्यक्रम निर्माण एवम लगानीमैत्री वातावरण बनाउन आवश्यक नीतिगत व्यवस्था गरिएको छ । राजस्व सुधार कार्ययोजना तर्जुमा तथा राजस्व परामर्श समितिको अध्ययन र सिफारिसका आधारमा कर तथा गैरकरको दर निर्धारण गरी आन्तरिक आय संकलन गरिएको छ । आन्तरिक राजस्व सुधार तथा अभिवृद्धि कार्यक्रम वित्तीय स्रोत परिचालन तथा पूजी निर्माण कार्यक्रम कार्यान्वयनमा रहेका छन ।

### ७.३.२ समस्या तथा चुनौती

विद्यमान कर प्रणाली व्यवहारिक नहुनु, पेश्की फछ्र्यौट नहुनु, बेरुजु अवस्था सुधारात्मक नहुनु, लेखा समितिबाट आन्तरिक लेखा परीक्षण नहुनु, नगरपालिकाको राजस्व संकलनको सम्भावना रहेता पनि करको दायरा विस्तार हुन नसक्नु कमजोरीका रुपमा रहेको छ । श्रोतको परिचालनमा मितव्ययिता तथा विनियोजन कुशलता यस क्षेत्रका चुनौतीहरु हुन ।

### ७.३.३ सोच

“सुदृढ, व्यवस्थित स्रोत परिचालन, प्रविधिमैत्री राजस्व प्रणाली”

### ७.३.४ उद्देश्य

- दिगो र भरपर्दो राजस्वको श्रोत निमार्ण गर्नु ।
- श्रोत परिचालनमा मितव्ययीता र कुशलता कायम गर्नु ।

### ७.३.५ रणनीतिहरू

- राजस्व सुधार कार्ययोजनाका आधारमा आन्तरिक राजस्वको दरमा पुनर्मूल्याङ्कन र दायरा विस्तार गर्ने ।
- आन्तरिक राजस्व प्रणालीलाई सुदृढ तुल्याउने ।
- मितव्ययी र चुस्त स्रोत परिचालनको मोडालिटी बनाउने ।
- अन्य तहको सरकारबाट हासिल हुने अनुदान लगायत अन्य सहयोग हासिल गर्न आवश्यक आधारहरु तयार गर्ने ।

### ७.३.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

कालिका नगरपालिकाको आवाधिक योजनाले लिइएको समष्टिगत लक्ष्य तथा उद्धेश्यका आधारमा तयार गरिएको सूचक तथा लक्ष्य तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४४ राजस्व तथा श्रोत परिचालन उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य**

| सूचक/लक्ष्य | एकाई | २०८०/०८१ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| कुल वार्षिक बजेट | रु हजारमा | **८३३६२०** | ९२९७७४ | ०९९८५६५ | १०५६७८० |
| वार्षिक आन्तरिक आय | रु हजारमा | **७१५००** | ७३५०० | ७८००० | ८२५०० |
| वार्षिक प्रतिव्यक्ति बजेट लगानी | रु | **१६०३२** | १७८८१ | १९२०४ | २०३२३ |
| बजेटमा आन्तरिक आयको हिस्सा | प्रतिशत | **८.५** | ७.९ | ७.८ | ७.८१ |

### ७.३.७ राजस्व तथा श्रोत परिचालन क्षेत्रको कार्यक्रमहरुको संक्षिप्त विवरण

**तालिका ४५ राजस्व तथा श्रोत परिचालन उपक्षेत्रको कार्यक्रमहरूको संक्षिप्त विवरण**

| कार्यक्रम/आयोजना | उद्धेश्य | आयोजना अवधि | लागत(हजारमा) | आगामी ३ बर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|
| राजस्व सूचना व्यवस्थापन तथा सुदृढीकरण कार्यक्रम | आन्तरिक तथा बाह्य स्रोत परिचालनमा बृद्धि गर्नु | सालवसाली | २०२५ | इ ट्याक्स सिस्टम लागु भई आन्तरिक आय तथा राजस्वमा बार्षिक रुपमा २० प्रतिशतले वृद्धि हुनेछ । |
| राजश्व सुधार कार्ययोजना निमार्ण | राजश्व स्रोत पहिचान गर्नु तथा राजश्व वृद्धि गर्न | सालवसाली | १६८२ | आन्तरिक राजस्वका सम्भावित क्षेत्रहरूको पहिचान भई राजश्वका स्रोत, क्षेत्र र दायरामा वृद्धि हुनेछ । |

### ७.३.८ जोखिम पक्ष तथा पूर्वानुमान

राजश्व सुधार योजना बमोजिम राजश्वको दर तथा दायरा विस्तार भएको हुनेछ । कर सम्बन्धी चेतना वृद्धि भएको हुनेछ । स्थानीय बासिन्दामा कर तथा सेवा शुल्क बाध्यकारी अवस्थामा बाहेक अरु समयमा सालबसाली रुपमा मात्र तिर्ने बानी भएकाले लक्ष्य अनुसारको राजश्व संकलन गर्न नसकिने जोखिम रहन सक्छ ।

## ७.४ तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन

### ७.४.१ पृष्ठभूमि

नगरपालिकाको विकासलाई दिगो समावेशी बनाउने मुख्य ध्येयले एकीकृत नगर विकास गुरुयोजना (२०७९-२०८४) तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ । विषयगत समितिहरु गठन भई ततसम्बन्धी विषयमा प्रभावकारी योजना तर्जुमा र कार्यान्वयन हुने गरेको छ । सेवाग्राही तथा लक्षित समुदाय र नागरिक समाजको अर्थपूर्ण सहभागितामा सहभागितामूलक योजना तर्जुमाको अभ्यास गरी नगरसभाबाट स्वीकृत नीति तथा बजेट र कार्यक्रमलाई बजेट पुस्तिका, वेवसाइट र सूचना पाटीमार्फत सार्वजनिक गर्ने अभ्यास भइरहेको छ । नगरस्तरीय योजना वैंक निर्माणका लागि अग्रसरता लिइएको छ । लाभलागत विश्लेषणका आधारमा योजनाको छनौट तथा कार्यान्वयन हुने गरेको छ । सङ्घीय ऐन तथा स्थानीय कार्यविधिअनुसार वार्षिक योजना तथा बजेट तर्जुमाको प्रकृया अवलम्बन गरी स्थानीय वस्तुगत विवरण, तथ्यांक र आवश्यकताको आधारमा योजना तर्जुमाको अभ्यास रहेको छ ।

### ७.४.२ समस्या तथा चुनौती

- नगरपालिकाको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य, प्राथमिकता तथा रणनीति बमोजिम योजना छनौट तथा कार्यान्वयन नहुनु,
- नियमित अवलोकन, निरीक्षण तथा अनुगमन प्रभाबकारी हुन नसकेको,।
- योजना तर्जुमा, वित्तीय व्यवस्थापन, लेखा परीक्षण र निर्णय प्रक्रियामा समावेशीता, सहभागिता र पारदर्शितामा सुधार हुननसकेको,।
- सेवा प्रवाह र कार्यसम्पादनमा अन्तरसरकार, निजी क्षेत्र र गैसस र समुदायमा आधारित संस्थासँग संयन्त्रको विकास गरी प्रभावकारी समन्वय, सहकार्य र साझेदारी हुनसकेको छैन ।

### ७.४.३ सोच

"नतिजामूखी योजना, उत्तरदायी विकास प्रशासन"

### ७.४.४ उद्देश्य

- योजना तर्जुमालाई तथ्यपरक, सहभागितामूलक र नतिजामूलक तुल्याउनु ।

### ७.४.५ रणनीतिहरू

- सहभागीतामुलक योजना तर्जुमा प्रक्रिया र छरितो तथा नतिजामुखी कार्यान्वयनलाई संस्थागत गर्ने ।
- योजना व्यवस्थापनको समग्र प्रकृयालाई छरितो र जनमूखी गराउने ।
- स्थानीय योजना तर्जुमा एवं कार्यान्वयनमा व्यापक जनसहभागितामार्फत स्थानीय आवश्यकताको दिगो समाधान गर्ने ।
- अनुगमन तथा मूलाङ्कन कार्यलाई नतिजामूलक र प्रभावकारी बनाउने ।
- स्थानीय तथ्याङ्क व्यवस्थापन प्रणालीलाई व्यवस्थित बनाउन डिजिटल प्रोफाइल तयारी तथा नियमित अद्यावधीकरण गर्ने।

### ७.४.६ नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

कालिका नगरपालिकाको आवाधिक योजनाले लिइएको समष्टिगत लक्ष्य तथा उद्धेश्यका आधारमा तयार गरिएको सूचक तथा लक्ष्य तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ४६ तथ्याङ्क,योजना तथा विकास उपक्षेत्रको नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| सूचक/लक्ष्य | एकाई | २०७९/०८० सम्मको उपलब्धि | २०८०/०८१ को अनुमानित उपलब्धि | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|---|
| | | | | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ |
| दिर्घकालपन योजना, मध्मकालिन योजना तथा गुरुयोजना | विषय | २ | ३ | ४ | ५ | ५ |
| समयमा सम्पन्न आयोजना तथा कार्यक्रम | प्रतिशत | ९० | ९५ | ९५ | ९५ | १०० |
| कुल योजनामा उपभोक्ता समितिबाट सम्पन्न आयोजना | प्रतिशत | २९४ | २७१ | २९० | ३०० | ३१० |
| प्रकाशित प्रतिवेदन दस्तावेज तथा ऐन नियमहरु | संख्या | ७० | ७५ | ८५ | ९० | ९५ |

## ७.४.७ तथ्याङ्क, योजना तथा विकास व्यवस्थापन क्षेत्रको कार्यक्रमहरुको संक्षिप्त विवरण


तालिका ४७ तथ्याङ्क,योजना तथा विकास उपक्षेत्रको कार्यक्रमहरूको संक्षिप्त विवरण

| कार्यक्रम/आयोजना | उद्धेश्य | आयोजना अवधि | लागत (हजारमा) | आगामी ३ बर्षको उपलब्धि सूचक |
|---|---|---|---|---|
| तथ्याङक योजना सुद्धढीकरण तथा विकास व्यवस्थापन कार्यक्रम | योजना तथा विकास कार्यक्रम लाइ वस्तुनिष्ठ, समावेशी, सहभागितामुलक तथा नतिजामुलक बनाउनु | सालबसाली | ४०६५ | बिषय तथा क्षेत्रगत योजना, गुरुयोजना, आयोजना बैंक, मध्यमकालीन खर्चसंरचना तर्जुमा भइ कार्यन्वयन भएको हुनेछ |

## ७.४.८ जोखिम पक्ष तथा पुर्वानूमान

तथ्याङ्क संकलन तथा अद्यावधीकरण र व्यवस्थापन प्रभावकारी भएको हुनेछ । स्थानीय तहको काम कर्तब्य तथा अधिकारका क्षेत्र असिमित भएककाले तथ्याङ्क व्यवस्थापन र नतिजामुलक विकास योजना तर्जुमा कार्यन्वयन अनुगमन तथा मूल्याङ्कन कार्यलाई संस्थागत गर्ने कार्य नविन एबंम जटिल प्रकृया भएकोले अपेक्षित नतिजा हासिल गर्नमा जोखिम रहन सक्छ ।

# कालिका नगरपालिका




कालिका नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय, रेडक्रसग्राम चितवन
फोनः ०५६-४१३१२७, ४१३१३४, ४१३१३५, ४१३१३६
Email: kalikanagarpalika@gmail.com
Facebook: facebook.com/kalika.municipality.1
Twitter: twitte.com/KanapaChitwan
Website: www.kalikamun.gov.np